Effu :- !

# २०५२ साल आषाढ २७ गते अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा अर्थमन्त्री भरतमोहन अधिकारीले सार्वजनिक जानकारीको लागि प्रस्तुत गर्नु भएको बजेट वक्तव्य

# आर्थिक बर्ष
# २०५२।५३

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०५२

(नोट : यस आर्थिक बर्षमा आषाढ २७ गते र आश्विन २९ गतेमा दुई पटक बजेट वक्तव्य भएको थियो । )

आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरु,

१ आगामी आर्थिक वर्ष २०५२।५३ को राजस्व र व्ययको अनुमान तथा कर प्रस्तावहरु श्री ५ महाराजाधिराज सरकारबाट अध्यादेशको रुपमा जारी भई सकेका छन् । उक्त अध्यादेश मार्फत जारी भएका राजस्व र व्यय सम्बन्धी मुख्य मुख्य पक्षहरुको बारेमा देश र जनतालाई जानकारी गराउने उद्देश्यले यो जानकारी वक्तव्य प्रस्तुत गर्न लागेको छु ।

२ वर्तमान सरकारको हालको प्रमुख दायित्व शान्तिपूर्ण स्वतन्त्र निष्पक्ष र धाँधलीरहित ढंगले प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउनु हो । साथै देशको सामाजिक र आर्थिक विकासको अभियानमा निर्वाचनका कारण कुनै अवरोध तथा वाधा व्यवधान आउन नदिनु पनि सरकारको उत्तिकै महत्वपूर्ण कर्तव्य र जिम्मेवारी हो । यसो हुन नसकेमा विकास निर्माणको कार्यहरु ओझेलमा परी मुलुकको विकास नै अबरुद्ध हुने र जनताका जीवनयापनका समस्याहरु झन् विकराल हुँदै जाने संभावना रहन्छ । त्यसैले श्री ५ को सरकार विगतका केही महिना यता प्रजातन्त्रको सुदृढीकरण, मानवाधिकारको रक्षा, देशमा अमन चयन र शान्ति सुव्यवस्था कायम राख्ने कार्यमा हासिल गरेका उपलब्धिहरु जगेर्ना र सुदृढ गर्दै मुलुकको आर्थिक तथा सामाजिक उन्नतिका लागि शुरु गरिएका विकास अभियानहरुलाई निरन्तरता दिन प्रतिवद्ध छ । यिनै पृष्ठभूमिहरुमा आर्थिक वर्ष २०५२।५३ को राजस्व तथा व्ययका अनुमानहरु एवं यी संग सम्बन्धित नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएका छन् । भोलि निर्वाचित हुने सरकारलाई विकास निर्माण कार्य अगाडि बढाउने दिशामा मार्ग प्रशस्त गर्न र बजेटबाट कुनै खास क्षेत्र तथा स्थान विशेष प्रभावित हुन नदिन समेत बजेटले अधिराज्यका २०५ वटै निर्वाचन क्षेत्रमा साधनको समुचित वितरण गराउनेतर्फ विशेष ध्यान दिएको छ ।

आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरु,

३ चालु आर्थिक वर्षको आय व्ययको विवरण संसदको आठौं अधिवेशनमा पेश गरिंदा नेकपा (एमाले) ले आफ्नो घोषणा पत्र मार्फत जनता सामु गरेका प्रतिवद्धता पुरा गर्ने तथा सामन्ती शोषण, उत्पीडन समाप्त गर्दै जनताको समृद्धिकालागि सवल राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने तर्फ बजेटलाई केन्द्रित गर्दै जाने कुरा इंगित गरेको थियो । यसै अनुरुप आर्थिक वर्षको मध्य भागमा आई ज्यादै छोटो अवधिमा अनगिन्ती अवरोधहरुको स्थितिमा बजेट तर्जूमा गर्दा पनि विकासलाई नयाँ दिशा दिने, साधन र अवसरहरुको पहुँच जनताको घर दैलोमा पुऱ्याउने प्रभावकारी आपूर्ति व्यवस्थापन तथा मूल्य नियन्त्रणद्वारा जनतालाई राहत दिने, उद्योग व्यवसायको सम्वर्द्धन र विकासकोलागि अनुकुल वातावरण तयार गर्ने तथा वेरोजगारी र गरीवी निवारण गर्दै जाने नीति तथा कार्यक्रमहरु बजेटमा प्रस्ताव गरिएका थिए । तदनुरुप वर्तमान सरकारले शासन सम्हालेको ७ महिनाकै अवधिमा कृषिमा रहेको सामन्ती उत्पीडन समाप्त गर्ने, सुकुम्बासी समस्या समाधान गर्ने, वँधुवा मजदुरहरुको मुक्ति तर्फ ठोस कार्यक्रम अगाडि ल्याउने, उपेक्षित तथा उत्पीडित जनजातिको जीवन स्तर माथि उठाउने, गाउँलाई विकासको केन्द्र विन्दू बनाउन आफ्नो गाउँ आफै बनाऔं कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने, शीपमूलक तालीम र रोजगारीका थप अवसरहरु श्रृजना गर्ने लगायतका कार्यक्रमहरु ल्याएको कुरा संपूर्ण दाजुभाई दिदी बहिनीहरुलाई अवगत नै छ ।

४ राजस्व परिचालनमा विशेष जोड दिई विकास निर्माणमा आन्तरिक साधनको योगदान बढाउने, भ्रष्टाचार, कमिशनतन्त्र र राजस्व चुहावट नियन्त्रण गर्दै बढी कुशलतापूर्वक आयोजनाहरुको कार्यान्वयनद्वारा सरकारी क्षेत्रको लागत घटाउने तथा अर्थतन्त्रको दिगो विकासका लागि उद्योग, व्यापार पर्यटन तथा वित्तीय क्षेत्रको प्रवर्द्धन गर्नेतर्फ श्री ५ को सरकारले आफ्नो ध्यान केन्द्रित गरेको तथ्य पनि सबैमा अवगत नै छ । वर्तमान सरकारले सत्ता सम्हाल्दा अध्यादेश बजेट कार्यन्वयनमा आइसकेबाट उक्त बजेटमा मौलिक परिवर्तन गर्न नमिल्ने तथा सदनमा अल्पमतको कारण प्रतिपक्षी राजनैतिक पार्टीहरुको समेत सहमतिका आधारमा बजेट कार्यान्वयनलाई अगाडि बढाउनु पर्ने स्थितिका बाबजुद पनि नेकपा (एमाले) को सरकार आफूले सत्ता सम्हालेको ७ महिनामा सवल अर्थतन्त्र निर्माणको आधार तयार पार्ने तथा जनताका जीवनयापनका समस्याहरु समाधान गर्न ठोस योगदान पुऱ्याउने खालका कार्यक्रमहरु कार्यान्वयन गर्नमा सफल हुन सकेको तथ्य सर्वविदितै छ ।

५ वर्तमान सरकारले सत्ता सम्हाल्दाको वखत देशमा बढ्दो गरीबी र बेरोजगारी, शहर तथा ग्रामीण क्षेत्र बीच बढ्दो असमानता, एवं पिछडिएका क्षेत्र तथा वर्ग विकासको प्रतिफल पाउनबाट बन्चित हुँदै जानुका अतिरिक्त अल्पकालीन तथा दीर्घकालीन दुवै दृष्टिकोणले अर्थतन्त्र जर्जर अवस्थाबाट गुज्रिरहेको एउटा चुनौतिपूर्ण स्थिति थियो । कूल गार्हस्थ उत्पादनको वृद्धिदर २.८ प्रतिशत भन्दा बढी ननाघ्ने स्थिति देखापरेको थियो । ऊनी गलैंचा र तयारी पोशाकको निर्यातमा आउँदै गरेको व्यापक ह्रासको कारण सम्पूर्ण निर्यात नै घट्ने चालु खाता घाटा बढ्ने र विदेशी मुद्रा संचिति क्रमशः ह्रास हुँदै जाने प्रवृत्तिहरु देखिएका थिए । त्यस्तै, साधारण खर्च तीव्र रुपले बढ्ने र विकास खर्चमा ह्रास आई आर्थिक क्रियाकलापनै कुण्ठित भै अर्थतन्त्र मन्दीको अवस्थाबाट गुज्रिदैं जाने संभावनाहरु देखा परेका थिए । यसले गर्दा एकातर्फ गरीबी र बेरोजागरी बढ्दै थियो भने अर्को तर्फ दैनिक उपभोग्य तथा अन्य वस्तुहरुको मूल्यमा तीव्र वृद्धि भै जनताको जीवनयापन ज्यादै कष्टकर बन्दै गएको थियो ।

६ उक्त परिस्थिति बीच गठन भएको वर्तमान सरकारले ल्याएका नीति तथा कार्यक्रमहरु, तत्पश्चात विकास निर्माण कार्यहरुको कार्यान्वयनमा दिईएको उच्च प्राथमिकता तथा अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका बढाउन र अर्थतन्त्रलाई निश्चित दिशा एवं गति दिन केहि महिना अघि अवलम्बन गरिएको नयाँ आर्थिक नीतिका कारण अर्थतन्त्रमा सुधारका प्रशस्त संकेतहरु देखिएका छन् । संगठित क्षेत्रमा आर्थिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र पिछडिएका क्षेत्र तथा उपेक्षित वर्ग

बीच साधन र आय आर्जनका अवसरहरु व्यापक रुपमा बढाउँदै जाने कार्यक्रमबाट आज संगठित क्षेत्रको विकासमा नयाँ गति आउनुका साथै गाउँ गाउँमा स्वतः स्फूर्त रुपमा विकास निर्माणको लहर आएको छ । यसबाट प्रत्यक्ष एवं परोक्ष दुबै प्रकारले देशव्यापी रुपमा आर्थिक कृयाकलाप विस्तार लगायत दीर्घकालीन विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा ठूलो मद्दत पुगेको छ ।

७ सुकुम्बासी बसोबासको विकराल समस्या समाधान गरी जनतालाई वैकल्पिक रोजगारीका अवसरहरु उपलब्ध गराउने तर्फ उल्लेखनीय कार्यहरु भएका छन् । मुलुकको समग्र विकासको पूर्वशर्तको रुपमा रहेको कृषिको द्रुततर विकाससंग प्रत्यक्षत सम्वद्ध भूमिसुधारको सवालमा वर्तमान सरकारले आफ्नो दृष्टिकोण निश्चित पारिसकेको छ । यस अनुरुप भूमिसुधार कार्यक्रमको कार्यान्वयनबाट भूमिमा रहेको असमानता कम गर्न तथा जनताको आय आर्जन एवं क्रयशक्ति अभिवृद्धि गर्न ठोस योगदान पुग्दै जाने विश्वास लिइएको छ । श्री ५ को सरकारद्वारा हाल संचालित विभिन्न लक्षित कार्यक्रमहरुबाट जनताको क्रयशक्तिमा थप वृद्धि हुने हुँदा यसबाट ग्रामीण अर्थतन्त्रको विस्तार भै ग्रामीण तथा शहरी क्षेत्रबीचको अन्तरसम्बन्ध सुदृढ हुने र उद्योग व्यवसायहरु फष्टाउँदै जाने स्थिति बनको छ । छोटो अवधिमै अर्थतन्त्रमा युगान्तरकारी परिवर्तनका लागि गरिएका प्रयासहरुबाट देखापरेको सकारात्मक पृवृत्तिहरुमा आम निर्वाचनको कारणले कुनै वाधा अवरोध उत्पन्न नहोस् भन्नेतर्फ श्री ५ को सरकार सचेष्ट रहेको तथ्यतर्फ पनि म सम्पूर्ण देशवासी दाजुभाइ तथा दिदी बहिनीहरुमा विश्वास दिलाउन चाहन्छु ।

**आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरु,**

८ अव म चालु आर्थिक वर्षको देशको आर्थिक स्थितिका वारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

चालु आर्थिक वर्षको प्रथम चार महिनामा अर्थतन्त्रमा देखा परेको खस्कँदो स्थिति एवं प्रतिकूल मौसमका कारणले कूल गार्हस्थ उत्पादनको वृद्धिदर यो वर्ष २.८ प्रतिशतमा (फ्याक्टर कष्टमा) झर्ने अनुमान रहेकोमा हाल उपलब्ध तथ्याङ्कबाट यो वृद्धिदर ४.१ प्रतिशत पुग्ने देखिएको छ । चालु वर्ष कृषि क्षेत्रको गाहर्स्थ उत्पादन (फ्याक्टर कष्टमा) ०.३ प्रतिशतले ह्रास हुने देखिएतापनि गैह्र कृषि क्षेत्रतर्फको उत्पादन ७.५ प्रतिशतका दरले वृद्धि हुने अनुमान छ । गत वर्ष अनुकूल मौसमका कारणले कृषि क्षेत्रको उत्पादन ७.२ प्रतिशतले बढेको थियो भने गैह्र कृषि क्षेत्र तर्फको उत्पादन ६.२ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्षमा निर्माण, यातायात तथा संचार, वित्तीय सेवा र औद्योगिक क्षेत्रको उत्पादनमा उल्लेखनीय वृद्धि भएबाट कृषि क्षेत्रको उत्पादनमा आएको ह्रासको बावजुद पनि कुल गार्हस्थ उत्पादनको वृद्धिदर ४.१ प्रतिशत पुग्ने देखिएको हो ।

९ औद्योगिक उत्पादनतर्फ ऊनी गलैंचा र तयारी पोशाक बाहेकका प्रमुख औद्योगिक वस्तुहरुको उत्पादन चालु आर्थिक वर्षमा उल्लेखनीय रुपमा बढेको छ । गत वर्ष ४.६ प्रतिशतले बढेको प्रमुख औद्योगिक वस्तुहरुको समग्र उत्पादन चालु आर्थिक वर्षमा १४.७ प्रतिशतले वृद्धि हुन गएको अनुमान छ । औद्योगिक वातावरण र विद्युत आपूर्तिमा आएको सुधार नयाँ उद्योगहरुको स्थापना उपयुक्त आर्थिक नीतिहरुको कार्यान्वयन, कर प्रणालीमा ल्याइएका सुधारहरु तथा कच्चा पदार्थको नियमित आपूर्ति आद्योगिक उत्पादन बृद्धिका प्रमुख कारणहरु हुन ।

१० गत आर्थिक वर्ष श्री ५ को सरकारको कूल खर्च १.४ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ३३.४ प्रतिशतले वृद्धि हुने संसोधित अनुमान छ । यसमध्ये साधारण खर्च गत आर्थिक वर्ष ८.१ प्रतिशतले बढेको थियो भने चालु आर्थिक वर्षमा ५६.३ प्रतिशतले वढ्न गएको संशोधित अनुमान छ । शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रको विकास खर्चमा विनियोजन गरिने रकम मध्ये रु.३ अर्व ७५ करोड साधारण खर्चमा सारिएको तथा मध्यावधि निर्वाचनमा भएको अतिरिक्त खर्चको कारणले चालु आर्थिक वर्ष साधारण खर्चमा उच्च बृद्धि देखिएको हो । विकास खर्च गत आर्थिक वर्ष २.५ प्रतिशतले घटेकोमा चालु आर्थिक वर्ष १६.८ प्रतिशतले बढ्ने संशोधित अनुमान छ । आर्थिक वर्षको मध्यतिर आएर मात्र धेरै जसो विकास कार्यक्रमहरुको कार्यान्वयन शुरु भएतापनि श्री ५ को सरकारले विकास निर्माण कार्यमा उच्च प्राथमिकता दिएबाट विकास खर्चमा संतोषजनक रुपमा वृद्धि हुन सकेको छ ।

११ आर्थिक वर्ष २०५१।५२ को अध्यादेश बजेटले रु.२२ अर्व ३८ करोड राजस्व परिचालन गर्ने लक्ष्य राखेकोमा नेकपा ( एमाले) को सरकारले कर प्रणालीमा सुधार एवं राजस्व प्रशासनको सुदृढिकरणद्वारा रु.२४ अर्व ९९ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो । संशोधित अनुमान अनुसार राजस्व असुली रु.२४ अर्व ७० करोड भई लक्ष्यकै हाराहारीमा पुग्ने अनुमान छ । गत आर्थिक वर्ष कूल गार्हस्थ उत्पादनको १०.५ प्रतिशत मात्र राजस्व संकलन भएकोमा चालु आर्थिक वर्ष यो अनुपातमा उल्लेखनीय रुपमा वृद्धि भै ११.९ प्रतिशत पुग्ने संशोधित अनुमान छ ।

१२ राजस्व संकलनमा भएको वृद्धि, अनुत्पादक खर्चमा गरिएको नियन्त्रण तथा विदेशी सहायताको उपयोग क्षमतामा भएको बृद्धिबाट चालु आर्थिक वर्ष बजेट घाटाको स्थितिमा सुधार भएको छ । गत आर्थिक वर्ष आन्तरिक ऋणबाट व्यहोरिने बजेट घाटा रकम कूल गार्हस्थ उत्पादनको १.० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.९ प्रतिशतमा झर्ने संशोधित अनुमान छ ।

१३ बजेट घाटाको स्थितिमा आएको सुधार मार्फत मौद्रिक विस्तारमा आउको कमी, आपूर्ति व्यवस्थामा भएका सुधारहरु तथा प्रशासनिक निगरानीका कारण चालु आर्थिक वर्ष औषत मूल्य वृद्धि दरमा ह्रास आएको छ । शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूची गत आर्थिक वर्ष ८.९ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ७.५ प्रतिशतले मात्र बढ्ने अनुमान छ । चालु

आर्थिक वर्ष प्रतिकूल मौसमले गर्दा खाद्यान्न उत्पादनमा ह्रास आएको र यसबाट सीमित उपभोग्य वस्तुको मूल्यमा केही वृद्धि भएतापनि खाद्यान्न आयातमा तदारुकता अपनाई आपूर्ति स्थिति सुदृढ गराइएबाट मूल्य वृद्धि दरलाई कम गर्ने कार्यमा सघाउ पुग्न गएको छ ।

१४ मौद्रिक क्षेत्रतर्फ पनि चालु आर्थिक वर्षमा उल्लेखनीय सुधार भएको छ । गत आर्थिक वर्ष १९.६ प्रतिशतले बढेको मुद्रा प्रदाय चालु आर्थिक वर्षमा १२.९ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष कूल आन्तरिक कर्जा १७.१ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष २१.८ प्रतिशतले बढ्ने अनुमान छ । यस आर्थिक वर्ष गएको थप आन्तरिक कर्जा मध्ये ९१.० प्रतिशत निजी क्षेत्रलाई गएबाट यस क्षेत्रको आर्थिक क्रियाकलापमा बैकिङ्ग प्रणालीबाट बढी साधन उपलब्ध भएको तथ्य स्पष्ट हुन्छ ।

१५ वैदेशिक व्यापारको क्षेत्रमा भने केही संरचनात्मक समस्याहरु विद्यमान नै रहेका छन् । सीमित वस्तु र बजारमा केन्द्रित निर्यात व्यापारको ह्रासोन्मूख प्रवृत्ति चालु आर्थिक वर्षमा पनि कायमै रहेको छ । आर्थिक वर्ष २०४९।५० मा कुल निकासी २६.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५०।५१ मा सो वृद्धि दर १२.५ प्रतिशतमा झरेको थियो । चालु आर्थिक वर्ष कुल निकासी ३.० प्रतिशतले ह्रास हुने अनुमान छ । आयात तर्फ भने चालु आर्थिक वर्षमा केही सुधारका संकेतहरु देखा परेका छन् । गत आर्थिक वर्ष ३३.७ प्रतिशतले बढेको आयात चालु वर्ष २२.० प्रतिशतले मात्र बढ्ने अनुमान छ । यसबाट शोधनान्तर स्थिति अनुकूल भई विदेशी मुद्रा संचिति अझ बढ्ने अनुमान छ । २०५१ असार मसान्तमा बैकिङ्ग क्षेत्रमा रु. ४२ अर्व २ करोड बराबरको विदेशी मुद्रा संचिति रहेकोमा २०५१ चैत्र मसान्तमा रु. ४४ अर्व ८ करोड बराबरको संचिति रहेको छ ।

१६ यसरी आर्थिक क्षेत्रमा सुधार गरी अर्थतन्त्रलाई छोटो अवधिमै सकारात्मक बाटोतर्फ डोऱ्याउन सकिएतापनि परम्परागत रुपमा रहेको सामन्ती शोषण, केन्द्रमुखी योजना प्रणाली तथा जनविमुखी विकासको दिशा जस्ता कारणले बेरोजगारी र गरीबी मुख्य चुनौतीका रुपमा रहेका छन् । व्यापारमा संरचनात्मक समस्या विद्यमाननै छ र विगतमा मूल्यमा रहेको ठूलो चापका कारण जनताले अझै पनि अनुभूति गर्न सकिने गरी राहत पाउन सकिरहेका छैनन् । यसैले आम निर्वाचन पछि बन्ने सरकारले यी प्रमुख समस्याहरु समाधान गर्नेतर्फ आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नु पर्ने भएको छ ।

१७ आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरु,

वर्तमान सरकारले चालु आर्थिक वर्षको बजेट मार्फत अघि सारेका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिन, देशको आर्थिक सामाजिक विकासमा गति ल्याउन आर्थिक स्थायित्व कायम गरी दिगो विकासलाई अघि बढाउन तथा जनताका दैनिक आवश्यकता एवं जीवनयापनका बिविध समस्याहरु चरणबद्ध रुपमा समाधान गर्न निर्वाचन पछि बन्ने सरकारलाई सजिलो होस् भन्ने उद्देश्यले आगामी वर्षको राजस्व र खर्चका नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएका छन् ।

१८ आगामी आर्थिक वर्षकालागि तर्जुमा गरिएका राजस्व तथा खर्च सम्बन्धी नीति तथा कार्यक्रमहरु निम्न उद्देश्यबाट अभिप्रेरित छन् :

(क) उत्पादन तथा उत्पादनकत्व वृद्धिमा ठोस योगदान पुऱ्याउने क्षेत्रमा लगानी केन्द्रित गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने ।

(ख) शिक्षित बेरोजगार युवा तथा अन्य बेरोजगार श्रमशक्तिकालागि व्यापक मात्रामा रोजगारीका अवसरहरु श्रृजना गर्ने ।

(ग) सामाजिक विकासमा उच्च प्राथमिकता दिदै जनशक्तिको गुणात्मक विकासमा टेवा पुऱ्याउने तथा निश्चित समयावधिभित्र देशबाट गरिबी समाप्त गर्ने ।

(घ) शहरी क्षेत्रको व्यवस्थित विकासकार्यको थालनी गर्नुका साथै उपेक्षित क्षेत्र तथा वर्गको उत्थानका लागि ग्रामीण क्षेत्रमा हुने लगानीलाई सघन रुपले उपयोग गरी सन्तुलित विकासको अवधारणालाई व्यवहारमा उतार्ने ।

(ङ) समष्टिगत माग र आपूर्ति बीच सन्तुलन ल्याउने, अर्थतन्त्रमा आर्थिक स्थायित्व कायम गर्ने तथा दैनिक आवश्यकीय वस्तुको सुलभ आपूर्ति एवं मूल्य नियन्त्रण गरी जनतालाई राहत दिने, तथा

(च) आर्थिक सुधारका कार्यक्रमहरुलाई सन्तुलित ढंगले अगाडि बढाउँदै अर्थतन्त्रको दिगो विकासलाई सुनिश्चितता प्रदान गर्ने ।

१९. निश्चित मापदण्डको आधारमा मात्र परियोजना छनौट गरी कार्यान्वयनमा ल्याउने, परियोजनाहरुको प्राथमिकता निर्धारण गर्ने तथा वित्तीय एवं भौतिक पक्षको नियमित रुपमा प्रभावकारी ढंगले अनुगमन तथा मूल्यांकन गर्ने परिपाटीलाई कडाईका साथ लागू गरेमा मात्र बढ्दो लगानीबाट जनताले लाभ उठाउन सक्नेछन् । त्यसैले बजेटले राष्ट्रको तुलनात्मक लाभ, राष्ट्रिय साधन तथा सम्पदाको उपलब्धता एवं अन्य विविध पक्षको लेखाजोखाको आधारमा क्षेत्रगत प्राथमिकता तोकी अर्थतन्त्रको भावी विकासको आधार निश्चित गर्ने दृष्टिकोण लिएको छ । यसबाट दीर्घकालीन विकासको बाटोमा अन्यौलको स्थिति अन्त्य भई मुलुकको सर्वाङ्गीण विकासमा गति ल्याउन र सबल अर्थतन्त्रको निर्माणमा टेवा पुग्ने विश्वास लिइएको छ ।

२०. कृषिको अग्रगामी विकासबाट मात्र सिंगो अर्थतन्त्रले गति लिन सक्छ भन्ने मान्यता वर्तमान सरकारको रहेको छ । तदनुरुप कृषि क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । कृषि क्षेत्रको दीर्घकालीन योजना सम्बन्धी अध्ययनले प्रस्ताव गरे अनुरुप कृषिको विकासलाई एकीकृत तथा समन्वयात्मक ढंगले अगाडि बढाउन साना सिंचाई, ग्रामीण विद्युतीकरण, पूर्वाधार निर्माण, बजार तथा प्रविधि विकासका कार्यक्रमहरु एकसाथ अगाडि बढाउने ढंगले कार्यक्रमहरु निर्धारित गरिएका छन् । त्यसको अलावा भूमिसुधारको कार्यक्रमलाई पनि कृषिको दीर्घकालीन योजनासंगै आवद्ध गर्नु पर्ने खांचो महसूस गरिएको छ । श्री ५ को सरकारले गठन गरेको उच्चस्तरीय भूमिसुधार आयोगबाट प्राप्त सुझावहरुका आधारमा आम निर्वाचन पछि बन्ने सरकारले भूमिसुधारको कार्यक्रम कार्यान्वयन गर्ने विश्वास गरिएको छ । यसबाट जमीनमा रहेको असमान वितरण कम गर्न, कृषिको उत्पादकत्व बढाउन, सघन ढंगले खेतीपाटी गर्ने परीपाटी सुदृढ गर्न, कृषिमा आश्रित जनसंख्याको ठूलो हिस्सामा रहेको सामन्ती शोषण अन्त्य गर्दै उनीहरुको रोजगारी सुनिश्चित गर्न तथा आय आर्जन तीव्ररुपमा वृद्धि गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । कृषि क्षेत्रको सुधारबाट विद्यमान ग्रामीण अर्थतन्त्रको परम्परागत संरचनामा आमूल परिवर्तन आउने, बजारहरुको निर्माण र विस्तार हुने तथा गाउं घरमा समेत साना उद्योग व्यवसाय फस्टाई शहरी र ग्रामीण क्षेत्रको एकीकृत विकास हुनेछ । यसले दिगो विकासको आधारमा सुनिश्चित गर्नेछ ।

२१. नेपालको सन्दर्भमा कृषि पछि दोस्रो प्राथमिकता पाउने क्षेत्र उर्जा हुनु पर्छ भन्ने श्री ५ को सरकारको दृष्टिकोण छ । खेर गइरहेको अपार उर्जाशक्तिको उचित उपयोगबाट मात्र कृषि, उद्योग, व्यापार, पर्यटन लगायतका क्षेत्रहरु फष्टाउने छन् । अर्को तर्फ तुलनात्मक लाभको कारण उर्जाशक्तिको विकासबाट विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावनाहरु पनि यथेष्ट छन् ।

२२. शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता सामाजिक क्षेत्रहरुको विकास मार्फत मानव संशाधनको गुणात्मक विकास गरेमा मात्र जनतालाई आय आर्जन गर्न सक्ने क्षमतामा पुऱ्याउन सकिने र यसबाट वेरोजगारी एवं गरीबीको समस्या समाधानमा ठूलो मद्दत पुग्ने हुनाले सामाजिक क्षेत्रको विकासलाई तेस्रो प्राथमिकतामा राखिएको छ ।

२३. प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक एवं जैविक विविधताको दृष्टिकोणले नेपालमा पर्यटन उद्योग विकासका अपार संभावनाहरु विद्यमान छन् । तुलनात्मक लाभको हिसावले अन्य उद्योग भन्दा यो अग्रणी अवस्थामा छ । अन्य क्षेत्रलाई उकास्न, जनतालाई रोजगारी तथा आय आर्जनका स्रोतहरु जुटाउन र विदेशी मुद्रा आर्जनमा समेत उल्लेखनीय योगदान पुऱ्याउन सक्ने हुनाले पर्यटन क्षेत्रको विकासलाई चौथो प्राथमिकता क्रममा राखिएको छ ।

२४. पूर्वाधारको विकास विना अर्थतन्त्रको विकासको निश्चितता र निरन्तरता प्राप्त गर्न सक्दैन । त्यसैले ग्रामीण कृषि विकासका लागि आवश्यक पूर्वाधार तथा उर्जा विकास वाहेकका अन्य पूर्वाधारका क्षेत्रको विकासलाई पांचौ प्राथमिकतामा राखिएको छ ।

२५. यिनै प्राथमिकताहरुलाई प्रमुख आधार मानी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ । प्राथमिकताहरु निर्धारण गरी बजेट तर्जुमा गर्ने कार्य आरम्भ भएबाट भोलिको निर्वाचित सरकारलाई देशको सर्वाङ्गीण विकासको दिशा निश्चित गर्न समेत सजिलो हुने विश्वास लिइएको छ ।

२६. बजेटले अवलम्बन गरेको कार्यदिशा

माथि उल्लेख भएका उद्देश्यहरु निश्चित कार्यदिशा सहित अगाडि नबढेसम्म हासिल गर्न सम्भव छैन । विगतको अनुभवले के स्पष्ट गरेको छ भने संस्थागत एवं प्रकृयागत ढांचा सहित कार्यक्रमहरुको खाका निर्धारण गरी सुनिश्चित तवरले समयवद्धरुपमा आयोजनाहरु कार्यान्वयनमा नल्याएसम्म विकास कार्य आश्वासनमा मात्र सीमित रहन्छ । त्यसैले सरकारले जनता सामू गर्ने प्रतिवद्धतामा समेत विश्वसनीयता स्थापित गर्न बजेटलाई निम्नलिखित निश्चित नीति तथा कार्यक्रमको कार्य दिशाका आधारमा डोऱ्याउने प्रयास गरिएको छः

(क) मुलुकको आर्थिक, सामाजिक विकासमा सरकारी, सामुदायिक तथा निजी क्षेत्रको स्वतन्त्र र परिपूरक दुवै भूमिकालाई समाहित गरी बजेट तर्जुमा गर्ने प्रक्रिया अवलम्बन गरिएको छ ।

(ख) कृषिको दीर्घकालीन योजनाले प्रस्ताव गरे अनुरुप कृषि उत्पादन वृद्धि तथा कृषिको व्यवसायिकरणमा टेवा पुऱ्याउने तथा बजारको विकास एवं विस्तार गर्ने ढंगले कृषि विकासको कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइएको छ ।

(ग) विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा लागू गर्दै जनतालाई विकास कार्यमा समाहित गर्न, सामुदायिक विकासको अभियानलाई थप गति दिंदै ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाई सन्तुलित विकासलाई सुनिश्चितता प्रदान गर्न आफ्नो गाउं आफैं बनाऔं कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ । यस कार्यक्रमले स्थानीय विकास निर्माण कार्यमा राष्ट्रव्यापी जोश र लहर ल्याएको हुँदा यसलाई विस्तार गर्न व्यापक जन अभिरुचि प्रकट भएको छ । यस कार्यक्रमको सर्वव्यापी लोकप्रियतालाई मनन गरी आगामी आर्थिक वर्ष शहरी क्षेत्रमा समेत यस्तो कार्यक्रम विस्तार गर्ने प्रवन्ध मिलाइएको छ ।

(घ) उत्पीडित तथा पिछडिएका जातिहरुको विकासमा विशेष रुपमा ध्यान केन्द्रीत नगरेसम्म यी जाति तथा वर्गको उत्थान भई यिनीहरुको जीवनस्तर माथि उठ्न सम्भव छैन । त्यसैले हाल कार्यन्वयनमा ल्याइएको यस क्षेत्रसँग सम्बन्धित कार्यक्रमलाई अझ व्यापक र प्रभावकारी बनाउदै लगिनेछ । यस कार्यक्रम अन्तर्गत प्रजा, धिमाल, राउटे,

मुसर, झांगर, डोम, दुसादर, सतार, तत्मा, खतवे, हल्खोर, पोडे, च्यामे, चमार, कामी, दमाई, सार्की आदि उत्पीडित जातिहरुलाई समेटी यिनीहरुको आर्थिक र सामाजिक उत्थान गरिनेछ । हाल संचालनमा रहेको लक्षित समूह उत्थान कार्यक्रम पनि विस्तार गर्दै लगिनेछ । यी दुवै कार्यक्रम चालू आर्थिक वर्षमा २१ जिल्लामा संचालन भएकोमा आगामी आर्थिक वर्ष थप २१ जिल्लाहरुमा कार्यान्वयनमा ल्याइने छ । साथै यस्ता कार्यक्रमहरु गैर सरकारी संस्था मार्फत संचालनमा ल्याई लागत कम गरिनेछ ।

(ङ) स्थानीय तहमा आर्थिक तथा सामाजिक विकासको कार्य सघन र शसक्त ढंगले कार्यान्वयन नगरेसम्म सन्तुलित विकासको अवधारणा व्यवहारमा उतार्न सम्भव छैन । त्यसैले आगामी आर्थिक वर्षदेखि केन्द्रीय निकायबाट सोझै कार्यान्वयन हुने कार्यक्रम बाहेक स्थानीय तहमा संचालनमा रहेका कार्यक्रमलाई एकीकृत ढंगले विशेष अभियानको रुपमा संचालन गर्नु पर्ने खांचो महसूस गरिएको छ । यसका लागि हाल संचालनमा रहेका विभिन्न मन्त्रालय तथा विभाग अन्तर्गतका तल्ला निकायहरुबाट स्थानीय तहमा संचालित कार्यक्रमहरुलाई पनि लगानीको आकार र कार्यक्रमको प्रकृति हेरी उपभोक्ता समिति मार्फत जनसहभागिताका आधारमा अभियानको रुपमा आगामी आर्थिक वर्षदेखि संचालन गर्ने व्यवस्था मिलाइएको छ । स्थानीय सडक, साना सिंचाई, स्वच्छ खानेपानी, शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, सीपमूलक तालीम र रोजगारी सामुदायिक वृक्षारोपण, साना जलविद्युतको विकासबाट ग्रामीण विद्युतीकरण तथा साना तथा घरेलु उद्योगसंग सम्बन्धित विकास कार्यक्रमहरुलाई ९ स को अभियान, सन्तुलित विकासमा नयां आयाम भन्ने नारा सहित सघन ढंगबाट देशका २०५ वटै निर्वाचन क्षेत्रमा संचालन गरिनेछ । यसका लागि निम्न कार्यदिशा निर्धारण गरिएको छ ।

- स्वच्छ खानेपानी, शिक्षा र साक्षरता तथा स्वास्थ्य क्षेत्रका कार्यक्रमको लागि प्रत्येक निर्वाचन क्षेत्रमा प्रत्येक कार्यक्रमका लागि न्यूनतम रु. २० लाख बराबरका आयोजनाहरु कार्यान्वयन गर्ने ।
- स्थानीय सडक तथा साना सिंचाई स्थानीय विकासका मुख्य आधारहरु भएकाले प्रत्येक निर्वाचन क्षेत्रमा प्रत्येक कार्यक्रमका लागि कम्तिमा रु. १५ लाख बरारबका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- सीपमूलक तालीम र रोजगारी, सामुदायिक वृक्षारोपण, साना तथा घरेलु उद्योग तथा साना जलविद्युत विकासका लागि आवश्यक थप रकम विनियोजन गरी यी कार्यक्रमहरुलाई व्यापक प्रभावकारी ढंगले कार्यान्वयन गर्ने ।

२७. यस्तो सघन र एकीकृत प्रकृतिको विकास अभियानबाट हालसम्म विविध कार्यक्रममा छरपष्ट रुपमा खर्च गर्ने तथा पहुंचको आधारमा सुविधायुक्त क्षेत्रमा मात्र लगानी केन्द्रीय गर्ने परिपाटीको अन्त्य हुने, जनसहभागिताबाट कार्यक्रम सन्चालन गर्दा लागत कम हुने एवं विकासको प्रतिफल जनताको घरदैलौमा पुऱ्याउन मद्दत पुग्ने विश्वास लिइएको छ ।

२८. आगामी आर्थिक वर्षदेखि साना सिंचाई कार्यक्रमलाई अभियानको रुपमा कार्यान्वयन गर्दा आगामी वर्ष मात्र १ लाख १० हजार हेक्टर भन्दा बढी जमीनमा थप सिंचाई सुविधा उपलब्ध हुनेछ । यही गतिमा आगामी वर्षहरुमा सिंचाईका कार्यक्रमहरु संचालन गर्दै गएमा सात वर्षमानै देशभरीको सिंचाईयोग्य सम्पूर्ण जमीनमा सिंचाई सुविधा उपलब्ध गराउन सकिने छ । यसबाट कृषिको उत्पादन तीव्र रुपले बढाउन र कृषिको मौसम माथिको निर्भरता कम गरी आर्थिक वृद्धिमा हुने उतार चढावलाई अन्त्य गर्न सकिने छ । त्यसैगरी दीर्घकालीन कार्यदिशाका आधारमा खानेपानीका कार्यक्रमहरु कार्यान्वयन गरिएमा आगामी सात वर्षभित्र सम्पूर्ण शहरी तथा ग्रामीण क्षेत्रमा स्वच्छ खानेपानी उपलब्ध हुन सक्ने विश्वास लिइएको छ ।

२९. शिक्षा र साक्षरताको कार्यक्रम देशव्यापी अभियानकै रुपमा संचालन गरी मुलुकबाट निरक्षरता छोटो भन्दा छोटो समयमा उन्मूलन गर्नु विकास र मानवीय दुवै दृष्टिकोणले अत्यन्त जरुरी भैसकेको छ । यसका लागि प्रवेशिका वा सो सरहको परीक्षा दिइसकेका शिक्षित समुदायले प्रति व्यक्ति नूनतम ३ जनाका दरले निरक्षरलाई साक्षर बनाउने प्रकृया मिलाउनुका साथै यस्ता साक्षरता कार्यक्रम गैह्र सरकारी क्षेत्र समेतको सहभागिता मार्फत संचालनमा ल्याई न्यून लागतमा ५ वर्षभित्र नेपालबाट निरक्षरता सदाका लागि उन्मूलन गर्न आगामी आर्थिक वर्षभित्र देशभरीका २४ हजार वडाहरुमा साक्षरता कार्यक्रम अभियानको रुपमा संचालन गर्ने व्यवस्था मिलाइएको छ । ५ वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गर्न आगामी आर्थिक वर्षमा ५ विकास क्षेत्रका तीन तीन जिल्ला गरी १५ जिल्लाहरुबाट निरक्षरताको अन्त्य गरिनेछ ।

३०. जनताले उत्पादन गर्ने दैनिक जीवनयापनका लागि चाहिने सामग्रीहरु सुपथ मूल्यमा प्राप्त गर्न तथा आफ्नो उपज बजारमा लगी विक्री वितरण गर्न स्थानीय सडकको ठूलो भूमिका हुन्छ । यही तथ्यलाई हृदयंगम गरी प्रत्येक निर्वाचन क्षेत्रमा न्यूनतम रुपमा रु. १५ लाखका दरले श्री ५ को सरकारबाट स्थानीय सडक निर्माणमा लगानी गर्ने व्यवस्था मिलाइएको छ । त्यसै गरी स्थानीय निकाय, श्री ५ को सरकारका अंगहरु तथा शिक्षण संस्थाहरु समेतको सहभागितामा सामुदायिक वृक्षारोपण कार्यक्रम अगाडि बढाउने व्यवस्था गरिएको छ । यस कार्यक्रम अन्तर्गत तराईका १८ जिल्लाका १ हजार ३५२ गाउं विकास समिति र १८ नगरपालिकाहरुमा नर्सरी तयार गर्नुका अतिरिक्त १ हजार ३३४ गाऊं विकास समितिहरुमा एक एक वटा वनबाटिका निर्माण गर्ने र प्रत्येक गाऊं विकास समितिले न्यूनतम रुपमा ६० रोपनी जग्गामा वृक्षारोपण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाइएको छ । साना जलविद्युत आयोजना संचालनद्वारा ग्रामीण विद्युतीकरणमा टेवा पुऱ्याउन र सुलभ तथा सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन २०५ वटै निर्वाचन क्षेत्रमा व्यापक मात्रमा यी कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रवन्ध मिलाइएको छ ।

३१ आधुनिक सीप तथा ज्ञानको अभावमा परम्परागत व्यवसायबाट न्यून आय आर्जन हुने गरेको र शिक्षित बेरोजगारी बढदै गएको तथा पिछडिएको जाति र वगएको रोजीरोटीको समस्या तीव्र हुँदै गएको सन्दर्भमा अधिराज्यका प्रत्येक नगरापालिका तथा गाउँ विकास समितिबाट शुरुमा शिक्षित बेरोजगार युवा युवतीहरुलाई तालीम तथा आय आर्जनको साधन उपलब्ध गराउने व्यवस्था गरिएको छ । ऐतिहासिक रुपमा घरेलु तथा साना उद्योगले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण ठाउँ ओगटदै आएको भएतापनि वर्तमान अवस्थामा उत्पादनमूलक प्रशिक्षण, आधुनिक प्रविधि एव बजारको अभावमा यस क्षेत्रको विकास अवरुद्ध भएको छ । तसर्थ आगामी बर्षदेखि घरेलु तथा साना उद्योगको स्थापना तथा संचालनको कार्यक्रमलाई व्यापक विस्तार गरी अभियानको रुपमा अगाडि बढाइने छ । यसका लागि विभिन्न निकायबाट उत्पादनमूलक तालीमको व्यवस्था गर्ने सोही तालीमको आधारमा बैकिङ्ग क्षेत्रबाट प्रनाथमिकता क्षेत्र कर्जा अन्तरगत ऋण उपलब्ध गराउने तथा सम्भाव्यता, प्रविधि विकास तथा बजारको आधारमा उद्योग मन्त्रालय मार्फत सेवा र सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । यसरी आफ्नो गाँउ आफै बनाऔ जस्तै ९"स" को कार्यक्रम सरकारी निकाय लगायत जनताको सहभागिताको आधारमा अभियानको रुपमा अघि बढाई सन्तुलित विकासको भावी दिशा निश्चित गर्ने प्रयास गरिएको छ ।

३२ चालु आर्थिक बर्ष संचालनमा ल्याइएको नमुना गाउँ विकास कार्यक्रमलाई आगामी आर्थिक बर्षदेखि प्रत्येक जिल्लाको एक एक गाउँ विकास समितिमा विस्तार गरिने छ । साना शहर विकासबाट गाउँ विकास सम्बन्धि कार्यक्रम आगामी आर्थिक बर्ष थप २० जिल्लामा विस्तार गरी केही बर्षमै ७५ जिल्लामा संचालन गरिने छ ।

३३ देशका जेष्ठ नागरिकको सम्मान गर्नु तथा जीवनयापनमा टेवा पुर्‍याउनु राज्यको कर्तव्य भएकोले आगामी आर्थिक बर्ष देखि देशका ७५ वटै जिल्लाका ७५ बर्ष उमेर पुगेका सम्पूर्ण जेष्ठ नागरिकलाई प्रति महिना रु.१००।– का दरले जेष्ठ नागरिक भत्ता दिने व्यवस्था मिलाइएको छ ।

३४ गरीव तथा अशक्तहरुलाई राहत दिन एव आर्थिक सहयोग पुर्‍याई उनीहरुको जीवन रक्षा गर्न चालू आर्थिक बर्षदेखि शुरु गरिएको अशक्त बृत्ति कार्यक्रमलाई अझ विस्तार गर्दै लगिने छ ।

३५ कमैया प्रथा उन्मुलन गरी उनीहरुको बसोवास, रोजगारी एवं आय आर्जनको समयावद्ध कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइएको छ । यो कार्यक्रम पनि गैर सरकारी संस्था मार्फत संचालनमा ल्याइने छ । सुकुम्वासी समस्या अन्त्य गर्न सुकुम्वासी बसोवास कार्यक्रमलाई अझ व्यापक गर्दै लैजाने व्यवस्था गरिएको छ । त्यसै गरी प्राकृतिक प्रकोपबाट पिडित परिवाररुको पूनर्वासका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

३६ ग्रामीण विकास बैकबाट लक्षित समूहको आय आर्जन र रोजगारी अभिबृद्धिमा दह्रिलो योगदान पुग्ने देखिएकोले आगामी आर्थिक बर्ष मध्यमाञ्चल विकास क्षेत्रमा पनि एक ग्रामीण किवास बैक खोल्नुका साथै अन्य ४ विकास क्षेत्रमा संचालित यस्ता बैकहरुको कार्यक्रम विस्तार गर्दै लगिने छ । पाँचवटै विकास क्षेत्रका ग्रामीण विकास बैकहरुलाई समन्वय गर्नका लागि केन्द्रीय स्तरमा एक छुट्टै निकायको व्यवस्था गरिने छ । त्यसै गरी शहरी क्षेत्रमा शिक्षित तथा अन्य न्यून आय भएका वर्गको आय आर्जन एव स्वरोजगारीका लागि नेपाल राष्ट्र बैक तथा वाणिज्य बैकहरु समेतको वित्तीय सहभागितामा एक रोजगारी बैकको स्थापना गरिने छ र शुरुमा प्रयोगको रुपमा यो कार्यक्रम काठमाडौ उपत्यकामा संचालन गरिने छ । ग्रामीण क्षेत्रका किसानहरुलाई संस्थागत रुपमा कृषि कर्जा तथा अन्य सेवा उपलब्ध गराउन साना किसान विकास कार्यक्रम प्रभावकारी भएकोले यस कार्यक्रमलाई अझ ब्यापक बनाउँदै लगिने छ । सरकारी क्षेत्रका वाणिज्य बैकहरुलाई प्रतिस्पर्धात्मक रुपमा व्यवसायिक ढंगले संचालन गर्न संरचनात्मक सुधारका कार्यक्रमहरु अघि बढाइने छन् ।

३७ निजी क्षेत्रको प्रवर्द्धन गदै उद्योग वाणिज्य एव पर्यटन क्षेत्रको विकासमा टेवा पुर्‍याउन आर्थिक सुधारका कार्यक्रमहरुलाई सुन्तलित ढंगले अगाडि बढाउँदै लगिने छ। यसका लागि बिद्यमान औद्योगिक विदेशी लगानी तथा वाणिज्य नीतिहरुमा परिमार्जन र सुधार गरिने छ । रु.२ करोड सम्म स्थीर पूँजी लगानी हुने उद्योग व्यवसायमा हाल विद्यमान बैदेशिक लगानीको बन्देजलाई छनौटको आधारमा पूर्ण रुपमा खुकुलो पारिने छ । विदेशी मात्र नभै स्वदेशी लगानीकर्ताहरुलाई समेत एकद्धार प्रणालीबाट सुविधा उपलब्ध गराइनेछ । हाल प्रयोगमा रहेको एकद्धार प्रणालीमा संस्थागत सुधार गरी अझ प्रभावकारी बनाइनेछ र लगानीकर्ताले पाउने विभिन्न कर तथा अन्य सुविधाहरु निश्चित समयावधि भित्र नै पाउने व्यवस्था गरिने छ । कृषि वन तथा खानीजन्य उद्योगको विकासमा थप प्रोत्साहन दिइनेछ ।

३८ सीमित वस्तुको निर्यातमा रहेको अत्यधिक निर्भरता र यी वस्तुको निर्यातमा आएको शिथिलतालाई ध्यानमा राखी निर्यात प्रवर्द्धनको लागि हाल अबलम्बन गरिएका नीतिहरु कडाइका साथ लागु गर्नुको अलावा निर्यातलाई दीर्घकालीन रुपमा दिगो बनाउन थप नीतिगत तथा अन्य व्यवस्था मिलाइने छ ।

३९ विगतमा निजीकरण गर्न निर्णय गरिएका तर निजीकरण नभैसकेका संस्थानहरुको व्यवस्थापन तथा अन्य पक्षमा कुनै ध्यान नदिएबाट हिजो नाफामा चल्दै आएका कतिपय संस्थानहरुको वित्तीय अवस्था सुधार गर्ने कार्य निकै चुनौतिपूर्ण बनेको छ । सो स्थितिमा सुधार ल्याउन र श्री ५ को सरकारको आर्थिक बोझ कम गर्न श्री ५ को सरकारले अघि सारेको आर्थिक नीति अनुरुप निजीकरणको कार्यक्रमलाई कार्यन्वयनमा ल्याइने छ । यसका लागि यथाशिघ्र संस्थानहरुलाई निजीकरणमा लाने नलाने छुट्याई निजीकरणमा लैजाने संस्थानहरुको हकमा यो प्रकृया तीब्र पारिने छ ।

४० वित्तीय क्षेत्रमा पनि सुधारका कार्यक्रमहरु क्रमिक रुपमा अगाडि बढाइने छ । पूँजी बजारको प्रवर्द्धनबाट बढी मात्रामा बचत र लगानी परिचालन हुने र यसबाट उद्योग व्यवसाय फष्टाउन सक्ने हुनाले यसतर्फ विशेष ध्यान दिइनेछ । यसको साथै धितो पत्र बजारलाई सक्षम तुल्याउन धितोपत्र विनिमय बोर्डलाई बढी क्रियाशिल बनाईने छ ।

४१ आर्थिक सुधार कार्यक्रमसँगै जनताका दैनिक आवश्यकताका वस्तुहरुको आपूर्तिलाई सुलभ तुल्याउनु तथा जनतालाई मूल्यबृद्धिको मारबाट जोगाउनु जरुरी हुन्छ । त्यसैले दैनिक आवश्यकताका खाद्य तथा अन्य वस्तुको पर्याप्त संचिति राख्ने र सूपथ मूल्य पसल मार्फत यस्ता वस्तुहरु देशव्यापी रुपमा वितरण गर्दै जाने व्यवस्था मिलाउँदै लगिने छ ।

४२ राजश्वको व्यापक परिचालन विना बढ्दो जनआकांक्षा एवं विकासको चुनौतीहरु सामना गर्न सम्भव छैन । त्यसैले आन्तरिक राजश्व परिचालनमा विशेष जोड दिइएको छ । यसबाट बजेट घाटा कम गर्न एवं विदेशी सहायता माथिको निर्भरता क्रमश कम गर्दै लैजान मद्दत मिने छ । करका दरहरु उच्च राख्ने तथा अप्रत्यक्ष करमा बढी मात्रामा निर्भर रहने परिपाटी कायम रहदै गएमा यसबाट अर्थतन्त्रमा विसंगती आउनुका साथै करको भार जनसाधारणमा बढी पर्ने हुन्छ । त्यसैले राजश्व नीति अन्तरगत प्रत्यक्ष करको दायरा बढाई करको संरचनामा परिवर्तन गर्ने, करका दरहरु न्यून तुल्याउने, करको लचकता बढाउने कर प्रशासनबाट हुन सक्ने अनियमिततालाई कडाईका साथ नियन्त्रण गर्ने तथा कर प्रणालीमा पारदर्शिता ल्याउने तर्फ विशेष जोड दिइएको छ । देशमा उद्योग धन्दाहरु फष्टाउन भन्ने उद्देश्यले कर तथा राजश्व नीति मार्फत स्वदेशी उद्योग धन्दालाई प्रोत्साहन दिई उनीहरुको प्रतिस्पर्धात्मक क्षमता बढाइने छ ।

४३ अर्थतन्त्रको विकासमा टेवा पुग्ने एवं जनतालाई प्रत्यक्ष तथा परोक्ष रुपमा लाभ पुग्ने ढंगले खर्च र लगानी नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ । यसका लागि परियोजनाको प्राथमिकिकरण गर्ने, यस क्रममा आयोजनाहरुलाई प्रमुख र गौण ( Core and Non-Core) वर्गलाई छुट्याई साधनको उपलब्धता र राष्ट्रिय आवश्यकता अनुरुप आयोजनाहरु कार्यान्वयनमा ल्याउने परिपाटिको थालनी गरिएको छ । यस कार्यमा सहयोग पुऱ्याउन आगामी बर्ष देखि **त्रिवर्षीय चक्र खर्च योजना प्रणाली** लागु गरिने छ । यसबाट साधनको समुचित उपयोग, परियोजना कार्यानवयनमा कुशलता र विदेशी सहायताको उपयोग क्षमता बृद्धि भई परियोजनाहरुको लागत कम र प्रतिफल बढी हुने स्थिति बन्ने छ । खर्चको आकार बढाउने, खर्चको बढदो आकार धान्न विदेशी सहायता वा घाटा बजेटमा निर्भर रहने परिपाटीको अन्त्य गर्नका लागि पनि बैज्ञानिक खर्च व्यवस्थापन प्रणालीको अलावा त्रिवर्षीय चक्र खर्च योजना पद्धती लागु गरिन लागिएको हो । खर्च गर्ने प्रकृयामा बैज्ञानिकता ल्याउन र अनुत्पादक खर्च कम गरी पूँजी निर्माणमा बढी साधन प्रवाहित गर्न सहयोग पुगोस भन्ने उद्देश्यले चालु र पूँजीगत ढाँचा अनुसार खर्चको वर्गीकरण गर्ने नयाँ पद्धती समेत शुरु गर्न लागिएको छ ।

४४ सरकारी कार्यालयहरु तथा संघ संस्थाहरुमा हुने घरभाडा, विजुलीबत्ति, टेलिफोन, खानेपानी, गाडी मर्मत, पेट्रो, डिजल, स्टेसनरी तथा अन्य भैपरी आउने जस्ता अनुत्पादक खर्चहरुलाई नियन्त्रण गर्न स्पष्ट कार्यदिशा सुनिश्चित पारिएको छ ।

४५ विकास आयोजनाहरुमा हुने गरेको फजूल खर्च नियन्त्रण गर्दै आयोजनाहरुको गुणस्तर र टिकाउपन सुनिश्चित गर्न आयोजनाहरुको अनुगमन तथा निरिक्षण पद्दति सुदृढ र प्रभावकारी बनाउने संस्थागत व्यवस्था मिलाइएको छ । साथै विकास आयोजनाहरुको कार्यान्वयन आर्थिक बर्षको प्रथम चौमासिकको अन्त्य पछि मात्र शुरु गर्ने र आर्थिक बर्षको समाप्ती तिर जे जसरी भए पनि खर्च गर्ने हाल सम्मको परम्परा अन्त्य गर्न र साधनको सदुपयोगका साथै आयोजनाको गुणस्तरमा समेत योगदान पुऱ्याउन आगामी बर्ष देखि आर्थिक बर्षको शुरु देखि नै विकास कार्यक्रमको थालनी गर्ने र आर्थिक बर्षको अन्त्यमा आई खर्च गर्ने पद्धतिलाई नियन्त्रण गर्ने व्यवस्थामा विशेष ध्यान दिइएको छ । साथै विकास बजेटको निकासा समयमै हुन नसक्दा आयोजनाहरुको कार्यान्वयन लक्ष्य अनुसार हुन नसकेको पृष्ठभूमिमा आगामी आर्थिक बर्षको पहिलो महिनामै प्रथम चौमासिक बजेट निकासा गर्ने प्रबनध मिलाइएको छ । श्री ५ को सरकारले यसै आर्थिक बर्ष देखि आयोजनाहरुले गरेको खर्च आधारमा शोधभर्ना निकासा गर्ने व्यवस्था मिलाइने छ । यसबाट विदेशी सहायताबाट संचालित आयोजनाहरुको कार्यान्वयनमा तीब्रता आउने विश्वास लिइएको छ।

४६ योजना छनौट, कार्यान्वियन र अनुगमन प्रणाली बैज्ञानिक तथा समन्वयात्मक नहुँदा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा अनगिन्ति समस्या आई पर्ने र जनताले खर्चको आकार बृद्धिको अनुपातमा लाभ पाउने नसक्ने स्थिति रहेकोले आगामी आर्थिक बर्ष देखि परियोजना छनौट कार्यान्वियन तथा अनुगमन प्रणालीलाई एक अर्काका अभिन्न अंग तथा परिपूरकको रुपमा अगाडि बढाउने ढंगले ती पक्षमा संस्थागत सुधार सहित कार्यक्रमहरु अगाडि सारिएको छन् ।

४७ भ्रष्टाचार, अनियमितता, काम र जिम्मेवारी प्रतिको उदाशिनता जस्ता परम्परागत मनोबृत्तिहरुको अन्त्य गर्दै हरेक तहमा विकास प्रतिको जिम्मेवारी वहन गर्ने तथा सेजवामुखी संस्कार विकशित गर्दै जानु पर्ने ठूलो खाँचो भएकोले संस्थागत सुधारका पक्षमा नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै जाने व्यवस्था मिलाइएको छ ।

४८ विभिन्न नीति तथा कार्यक्रममा दिन खोजिएको नयाँ दिशा, संस्थागत सुधारका क्षेत्रमा अपनाइएका प्राथमिकता, आफ्नो गाँउ आफै बनाऔ, लक्षित समूह उत्थान तथा अन्य जनमुखी कार्यक्रम एवं **९ स को अभियान**बाट देशमा व्यापक मात्रमा आय आर्जन र रोजगारीका अवसरहरु बढदै जाने निश्चित छ । आगामी बर्ष आफ्नो गाउँ आफै बनाऔ कार्यक्रममा सहयोग

पुऱ्याउने ४५०० भन्दा बढी प्राविधिक जनशक्ति तयार गरी गाउँ तथा नगरका वडा वडामा खटाइने छन् । स्वय तथा अन्य रोजगारीको अवसर श्रृजना गर्न आगामी आर्थिक बर्षमा विभिन्न निकायबाट गरी ५० हजार भन्दा बढी श्रम शक्तिलाई प्राविधिक, व्यवसायिक तथा उद्यमी प्रशिक्षण गर्ने प्रबन्ध मिलाइएको छ। यस्ता कार्यक्रममा महिला तथा भूतपूर्व सैनिक तथा प्रहरीहरुलाई विशेष प्राथमिकता दिने नीति लिइएको छ । परम्परागत सीपका आधारमा रोजीरोटीको समस्या समाधान गर्दै आउका उत्पीडित जातिहरुलाई टेवा पुऱ्याउन आगामी बर्ष कम्तिमा प्रत्येक गाउँ किवास समितिको एकजना तथा नगरपालिकाका केही सूचिकारहरुलाई तालीम सहति सिलाई मेशिन उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसको अतिरिक्त उद्यमी तालीमको विशेष व्यवस्था गरिएकोले यसबाट घरेलु तथा सना उद्योगको विकास र विस्तारमा नयाँ आयाम थपिनेछ । कृषि तथा सिचाईमा दिइएको प्राथमिकता, सामाजिक तथा भौतिक पूर्वाधार निर्माणमा गरिने लगानी निजी क्षेत्र मार्फत उद्योग, ब्यापार तथा पर्यटन क्षेत्रमा बढ्ने आर्थिक गतिविधि लगायतका कार्यक्रम समेतबाट आगामी आर्थिक बर्षदेखि ठूलो संखयामा रोजगारीका अवसरहरुको श्रृजना हुनेछ र सरकारले अघि सारेको कार्यदिशा अनुरुप प्रतिबद्धताका साथ अगाडि बढदा विक्रम सम्बत २०६२ सालसम्ममा नेपालबाट गरिवी भोक तथा अशिक्षा उन्मूलन हुन सक्नेछ ।

४९ उपरोक्त पृष्ठभूमिमा सबैले आफ्नो संकीर्ण दलगत, साम्प्रदायिक तथा क्षेत्रीय स्वार्थबाट माथि उठी इमान्दारीपूर्वक यस महान राष्ट्रिय लक्ष हासिल गर्ने अभियानमा सहभागी भई योगदान पुऱ्याएमा मात्र नेपाली जनताको जीवनस्तर माथि उठाउन र समृद्धिशाली राष्ट्रको रुपमा नेपाललाई रुपान्तरण गर्न सकिने विश्वास लिइएको छ ।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु,

अब म आगामी आर्थिक बर्ष २०५२।५३ को व्ययको अनुमान बारे जानकारी गराउन चाहन्छु ।

५० आगामी आर्थिक बर्षको लागि गरिएको खर्चको विनियोजन माथि उल्लेखित उद्देश्य तथा प्राथमिकताहरु एवं बजेटले अबलम्बन गरेको कार्यदिशा र संसदको आठौं अधिवेशनद्धारा पारित बजेट र त्यसमा अन्तर्निहित नीति तथा कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यबाट निर्देशित छ ।

५१ आगामी आर्थिक बर्षका लागि जम्मा रु.५२ अरब ८९ करोड ४५ लाख खर्च हुने अनुमान गरिएको छ । यो रकम चालु आर्थिक बर्षको संशोधित अनुमानको तुलनामा २७.५ प्रतिशतले बढी छ । कूल खर्च मध्ये रु.२२ अरब ३४ करोड २८ लाख साधारण तर्फ र रु.३० अरब ५५ करोड १७ लाख विकास तर्फ विनियोजन गरिएको छ । चालू आर्थिक बर्षको संशोति अनुमानको तुलनामा साधारण खर्च १५.२ प्रतिशत र विकास खर्च ३८.२ प्रतिशतले बढी छ ।

५२ साधारण तर्फको अनुमानित खर्च बढ्नाका कारणहरु मध्यावधि निर्वाचनका लागि गर्नु परेको खर्चको व्यवस्था, शिक्षातर्फ थप शिक्षक दरबन्दी, चालु शैक्षिक सत्रमा नौ र आगामी शैक्षिक सत्रमा दश कक्षा नि:शुल्क गर्दा लाग्ने थप व्ययभार, स्वास्थ्य तर्फ थप उपस्वास्थ्य र स्वास्थ्य केन्द्रहरुको स्थापनाबाट बृद्धि भएको दरबन्दीको कारणले हुने थप व्यय आदि प्रमुख छन् । यसको अतिरिक्त साँवा तथा ब्याज भुक्तानीमा बढी रकम विनियोजन गर्नु परेबाट पनि साधारण खर्चको आकार बढ्न गएको छ ।

५३ हाल सञ्चालनमा रहेका कतिपय आयोजनाहरु आगामी आर्थिक बर्षमा पुरा गर्नु पर्ने, सामाजिक तथा भौतिक पूर्वाधारमा लगानी विस्तार गर्नुपर्ने, जनताको आय र रोजगारीसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने तथा सन्तुलित विकासको अवधारणालाई व्यवहारमा उतार्न देशका २०५ वटै निर्वाचन क्षेत्रमा लगानीको समानुपातिक वितरणमा समुचित ध्यान पुऱ्याउनु पर्ने जस्ता कारणहरुले विकास खर्चको बृद्धिदर चालु आर्थिक बर्षको तुलनामा केही उच्च रहने अनुमान छ । विगतमा विदेशी सहायताबाट संचालनमा रहेका कतिपय आयोजनाहरु विनियोजन गरिनु पर्ने आन्तरिक रकम पनि विनियोजन नगरीदा विदेशी सहायताको उपयोग क्षमता ज्यादै न्यून रहयो । यसबाट परियोजनाको लागत बढनुका अतिरिक्त पुरा गर्ने समयावधि पनि लम्बिदै गै भौतिक लक्ष्यहरु समयमै पुरा गर्न नसकिदा थुप्रै समस्याहरु जन्मिए । त्यसैले यस्तो समस्याको पुनरावृत्ति हुन नदिन विदेशी सहायतामा संचालित आयोजनाहरुमा आन्तरिक श्रोतबाट यथेष्ट खर्चको व्यवस्था गर्नु परेबाट विकास खर्चको बृद्धि दर केही उच्च रहन गएको छ अर्को तर्फ जन आकाक्षा र आवश्यकताहरुलाई मूर्त रुप दिन बढी आन्तरिक राजश्व परिचालन गर्ने श्री ५ को सरकारको प्रतिवद्धताले गर्दा पनि विकास खर्चको आकार बढाउन मद्दत पुग्न गएको छ ।

५४ साधारण तर्फको खर्चको अनुमान मध्ये साँवा र ब्याज भुक्तानीमा रु.६ अरब ८४ करोड ९३ लाख (३०.७ प्रतिशत) सामाजिक सेवामा रु.५ अरब ८४ करोड १३ लाख (२६.१ प्रतिशत) साधारण प्रशासनमा रु.२ अरब ४३ करोड ६१ लाख (१०.९ प्रतिशत) तथा रक्षामा रु.२ अरब १५ करोड ८० लाख (९.७ प्रतिशत) विनियोजन गरिएको छ ।

५५ विकास खर्चको अनुमान मध्ये सबैभन्दा बढी रु.५ अरब ७६ करोड ७ लाख (१८.९ प्रतिशत) विद्युतमा त्यसपछि रु.४ अरब २० करोड ९६ लाख (१३.८ प्रतिशत) यातायातमा रु.३ अरब ८७ करोड २२ लाख (१२.७ प्रतिशत) स्थानीय विकासमा र रु.३ अरब १५ करोड ४२ लाख (१०.३ प्रतिशत) सिचाईमा विनियोजन गरिएको छ ।

५६ आगामी आर्थिक बर्ष देखि साधारण र विकास तर्फका खर्चहरुलाई चालु र पूँजीगत खर्चमा वर्गीकरण गरी व्ययको अनुमान गर्ने नयाँ व्यवस्था मिलाइएको छ। यसबाट अनुत्पादक खर्चमा नियन्त्रण गर्दै उत्पादन प्रकृतिको पूँजीगत लगानीमा अभिबृद्धि गर्ने तर्फ बजेटलार्य डोऱ्याउन सहयोग मिल्न गएको छ। आर्थिक बर्गीकरण अनुसार आगामी आर्थिक बर्ष चालू खर्च तर्फ ब्याज भूक्तानी समेत रु.२४ अरब ३१ करोड ७८ लाख विनियोजन गरिएको छ । यो रकम कूल खर्चको ४६.० प्रतिशत हुन आउँछ । यस मध्ये सबैभन्दा बढी रु.७ अरब १ करोड ८० लाख (२८.९ प्रतिशत) ट्रान्सफरमा र त्यसपछि रु.६ अरब ३२ करोड ९७ लाख (२६.० प्रतिशत) तलब भत्तामा विनियोजित छ । साधारणतर्फ भैपरी शीर्षकमा मोटो रकम विनियोजन गर्ने परिपाटीबाट विगतमा फजुल खर्च गर्ने प्रबृत्ति बढ्न गई खर्च विनियोजनमा समेत विसंगतिहरु देखा परेकोले यसमा सुधार गर्न आगामी आर्थिक बर्ष देखि केन्द्रीय बजेट बाहेक भैपरीमा कुनै रकम विनियोजन नगर्ने व्यवस्था गरिएको छ । यस परिपाटीलाई विकासतर्फ पनि लागु गर्ने नीति अनुरुप विकासको अधिकाश शीर्षकहरुमा भैपरी रकम विनियोजन गरिएको छैन ।

५७ चालु खर्च अन्तर्गत कार्यालय सञ्चालन र सेवामा रु.२ अरब ५३ करोड ४० लाख (१०.४ प्रतिशत) विनियोजित छ । अनुत्पादक खर्चहरुको बृद्धिलाई नियन्त्रण गरी उपलब्ध साधनलाई उत्पादन क्षेत्रतर्फ प्रवाहित गर्न आगामी बर्षका लागि कार्यालय सञ्चालन र सेवा शीर्षकमा खर्चको कटौती गरिएको छ ।

५८ पूँजीगत खर्च तर्फ विनियोजित रकम रु.२८ अरब ५७ करोड ६८ लाख मध्ये रु.९ अरब ४८ करोड ७७ लाख (३३.२ प्रतिशत) लगानीमा तथा रु.४ अरब ६६ करा.ड २ लाख (१६.२ प्रतिशत) पूँजीगत अनुदानमा विनियोजन गरिएको छ ।

५९ सामाजिक सेवा अन्तर्गत शिक्षा, संस्कृति तथा समाज कल्याणमा साधारणतर्फ रु.४ अरब ४५ करोड ८४ लाख र विकासतर्फ रु.२ अरब ४१ करोड ६९ लाख गरी जम्मा र.६ अरब ८७ करोड ५३ लाख विनियोजन गरिएको छ। यो रकम चालु बर्षको संशोधित अनुमानको दाँजोमा ३४.५ प्रतिशतले बढी छ । प्राथमिक शिक्षातर्फ रु.२ अरब ४८ करोड ३५ लाख र निम्न माध्यमिक तथा माध्यमिक शिक्षातर्फ रु.१ अरब ३१ करोड ६ लाख छुट्याइएको छ । आगामी शैक्षिक सत्र देखि कक्षा १० निःशुल्क गर्न रु.३ करोड ४२ लाखको व्यवस्था गरिएको छ । कैयौं बर्ष देखि निजी प्रयासमा स्थापना भई संचालित विद्यालयहरुले स्थायी स्वीकृति नपाएको कारण यी विद्यालयहरु आर्थिक सकटबाट गुज्रिरहेका छन् । यसैले हालसम्म खुलेका सबै अस्थायी विद्यालयहरुलाई क्रमशः स्थायी स्वीकृति दिंदै जाने वर्तमान सरकारका नीति अनुरुप आगामी आर्थिक बर्षमा ४०० अस्थायी विद्यालयहरुलाई स्थायी स्वीकृति दिइनेछ । आगामी आर्थिक बर्ष देखि प्रवेशीका परिक्षामा कुनै एक बिषयमा उत्तीर्ण हुन नसकेका विद्यार्थीलाई प्राविधिक शिक्षको व्यवस्था गरी सो सम्बन्धी परीषा उतिर्ण भएमा प्रवेशिका सरहको प्रमाणपत्र प्रदान गर्ने कार्य प्रारम्भ गरिने छ । यसबाट शिक्षित बेरोजगारी कम गर्न तथा विद्यार्थीहरुलाई प्राविधिक शिक्षातर्फ आकर्षित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । त्यसै गरी सबै तहका विद्यालयमा भवन, छाना, फर्निचर तथा मर्मत संभारको व्यवस्था गरी पठन पाठनको स्तर अभिबृद्धि गर्न प्रत्येक निर्वाचन क्षेत्रमा न्यूनतम रु.२० लाख बराबरको कार्यक्रम कार्यान्वयन गरिने छ। यसका लागि रु.४१ करोडको व्यवस्था गरिएको छ । शिक्षण जस्तो पवित्र पेशामा लागेका शिक्षकहरु औषधि उपचारबाट वञ्चित भएकोले आगामी आर्थिक बर्ष देखि शिक्षकहरुलाई औषधि उपचारको सुविधा दिइनेछ ।

६० उच्च शिक्षातर्फ विश्वविद्यालय अनुदान आयोगका लागि रु.७४ करोड ६६ लाख छुट्याइएको छ । मध्यम तथा निम्नस्तरको सीपमूलक जनशक्ति उत्पादन गर्न थप प्राविधिक शिक्षालयहरु तथा प्राविधिक महाविद्यालयहरु स्थापना गर्ने व्यवस्था मिलाइएको छ । यसरी नै कृषि विश्व विद्यालय तथा पूर्वाञ्चलमा एक र पशिचमाञ्चलमा एक विश्व विद्यालय स्थापनाका लागि पूर्वाधार तयार गर्ने व्यवस्था मिलाइएको छ । मध्य तथा सूदूर पश्चिमाञ्चल विकास क्षेत्रमा क्रमशः कृषि तथा प्राविधिक महाविद्यालय स्थापना गर्ने तर्फ आवश्यक कदम चालिने छ। आगामी ५ बर्षमा देशबाट निरक्षरता अन्त गर्न आगामी आर्थिक बर्ष देखि साक्षरता कार्यक्रम तथा सीपमूलक शिक्षा समेत प्रयोगात्मक रुपमा समावेश गरी अभियानको रुपमा देश भरी सञ्चालन गर्न रु.१८ करोड बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम १५ जिल्लामा सघन रुपमा सञ्चालन गरी ती जिल्लाहरुबाट आगामी आर्थिक बर्षमै निरक्षरता उन्मुल्न गरिने छ।

६१ समाज कल्याणतर्फ ७५ जिल्लाका ७५ बर्ष र सो भन्दा माथिका जेष्ठ नागरिकहरुलाई प्रति व्यक्ति प्रति महिना रु.१०० का दरले जेष्ठ नागरिक भत्ता दिने व्यवस्था गर्न रु.२० करोड रकम छुट्याइएको छ । लोक कल्याणकारी राज्यको स्थापना गर्ने बाटोमा यो व्यवस्था महत्वपूर्ण हुने कुरा निर्विवाद छ । राष्ट्रका सम्मानित नेताहरुको स्मृतिलाई जीवन्त राख्ने परिपाटी स्थापना गर्दै जानु राज्यको कर्तव्य भएकोले यसका लागि थप बजेटको व्यवस्था गरिएको छ । प्रजातान्त्रिक आन्दोलनका अग्रणी नेताहरु तथा राष्ट्रिय विभूतिहरुको योगदानलाई जीवन्त राख्न पुष्प लाल स्मृति प्रतिष्ठान, टंक प्रसाद स्मृति प्रतिष्ठान तथा देवकोटा प्रतिभा उपचार कोषको स्थापना गरिने छ । यसकालागि आवश्यक रकमको व्यवस्था गरिएको छ । नेकपा (एमाले) को संस्थापक महासचिव स्वर्गीय मदन कुमार भण्डार र अर्को अग्रणी नेता जीवराज आश्रितको सम्झनामा स्थापित मदन आश्रित प्रतिष्ठानलाई व्यावसायिक तथा सीपमूलक तालीम, प्राविधिक शिक्षा र अनुसन्धान कार्यक्रम संचालनका लागि रु.२ करोड विनियोजन गरिएको छ। नेपाल ताराद्धारा विभूषित बीरांगना नारी स्वर्गीय पासाङ्ग ल्हामु शेर्पालको सम्मानमा स्थापना गरिने पासाङ्ग ल्हामु स्मृति महिला आवास गृह निर्माण्का लागि रु.५० लाखको बजेट व्यवस्था गरिएको छ । ललितकला तथा संगित एकेडेमी एवं नेपाली बाजा अनुसन्धानको लागि पनि रकम विनियोजन गरिएको छ ।

६२ पिछडिएका जनजातिका छात्रछात्रालाई शैक्षिक सामग्री खरीद गर्न प्रदान गरिदै आएको रु.६०० को आर्थिक सहायता कार्यक्रम आगामी आर्थिक बर्ष अरु विस्तार गरिने छ । त्यसैगरी शहीदका छोराछोरीलाई स्नातक तहसम्म छात्रबृत्तिको सुविधा दिने

कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । यस्तै देउकी र भाँड समुदायका छोरा छोरीलाई काठमाडौंका आवासीय विद्यालयमा अध्ययनको व्यवस्था गर्न रकमको व्यवस्था गरिएको छ । अन्य पिछडिएका जनजातिका छोराछोरीको शिक्षादीक्षा तथा गरीब र जेहेन्दार छात्रछात्राहरुलाई छात्रबृत्ति प्रदान गर्न समेत व्यवस्था गरिएको छ । राजनैतिक पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउन रु.४ करोड विनियोजन गरिएको छ ।

६३ देशमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउन त्रिभुवन विश्वविद्यालय अन्तर्गत एक मानव अधिकार केन्द्रको स्थापना गर्न बजेटको व्यवस्था गरिएको छ ।

६४ देशमा रहेका पुरातात्विक महत्वका प्राचीन मठ, मन्दिर स्मारक र ऐतिहासिक स्थलहरुको संरक्षण र सम्बर्द्धन कार्य चालु राखिनुको साथै कला, संस्कृति, खेलकूद र विज्ञान तथा प्रविधि विकासका कार्यक्रमहरु संचालन गर्न खर्चको व्यवस्था गरिएको छ । विविध जाति धर्म, भाषा र संस्कृतिको अनुसन्धानका लागि एक प्रतिष्ठान स्थापना गर्न आगामी आर्थिक बर्षमा प्रारम्भिक कार्यहरु गरिने छन् । साहित्यकर्मी तथा कलाकारहरुको योगदानको कदर गर्दै प्रत्येक विकास क्षेत्रका पाँच पाँच जना उत्कृष्ट साहित्यकर्मी र कलाकारहरुलाई रु.१० हजारको दरले पुरस्कार दिने वर्तमान व्यवस्था कायमै राखिएको छ ।

६५ गाउँ गाउँमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आगामी आर्थिक बर्ष ६०० वटा थप स्वास्थय उपचौकीहरु स्थापना गरिने छन् । स्वास्थ्य उपचौकीहरु स्थापना गर्दा यस्ता उपचौकीहरु नभएका निर्वाचन क्षेत्रलाई प्राथमिकता दिइने छ । पाँचवटै विकास क्षेत्रमा २० वटा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने, विशेषज्ञ चिकित्सकहरुको घुम्ती टोली गठन गरी पाँच वटै विकास क्षेत्रमा घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने तथा आयुर्वेदिक औषधालयहरुको विस्तार गर्ने जस्ता कार्यक्रमहरु आगामी आर्थिक बर्षमा संचालन गरिने छन् । हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकी, उपचौकी, अस्पताल आदिको मर्मत सम्भार तथा स्वास्थय सम्बन्धी तथ्याक संकलनका लागि पनि बजेटको व्यवस्था गरिएको छ । क्यान्सर, हृदयरोग र मृगौला जस्ता प्राणघातक रोगको उपचार देश भित्रै उपलब्ध गराउन निर्माणाधीन वी.पी.मेमोरियल क्यान्सर अस्पतालको अलावा काठमाठडौमा बीर अस्पताल र शिक्षण अस्पतालमा यी रोगसँग सम्बन्धित आवश्यक उपकरण राख्ने व्यवस्था मिलाइएको छ । त्यसैगरी आगामी आर्थिक बर्ष एक राष्ट्रिय हृदयरोग केन्द्रको स्थापना गरिने  छ । स्वास्थ्य सेवाको सुविधा प्रत्येक निर्वाचन क्षेत्रमा सरल ढगले पुऱ्याइ मानव साधनको विकास एव गुणस्तर अभिबृद्धि गर्न स्वास्थ्य क्षेत्रमा कूल रु.२ अरब ४६ करोड ३९ लाख विनियोजन गरिएको छ ।

६६ खानेपानी तथा ढल विकास कार्यक्रमको लागि आगामी बर्ष विकासतर्फ रु.१ अरब ९८ करोड ७० लाख विनियोजन गरिएको छ । यो रकम चालू बर्षको विनियोजन भन्दा २२.३ प्रतिशतले बढी छ । आगामी आर्थिक बर्ष शहरी क्षेत्रमा खानेपानी तथा सरसफाई सुविधा पूननिर्माण तथा सुधार ढल सुधार एव विस्तार र खानेपानी उत्पादन बृद्धिका कार्यक्रमहरु चालू राखिनेछन् । खानेपानीको सुविधा ग्रामीण खानेपानी आयोजनाहरुलाई प्राथमिकता साथ कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ । काठमाडौ उपत्यकाको बढ्दो र जनसंख्याका लागि तात्कालिन रुपमा खानेपानीको आपूर्ति पूरा गर्न कोड्कु खानेपानी आयोजना प्रारम्भ गरिनेछ । त्यसै गरी काठमाडौ उपत्यकामा खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि आगामी आर्थिक बर्षदेखि मेलम्ची आयोजनाको कार्यान्वयनका लागि तदारुकता अपनाइनेछ ।

६७ वर्तमान सरकारले स्थानीय विकासलाई देशको सर्वाङगीण विकासको आधारशिला बनाएको छ । सोही अनुरुप स्थानीय विकासका कार्यक्रमको संचालन र विस्तारका लागि विकासतर्फ रु.३ अरब ८७ करोड २२ लाख विनियोजन गरिएको  छ । यो रकम चालु आर्थिक बर्षको संशोधित अनुमानको तुलनामा ५९.० प्रतिशतले बढी छ ।

६८ चालु आर्थिक बर्षमा संचालित आफ्नो गाउँ आफै बनाऔ कार्यक्रमबाट गाउँस्तरमा विकासको लहर आएको तथा ज्यादै थोरै रकमले पनि जनसहभागिताको आधारमा विकास निर्माण कार्य संचालन गर्दा गाउँ स्तरका आधारभूत सामाजिक तथा भौतिक पूर्वाधारहरु छोटो समयमै पूरा हुन सक्ने कुरा प्रमाणीत भई सकेको छ । त्यसैले यस कार्यक्रमलाई निरतरता दिदै आगामी आर्थिक बर्षको लागि प्रत्येक गाउँ विकास समितिलाई रु.५ लाख उपलब्ध गराइने छ । यसकालागि रु.१ अरब ९९ करोड ७५ लाखको बजेट विनियोजन गरिएको छ । यस्तो कार्याक्रमलाई नगर क्षेत्रमा समेत विस्तार गर्न आगामी आर्थिक बर्षमा अधिराज्यका हरेक नगरपालिकाको प्रत्येक वडालाई रु.२ लाखका दरले रकम उपलब्ध गराइने छ । यसका लागि रु.१० करोड ४४ लाख थप रकम विनियोजन गरिएको छ । नगरपालिकालाई दिइने अनुदानको रकममा समेत केही बृद्धि गरिएको छ ।

६९ स्थानीय विकास निर्माणको कार्य अधिराज्यमा सन्तुलित तथा समान स्तरमा अभिबृद्धि गर्न र क्षेत्रगत आधारमा ग्रामीण विकासको पूर्वाधार तयार गर्नको निमित्त सडक, पुल तथा झोलुगे पुल निर्माण कार्यक्रम अन्तगृत प्रत्येक निर्वाचन क्षेत्रलाई रु.१५ लाखका दरले रकम उपलब्ध गराइने छ । यसकालागि बजेटमा रु.३० करोड ७५ लाख रकम विनियोजन गरिएको  छ । त्यस्तै प्रतिनिधि सभाका सांसदहरुलाई स्थानीय विकास निर्माणमा प्रत्यक्ष सहभागी तुल्याउन सांसदहरुले आफ्नो निर्वाचन क्षेत्रमा आफैले स्वीकृत गरेको योजना रकम खर्च गर्नको लागि चालु आर्थिक बर्षमा २०५ निर्वाचन क्षेत्रको प्रत्येक निर्वाचन क्षेत्रको लागि रु.२ लाख ५० हजार व्यवस्था गरिएकोमा आगामी आर्थिक बर्ष राष्ट्रिय सभाका सांसदहरु समेत गरी २६५ सांसदहरुका लागि प्रति सांसद रु.२ लाख ५० हजारका दरले रकम उपलब्ध गराउने व्यवस्था गरिएको  छ । यसका लागि बजेटमा रु.६ करोड ६२ लाख ५० हजारको व्यवस्था गरिएको छ । जिल्लाको विकासमा जिल्ला विकास समितिहरुले खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई मनन गरी जिल्ला विकास समितिलाई दिइने अनुदानमा रु.५७ करोड विनियोजन गरिएको छ । अधिराज्यका अति पिछडिएका २२ वटा जिल्लाहरुमा बसोबास गर्ने जनतालाई राष्ट्र निर्माणको मूल प्रवाहमा समाहित गर्न दुर्गम क्षेत्र विकास कार्यक्रमलाई अझ ब्यापक गर्दै लग्ने व्यवस्था मिलाइएको छ ।

७० चालु आर्थिक बर्षमा संचालित लक्षित समूह उत्थान कार्यक्रमलाई अझ व्यापक रुपमा विस्तार गर्न आगामी आर्थिक बर्षमा रु.३ करोडको व्यवस्था गरिएको छ । यस कार्यक्रमबाट गरिवीका रेखामुनी रहेका बहुसख्यक व्यक्तिहरुलाई राहत पुग्ने अनुमान गरिएको छ । त्यस्तै प्रजा एवं आदिवासी किवास कार्यक्रमलागि रु.२ करोड विनियोजन गरिएको छ । देशका सबै जिल्लामा एक एक नमूना गाउँ निर्माणका लागि पनि रकमको व्यवस्था गरिएको छ ।

७१ महिला विकास कार्यक्रम हाल ६४ जिल्लामा सञ्चालित रहेकोमा ३ जिल्लामा थप गरि ६७ जिल्लामा कार्यान्वयन गरिनेछ । यसका लागि रु.८ करोड ४० लाख विनियोजन गरिएको छ । ग्रामीण महिला उत्पादन कर्जा कार्यक्रमलाई आगामी बर्ष अरु विस्तार गरिने छ । विभिन्न मन्त्रालय तथा अन्य निकायहरुबाट अलग अलग सानो रुपमा महिलासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन भएकोले ती कार्यक्रमहरु बढी प्रभावकारी र व्यापक भई महिला उत्थान तथा उनीहरुको आय बृद्धि गर्नमा उल्लेखनीय रुपमा सहयोग पुऱ्याउन सकिरहेका छैनन् । यसैले आगामी बर्ष देखि महिला विकाससँग सम्बन्धित विविध कार्यक्रमहरु समन्वयात्मक रुपमा प्रभावकारी ढंगले संचालन गरिने छ। यस कार्यमा महिला तथा बाल विकास परिषद्ले समन्वयनको भूमिका निर्वाह गर्नेछ ।

७२ उपत्यकाका काठमाडौ, भक्तपुर तथा ललितपुर नगरपालिका क्षेत्रमा अव्यवस्थित रुपमा बढ्दै गएको फोहर मैलालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने कार्यमा प्राथमिकता दिँदै आगामी आर्थिक बर्षको लागि रु.२१ करोड बजेट विनियोजन गरिएको छ । आफ्नो **गाउँ आफै बनाउँ** लगायतका स्थानीय विकास निर्माण कार्यका लागि चाहिने सिकर्मी डकर्मी जस्ता प्राविधिक जनशक्ति गाउँ तथा नगरपालिकाका वडास्तरमै उपलब्ध गराउने उद्देश्यले जनशक्ति विकास कार्यक्रम अन्तर्गत रु.१ करोड विनियोजन गरिएको छ ।

७३ कमैयाहरुको सुव्यवस्थित बसोबास कार्यक्रम सञ्चालनको लागि रु.३ करोड विनियोजन गरिएको छ । चालू आर्थिक बर्षमा सशक्त रुपमा कार्यान्वयनमा ल्याइएको सुकुम्वासी समस्या समाधान कार्यक्रमलाई आगामी आर्थिक बर्ष पनि जारी राखिनेछ । यसका लागि रु.४ करोड रकम विनियोजन गरिएको छ । यसको अतिरिक्त साना शहर बजार विकासद्धारा ग्रामीण विकास कार्यक्रमलाई थप २० जिल्लाहरुमा विस्तार गर्नुका साथै काठमाडौ उपत्यका एवं अधिराज्यका अन्य जिल्लाहरुमा विस्तार गर्नुका साथै सुव्यवस्थापन सम्बन्धी कार्यक्रमहरु पनि चालु राखिने छन् । शहरी क्षेत्रको बढ्दो आवास कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छन् । कर्मचारी संचयकोषको मुनाफाबाट कोष संचयकर्ता कर्मचारीहरुलाई सामाजिक सुरषा र कल्याणका लागि विभिन्न कार्यक्रमहरुको थालनी गरिनेछ । यसरी अन्य सामाजिक सेवा तर्फका विविध विकास कार्यक्रमहरुका लागि रु.६७ करोड ४ लाख विनियोजन गरिएको छ ।

७४ कृषि क्षेत्रको विकासका लागि रु.२ अरब ६८ करोड ६० लाख रकम विनियोजन गरिएको छ । विनियोजित रकमबाट मुख्य रुपमा विभिन्न जलवायु र भौगोलिक क्षेत्रगत विशेषता अनुसार खाद्यान्न बाली विकास, फलफूल, नगदे बाली विकास, उन्नत विउ विजन, अन्य कृषि सामाग्रीहरुको विकास र आपूर्ति,पशु विकास, पशु स्वास्थ्य सुरक्षा एवं उन्नत कृषि प्रविधि प्रसार र विस्तारका कार्यक्रमहरु सञ्चालन गरिने छन् । कृषि बैज्ञानिकहरुको सेवालाई कृषि अनुसन्धान कार्यमा प्रबृत्त गराउने गरी कृषि अनुसन्धानका कार्यक्रमहरु लागु गरिने छन् । कृषि उपजको बजार व्यवस्था तथा पशुधनको बीमामा सहयोग पुऱ्याउन रकम विनियोजन गरिएको छ । रसायनिक मलको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढेता पनि कृषकहरुलाई सुपथ मूल्यमा रसायनिक मल उपलब्ध गराउन श्री ५ को सरकार प्रतिवद्ध छ । सोही अनुरुप कृषि सामाग्री संस्थानलाई रु.५० करोड अनुदान दिने व्यवस्था गरिएको छ । कृषि विकास बैंकबाट सञ्चालित विभिन्न कृषि विकासका कार्यक्रमहरु विस्तार गर्न र कृषकहरुलाई दिई आएको ब्याज तथा पूँजीगत अनुदान एवं अन्य सुविधाहरु उपलब्ध गराउन कृषि विकास बैंकलाई दिई आएको अनुदानमा बृद्धि गरिएको छ । साना किसान विकास कार्यक्रमलाई अझ विस्तार गर्न कृषि विकास बैंकलाई साना किसान कार्यक्रममा दिई आएको अनुदानमा समेत बृद्धि गरिएको छ । साझा तथा सहकारी कार्यक्रमलाई पनि आगामी आर्थिक बर्ष अझ विस्तार गर्दै लगिने छ ।

७५ कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिमा सिचाईको प्रमुख भूमिका हुने हुनाले आगामी आर्थिक बर्ष प्रत्येक क्षेत्रमा साना सिचाइका आयोजनाहरु साना तथा विशेष सिंचाई कार्यक्रम अन्तर्गत सञ्चालन गरिने छन् । यी कार्यक्रमहरुमा साना सतह तथा भूमिगत सिचाई प्रणालीहरुको विकासलाई प्राथमिकता दिइएको छ र यी कार्यक्रमहरुका लागि रु.३० करोड ७५ लाख विनियोजन गरिएको छ । चालु सिचाई प्रणालीहरुको मर्मत सम्भार गरी यी आयोजनाहरु कृषकहरुलाई नै हस्तान्तरण गर्ने, तराईका ठूला सिचाई आयोजनाहरुमा पानीको आपूर्ति बृद्धि गरी ती आयोजनाहरुमा भैसकेको लगानीको प्रतिफल कृषकहरुमा पुऱ्याउने कार्यक्रमहरु तर्जूमा गरिएका छन् । चालु आर्थिक बर्ष राष्ट्रिय अभियानको रुपमा सञ्चालन गरिएको बबई सिचाई आयोजनाको मूल नहर विस्तार कार्यलाई आगामी बर्ष पनि जारी राखीनेछ । त्यसको अलावा ववई सिचाई आयोजनामा दोश्रो चरणको कार्य पनि आगामी आर्थिक बर्ष देखि शुरु गरिने छ। महाकाली सिचाई आयोजना आगामी बर्ष पुरा गर्ने गरि रु.२७ करोड ८ लाख विनियोजन गरिएको छ । यसका अतिरिक्त गत केही बर्ष देखि कार्यान्वयनमा रहेका वागमती र सुनसरी मोरङ्ग जस्ता ठूला आयोजनाहरु छिटो सम्पन्न गर्ने गरी आगामी आर्थिक बर्षमा कार्यक्रम राखिएका छन् । आगामी ७ बर्ष भित्र देशको सम्पूर्ण सिचाई योग्य भूमिमा सिचाई सुविधा उपलब्ध गर्ने गरी आगामी आर्थिक बर्ष सिचाईका कार्यक्रमहरु सञ्चालन गर्न रु.३ अरब १५ करोड ४२ लाख विनियोजन गरिएको छ । यो रकम चालु आर्थिक बर्षको संशोधित अनुमानको तुलनामा ३६.२ प्रतिशतले बढी छ ।

७६ उपयुक्त भूमिसुधार कार्यक्रमको कार्यान्वयनबाट मात्र कृषिमा रहेको सामन्ती शोषण अन्त हुने मात्र नभई यसबाट उत्पादन बृद्धि तथा न्यायोचित वितरणमा एकसाथ टेवा पुग्न सक्दछ । त्यसैले श्री ५ को सरकारले भूमिसुधार कार्यक्रम सम्बन्धमा सुझावका लागि एक उच्चस्तरीय भूमिसुधार आयोग गठन गरेको थियो । उक्त आयोगको प्रतिवेदन तयारीको अन्तिम चरणमा पुगि ठोस कार्यक्रमबारे सुझाव दिने अवस्थामा पुगेको र भूमि सुधार सम्बन्धी कार्यक्रमको कार्यान्वयन निर्वाचन पछि बनने सरकारबाट मात्र हुन सक्ने हुनाले आगामी आर्थिक बर्षका लागि रु.१ करोड ५५ लाख मात्र बजेटमा यवस्था गरिएको छ । उक्त रकमबाट केन्द्रीय एकिकृत भू–सूचना प्रणाली विकास गर्ने कार्य प्रारम्भ गरिने छ ।

७७ बन तथा भू–संरक्षणको विकासतर्फ रु.५१ करोड ६३ लाख विनियोजन गरिएको छ । बनश्रोतको संरक्षण र जगेर्नाबाट मात्र जनतालाई आवश्यक पर्ने काठ,दाउरा, डालेघाँसपात आदि बनजन्य पदार्थ उपलब्ध हुनुको साथै वातावरणीय सन्तुलन कायम हुन सक्छ । यसका लागि चालु कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्ष करीब १४ हजार हेक्टर जमिनमा बृक्षारोपण गरिने कार्यक्रम रहेको छ । त्यस्तै आगामी आर्थिक बर्ष बन विकास तथा जनताको अधिकतम सहभागिता गराई सामुदायिक बन हस्तान्तरण गर्ने तथा समाजका विपन्न वर्गका जनताको हितको लागि कबुलियती बनको माध्यमद्धारा कृषि बन प्रणाली ( Agro-Forestry System) लाई सुदृढ गर्ने कार्यक्रम रहेको छ । यी कार्यक्रमहरुबाट जनताको आय बृद्धि गराउनमा समेत टेवा पुग्ने विश्वास गरिएको छ ।

७८ विगत बर्षहरुमा विभिन्न आयोजनाहरु अन्तर्गत बृक्षारोपण कार्यक्रम संचालन हुँदै आई रहेको भएतापनि त्यस्ता कार्यक्रमहरु प्रभावकारी नभएको पाइएको छ । यसैले आगामी आर्थिक बर्ष सघन र समन्वयात्मकरुपमा तराईका १८ जिल्लाका १८ वटा नगरपालिका तथा १३३४ गाउँ विकास समितिका पर्ति जग्गाहरुमा ६०।६० रोपनीका दरले सार्वजनिक मनोरञ्जन स्थलको आवश्यता समेत पुरा गर्ने गरी सार्वजनिक बनबाटिका स्थापना तथा सामुदायिक बृक्षारोपणको विशेष कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमको संचालनका लागि प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकालाई रु.२८ हजार उपलब्ध हुन सक्ने गरी बजेटमा रु.३ करोड ८२ लाख विनियोजन गरिएको छ । यसको साथै अधिराज्यका सबै गाउँ, नगरमा सरकारी निकाय, विद्यालय, विश्व विद्यालयहरु तथा जनताको सहभागितामा व्यापक मात्रामा बृक्षारोपण गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

७९ आगामी आर्थिक बर्ष भू–संरक्षण तर्फ जनसहभागितामा आधारित विविध कार्यक्रमहरु संचालन गरिने छन् । देशमा उपलब्ध बनस्पति तथा जडिबुटीको खेतीमा निजी क्षेत्रलाई प्रोत्साहित गरी दुर्गम हिमाली क्षेत्रका जनताको आय बृद्धिमा सहयोग पुऱ्याइने छ ।

८० बढ्दो शहरी प्रदुषण तथा वातावरणको समस्या निराकरणका लागि समन्वयात्मक ढगले विभिन्न निकायबाट कार्यक्रमहरु संचालन गरिनेछ । यस कार्यमा वातावरण परिषद्ले नीति तर्जुमा गर्ने तथा कार्यक्रमहरुको समन्वय गर्ने कार्य गर्ने छ ।

८१ उद्योगको द्रुततर विकास विना अर्थतन्त्रको संरचनामा परिवर्तन गर्न र विकासले नयाँ गति लिन सम्भव छैन । यसैल श्री ५ को सरकार स्वदेशी उद्योग व्यवसायीलाई प्रोत्साहन दिन र छनौटको आधारमा विदेशी लगानीको लागि अनुकूल वातावरण तयार गरी देशमा औद्योगिकरणको प्रक्रिया तिब्र पार्न प्रतिवद्ध छ । यसमा सहयोग पुऱ्याउनका लागि श्री ५ को सरकारले आगामी आर्थिक बर्ष उद्योग तथा खानी क्षेत्रको विकास कार्यक्रममा रु.६१ करोड ८२ लाख खर्च गर्ने छ । यो रकम चालु आर्थिक बर्षको विनियोजनको तुलनामा ७७० प्रतिशतले बढी छ । यस अन्तर्गत हाल रुग्ण अवस्थामा रहेका उद्योगको पूनरोत्थानका लागि रु.९ करोड विनियोजन गरिएको छ । घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन कार्यक्रम ग्रामीण स्तरसम्म अभियानको रुपमा अगाडी पुऱ्याउने उद्देश्यले यस कार्यक्रममा रु.१९ करोड २७ लाख विनियोजन गरिएको छ । यस कार्यक्रम अन्तर्गत गाउँ तथा नगरको करीब १४ हजार जनशक्तिलाई उद्यमी तथा व्यवसायिक तालीम प्रदान गरिने छ । यस्तो कार्यक्रमबाट स्वयं तथा अन्य रोजगारीका अवसरहरु ब्यापक मात्रामा बढ्दै गई पिछडिएका तथा सीपको अभावमा रोजगारीबाट वञ्चित भएका समुदायहरु लाभान्वित हुने छन् । साथै यसबाट ग्रामीण इलाकामा समेत घरेल तथा साना उद्योगहरु स्थापना हुदै जाने छन् । खनिज अन्वेषण तथा खानी जन्य उद्योगको विकासका लागि पनि रकम विनियोजन गरिएको छ ।

८२ विद्युतको न्यून आपूर्ति पुरा गर्न तथा औद्योगिक एवं पर्यटन विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विद्युत विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिइएको छ । यस कार्यक्रमका लागि रु.५ अरब ७६ करोड ७ लाख विनियोजन गरिएको छ । यो रकम चालू आर्थिक बर्षको विनियोजनको तुलनामा दोब्बर भन्दा बढी छ । यसबाट विद्युत आपूर्तिको कमीबाट लागू गर्नु परेको आपूर्ति नियन्त्रण (लोड सेडिङ्ग) लाई हटाउदै जान, ग्रामीण विद्युतीकरणलाई अभियानको रुपमा अगाडी बढाउन तथा दीर्घकालीन रुपमा विद्युत आपूर्ति बढाउने उद्देश्यले विगत केही बर्ष देखि आर्थिक श्रोत जुटाउन प्रयास भैरहेका अरुण तेश्रो र कालीगण्डकी “ए” जल विद्युत आयोजना कार्यान्वयनमा ल्याउन मद्दत पुग्ने विश्वास लिइएको छ । लोड सेडिङ्ग समस्याको समाधानार्थ त्रिशुली, देवीघाट, हेटौडा डिजेल प्लान्ट र गण्डक विद्युत गृहको सुदृढीकरण गर्ने , दुहवी विराटनगर तापीय विद्युत केन्द्रको क्षमता बृद्धि गर्ने तथा भारतसँग भएको सम्झदारी अनुरुप दुहवी कटैया प्रसारण लाइन जोड्ने कार्य समेत आगामी आर्थिक बर्षमा पुरा गरिनेछ । स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीबाट पुवा खोला, चिलिमे, मोदी, उपल्लो मोदी आदि आयोजनाहरुको निर्माण कार्यको थालनी गरिनेछ । त्यसै गरी खिम्ती जलविद्युत आयोजना पनि आगामी आर्थिक बर्ष कार्यान्वयनमा ल्याइनेछ । आगामी आर्थिक बर्ष ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत २० हजार थप ग्रामीण ग्राहकलाई विदुत सेवा उपलब्ध गराइनेछ । निजी

क्षेत्रले लघु विद्युत आयोजना निर्माण गरी उर्जाको आपूर्ति गरेमा कृषि विकास बैकबाट ५० प्रतिशत पूँजिगत अनुदान दिने हालको व्यवस्था कायमै राखिएको छ । यसबाट ग्रामीण क्षेत्रमा थप विद्युत उत्पादन गर्ने कार्यमा सहयोग मिल्नेछ । त्यसै गरी बैकल्पिक उर्जाको रुपमा उपयोग गरिने गोवर ग्याँसको प्रयोग बढ्दै गएकोले यसमा दिँदै आएको पूँजिगत अनुदान व्यवस्था आगामी बर्ष पनि जारी राखिनेछ ।

८३ पर्यटन क्षेत्रका लागि आगामी बर्षको विकास बजेटमा रु.२६ करोड ६७ लाख विनियोजन गरिएको छ । आगामी आर्थिक बर्षको कार्यक्रममा पर्यटन पूर्वाधार, हिमाली क्षेत्र पर्यटन तथा पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरु समावेश गरिएका छन् । श्री ५ को सरकारले हालै कार्यान्वियनमा ल्याएको पर्यटन विकास नीति अनुरुप ग्रामीण,धार्मिक तथा पुरातात्विक पर्यटन प्रवर्द्धनका लागि थप कार्यक्रमहरुको व्यवस्था गरिएको छ । पर्यटन पूर्वाधार लगायत पर्यटन उद्योगको विकासमा निजी क्षेत्रलाई दिइएको विशेष प्रोत्साहन समेतबाट पर्यटन क्षेत्रमा द्रुततर विकास भै ग्रामीण एवं शहरी अर्थतन्त्र माथि उठाउन एवं विदेशी मुद्रा आर्जन गर्न थप सहयोग पुग्ने विश्वास लिइएको छ ।

८४ यातायात क्षेत्र अन्तर्गतका विकास कार्यक्रमका लागि जम्मा रु.४ अरब २० करोड ९६ लाख विनियोजित छ । आज सम्म सडक यातायातमा ठूलो लगानी भै सकेको भएता पनि देशको सबै भागमा सडक यातायातको सुविधा पुगिसकेको छैन । यसैले आगामी बर्ष कर्णाली राजमार्गको सुर्खेत जुम्ला खण्ड, राप्ती राजमार्गको अमलिया मुसिकोट खण्ड, पूर्व पश्चिम मेरुदण्ड राजमार्गको अंशको रुपमा रहेको बनेपा–सिन्धुली–बर्दिवास खण्ड मेची राजमार्गको फिदिम ताप्लेजुङ्ग खण्ड र महाकाली राजमार्गको बैतडी–दार्चुला खण्डको निर्माणमा उच्च प्राथमिकता दिइएको छ । त्यसै गरी पूर्व पश्चिम राजमार्गको सुदूर पश्चिम खण्ड जोड्ने पुलहरु, जिल्ला सदरमुकाम तथा उत्तर दक्षिण जोड्ने राजमार्गहरु निर्माण गर्ने कार्यक्रमहरुलाई पनि प्राथमिकतामा राखिएको छ । ग्रामीण जनताहरु हिड्ने हुलाकी सडकको मर्मत सम्भार गर्ने एवं उक्त सडकमा पर्ने पूल पुलेसाहरुको निर्माण तथा दुर्गम पहाडी गाउँहरुमा झोलुगे पुलहरुको निर्माण र मर्मत सम्भारका लागि पनि यथेष्ट बजेट विनियोजन गरिएको छ । पर्यटन विकासलाई टेवा पुऱ्याउने उद्देश्यले पर्यटन क्षेत्र जोड्ने सडक निर्माणमा समेत विशेष ध्यान दिइएको छ। पूर्व पश्चिमको पहाडी मध्य भागमा निर्माण भएका, निर्माणाधीन अवस्थामा रहेका तथा प्रस्तावित सडक मार्गहरु समेतलाई आधार बनाई पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मको मेरुदण्ड राजमार्ग निर्माण गर्ने ढंगले सडक निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइएको छ । आगामी आर्थिक बर्षको लागि सडक निर्माण कार्यक्रम तर्जुमा गर्दा कृषि उपजको लागि काठमाडौको बसोबासलाई व्यवस्थित रुपमा विस्तार गर्न बृहत चक्रपथ निर्माणका लागि आवश्यक प्रारम्भिक कार्य गरिनुका साथै ट्रली बस सेवालाई विस्तार गरिनेछ ।

८५ अन्तर्राष्ट्रिय ब्यापारलाई सुगम तथा सुविधापूर्ण बनाउन सुख्खा बन्दरगाहा विकास गर्ने मल्टिमोडल यातायात आयोजना सम्बन्धी कार्य आगमी आर्थिक बर्ष पनि जारी राखिने छ । तराई भेगमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म रेल यातायात निर्माणका लागि संभाव्यता अध्ययन गर्न र जलमार्गको सम्भाव्यता पत्ता लगाउनका लागि आवश्यक रकम विनियोजन गरिएको छ । विभिन्न राजमार्ग तथा सहायक मार्गहरुको मर्मत सुधारका लागि समेत यथेष्ट रकमको व्यवस्था गरिएको छ ।

८६ सडक यातायात नपुगेका दुर्गम क्षेत्रका जनतालाई यातायात सुविधा उपलब्ध गराउन तथा पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउन हवाई यातायात सेवाको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले हवाई यातायात विकासका लागि रु.४४ करोड ६३ लाख विनियोजन गरिएको छ । उक्त विनियोजित रकमबाट मुख्य रुपमा त्रिभुवन विमानस्थलको विस्तार एवं स्तर अभिबृद्धि राडार जडानका अतिरिक्त दुर्गम जिल्लाहरुमा विमानस्थल निर्माणका कार्यक्रमहरु संचालन गरिनेछन । साथै काठमाडौ बाहिर एक अर्न्तराष्ट्रिय विमानस्थल निर्माणकालागि भै रहेको संभाव्यता अध्ययन आगामी आर्थिक बर्ष पुरा गरी अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको प्रारम्भिक कार्य शुरु गरिने छ ।

८७ संचारको विकासका लागि आगामी आर्थिक बर्ष विकासतर्फ रु.१ अरब २८ करोड ९७ लाख रकम विनियोजन गरिएको छ । त्यसको अतिरिक्त नेपाल टेलिभिजनका लागि रु.४ करोड ९० लाख थप विनियोजन गरिएको छ । दुरसंचारका सुविधाहरु ग्रामीण क्षेत्रमा विस्तारका साथै मौजूदा उपकरणहरु आधुनिकीकरण गर्ने कार्यक्रमलाई विस्तार गर्दै लगिने छ । हुलाक सेवाको पनि स्तर अभिबृद्धि तथा विस्तारको लागि रकम विनियोजन गरिएको छ । टेलिफोन सुविधा ग्रामीण क्षेत्रसम्म ब्यापक रुपमा पुऱ्याउँदै लगिने छ । नेपाल टेलिभिजनको प्रसारणलाई देश ब्यापी बनाउदै लगिने छ । नेपाल टेलिभिजनको प्रसारणलाई देश ब्यापी बनाउँदै लैजान सूदूर पश्चिमाञ्चल विकास क्षेत्रमा समेत एक प्रसारण केन्द्र स्थापना गरिनेछ । स्वतन्त्र तथा निष्पक्ष पत्रकारितालाई टेवा पुऱ्याउन तथा प्रेस जगतलाई सक्षम बनाउन प्रेस काउन्सिललाई अनुदानको व्यवस्था गरिएको छ ।

८८ निर्यात प्रवर्द्धनका लागि चालु आर्थिक बर्षमा स्थापना गरिएको निर्यात प्रवर्द्धन कोषका लागि रु.१ करोड ५० लाख विनियोजन गरिएको छ । उक्त निर्यात प्रवर्द्धनकोष मार्फत स्वदेश तथा विदेशमा निर्यात प्रवर्द्धनका विविध कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छन् । प्रमुख निर्यातक वस्तु गलैचाको देशगत विविधिकरण गर्ने कार्यमा मुख्य जोड दिई गलैचाको निर्यात बृद्धि गरिनेछ । त्यस्तै तयारी पोशाक लगायतका अन्य निर्यातयोग्य वस्तुको निर्यात प्रवर्द्धनका लागि कुटनैतिक नियोगहरुलाई परिचालन गरिनेछ । हालै अबलम्बन गरिएको निर्यात प्रवर्द्धनको कार्यक्रम प्रभावकारी ढंगले कार्यानवयनमा ल्याउनुका अतिरिक्त कृषि बन, खानीजन्य वस्तुको निर्यातमा थप टेवा दिइनेछ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी यी उद्योगबाट उत्पादित वस्तुहरुको निर्यातमा विशेष प्रोत्साहन दिइनेछ ।

८९ अति आवश्यकीय उपभोग्य वस्तुहरुको नियमित र सुलभ आपूर्ति मूल्यको अनुगमन तथा सुपथ मूल्यका पसलहरु अधिराज्यका विभिन्न स्थानमा संचालन गर्नका लागि रु.२६ करोड ३५ लाख विनियोजन गरिएको छ । यसमध्ये खाद्यान्न मौजदातको यथेष्ट व्यवस्था गरी अति आवश्यकीय वस्तुको आपूर्तिद्धारा जनतालाई राहत पुऱ्याउन र यस्ता वस्तुको मूल्यमा बढी चाप पर्न नदिनका लागि नेपाल खाद्य संस्थानलाई रु.२५ करोड ८८ लाख अनुदान दिने व्यवस्था गरिएको छ । देशका दुर्गम तथा पिछडिएका जिल्लाहरुमा समेत नयाँ बिक्री डिपोहरु खोल्ने तथा ढुवानी खर्च घटाउन स्थानीय बजारबाट खाद्यान्न खरिद गर्ने जस्ता कार्यक्रमहरु नेपाल खाद्य संस्थान मार्फत कार्यान्वयनमा ल्याइने छ ।

९० श्रमिक वर्गको हक हितको रक्षा गर्न तथा बढ्दो श्रम शक्तिलाई रोजगारीका अवसरहरु उपलब्ध गराउन श्रम मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिने छन् । यी कार्यक्रमहरु लागि रु.८ करोड १८ लाख विनियोजन गरिएको छ । ग्रामीण क्षेत्रमा रोजगारीमूलक तालीम संचालन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा स्थानीय मागका आधारमा व्यवसायिक घुम्ती तालीम कार्यक्रमहरु संचालन गरिने छन् । त्यसै गरी सीप विकास तालीम केन्द्रहरुद्धारा संचालित तालीम कार्यक्रमहरुलाई अझ व्यापक र विविधिकरण गरिने छ । रोजगारी तथा सूचना केन्द्रहरुबाट हरेक जिल्लामा बेरोजगारी स्थितिको अभिलेख अद्यावधिक गर्दै जाने परिपाटीको थालनी गरिनेछ । यसबाट श्री ५ को सरकारलाई रोजगारी अभिबृद्धिका लागि उपयुक्त नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न मद्दत पुग्ने छ । बैदेशिक रोजगारी प्रवर्द्धनका लागि आगामी आर्थिक बर्ष देखि काठमाडौंमा एक बैदेशिक रोजगारी तालीम केन्द्रको स्थापना गरि तालीम कार्यक्रम संचालन गरिनेछ र यसबाट बैदेशिक रोजगारी बढाउन सहयोग पुग्ने छ । त्यसै गरी रोजगारी विनिमय सेवा कामदारहरुको स्वास्थ्य तथा सुरक्षा कार्यक्रम, उनी गलैचा बालश्रम निवारण कर्कम, कमैया तथा महिला सीप विकास तालीम कार्यक्रमहरुद्धारा श्रमिक वर्ग, बाल श्रमिक तथा कमैया महिलाको हक हितको रक्षा गरिने छ ।

९१ ग्रामीण क्षेत्रका बेरोजगार, असहाय, सीमान्त कृषकहरु तथा विपन्न महिलाहरुको उत्थानका लागि ग्रामीण विकास बैकहरुलाई अझ क्रियाशी बनाइने छ । मध्यमाञ्चल विकास क्षेत्रमा पनि एक ग्रामीण विकास बैकको स्थापनाको लागि रु.१ करोड विनियोजन गरिएको छ । शहरी क्षेत्रमा रहेको शैक्षिक बेरोजगारी समस्या कम गर्ने तथा बेरोजगार युवा तथा युवतीहरुलाई उद्योग, व्यवसायमा लगाई उनीहरुको सृजनशीलता बढाउने र आय श्रोतको सुनिश्चितता प्रदान गर्ने उद्देश्यले आगामी आर्थिक बर्ष एक रोजगार बैकको स्थापना गरिने छ । यसका लागि रु.१ करोड विनियोजन गरिएको छ । नेपाल औद्योगिक विकास निगमको पूँजी अभिबृद्धि गर्न रु.२ करोड विनियोजन गरिएको छ ।

९२ आगामी आर्थिक बर्ष राजश्व सुदृढीकरणतर्फ विशेष ध्यान दिइने छ । कर प्रणाली पुनरावलोकन कार्यदलबाट प्राप्त सुझावहरु समेतको आधारमा राजश्व सम्बन्धी कार्यालयहरुको भौतिक अवस्थामा सुधार गरिने छ । त्यसै गरी आगामी आर्थिक बर्षदेखि स्वचालित भन्सार तथ्याक सूचना प्रणाली स्थापना गरिनेछ ।

९३ आगामी आर्थिक बर्ष नबौं योजनको आधारभूत सिद्धान्त तयार गर्न रकम विनियोजन गरिएको छ । आयोजनाहरु समयमै पुरा गर्न र योजनाको प्रभावकारीता बढाउन मूल्याङ्कन अनुगमन व्यवस्था सुदृढ गर्न नितान्त जरुरी भएकोले यसको लागि आवश्यक रकम विनियोजन गरिएको छ । त्यसै गरी तथ्याङ्कको आधार फराकिलो पार्ने तथा राष्ट्रिय लेखा अनुमानहरु बढी भरपर्दो बनाउने कार्यक्रमका लागि समेत रकम विनियोजन गरिएको छ । आगामी आर्थिक बर्ष जीवनस्तर मापन सर्वेक्षण कार्य पुरा गरी गरीबीको रेखामुनी रहेका जनताको पहिचान गरिनेछ र यही पहिचानको आधारमा गरीबी निवारणका विविध कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने थप व्यवस्था मिलाइने छ ।

९४ विगत केही बर्षदेखि भइरहेको मूल्य बृद्धिको तुलनामा राष्ट्र सेवकहरुको पारिश्रमिकमा बृद्धि हुन सकेको छैन । बढ्दो महंगीको मारबाट केही राहत दिने उद्देशयले चालु आर्थिक बर्षको पौष महिना देखि सबै कर्मचारीलाई प्रति महिना रु.३०० का दरले महँगी भत्ता प्रदान गरिएको थियो । विद्यमान तलब स्तर तथा विगतको केही बर्ष यताको महँगीको तुलनामा उक्त सुविधा पर्यापत छैन । त्यसैले राष्ट्रसेवकहरुको विभिन्न तहको तलब स्तरको मूल्याङ्कन गरी नयाँ तलब स्तर निर्धारण गर्न र मूल्य बृद्धिदरका आधारमा तलब बृद्धि गदै जाने दीर्घकालीन नीति अबलम्बन गर्न जरुरी छ । विद्यमान अवस्थामा श्री ५ को सरकारबाट त्यसतर्फ आवश्यक निर्णय लिन सम्भव नभएकोले केही सुबिधा थपी राष्ट्रसेवकहरुलाई राहत दिने प्रबन्ध मिलाइएको छ । सो अनुरुप आगामी आर्थिक बर्षदेखि रु.३०० भत्तालाई तलबमा गाभिने छ । त्यसको अलावा महँगीबाट राहत प्रदान गर्न प्रति कर्मचारी मासिक रु.१५० का दरले महँगी भत्ता दिने व्यवस्था गरिउको छ । साथै जिल्ला न्यायधीशहरुको मर्यादा अनुरुप तलबमान कायम गर्न जिल्ला न्यायाधीशरुको तलबमा बृद्धि गरिएको छ ।

९५ माथि प्रस्तुत गरिएको साधारण र विकासतर्फको कूल व्यय अनुमान रु.५२ अरब ८९ करोड ४५ लाखको लागि राजश्वको वर्तमान श्रोतबाट रु.३० अरब ६८ करोड २८ लाख बैदेशिक अनुदानबाट रु.५ अरब ४१ करोड ५ लाख, बैदेशिक ऋणबाट रु.१३ अरब ४० करोड १२ लाख व्यहोरिने भई रु.३ अरब ४० करोड न्यून रहनेछ ।

अब म करहरुमा गरिएका परिवर्तनहरुका सम्बन्धमा जानकारी गराउन चाहन्छु ।

९६ देशमा पूर्वाधारहरुको विस्तार र तिनको मर्मत तथा सम्भारको निमित्त पनि असिमित पूँजी लगानी गर्नुपर्ने आवशयकता छ । त्यस्तै राष्ट्र माथि ऋणको बोझ धेरै नथपी विकास र निर्माणको गति तीव्र पार्न आन्तरिक राजश्व परिचालनमा विशेष जोड दिनु पर्ने खाँचो छ। अर्को तर्फ आन्तरिक राजश्व परिचालनका नीतिहरु तर्जुमा गर्दा देशमा लगानी, उत्पादन, रोजगारी, आपूर्ति

तथा मूल्यमा अनुकूल प्रभाव पार्नुका साथै कर प्रणालीलाई बैज्ञानीक एवं सरल पार्नु पर्ने पनि हुन्छ । त्यसैले नेपालको राजश्व तथा कर प्रणालीलाई यस अनुरुप तुल्याउनु अत्यन्त जरुरी महशुस गरि अघिल्लो पटक बजेट पेश गर्दा संसद सामु एक उच्च स्तरीय कर प्रणाली पुनरावलोकन कार्यदल गठन गर्ने र त्यस कार्यदलले दिएका सुझावहरुको आधारमा कर प्रणालीमा सुधार गर्ने बचत बद्धता व्यक्त गरिएको थियो । त्यस अनुसार उक्त कार्यदलका साथै केन्द्रिय टेरिफ बोर्डको प्रतिवेदन समेत हाल श्री ५ को सरकारलाई प्राप्त भएको छ । त्यस अतिरिक्त नेपाल उद्योग वाणिज्य महासंघ नेपाल चेम्बर अफ कमर्स लगायत विभिन्न औद्योगिक, ब्यापारिक तथा व्यवसायिक संघ संस्था र सम्बन्धित क्षेत्रका विशेषज्ञहरुको राय सुझाव समेत प्राप्त भएको छ । यसरी प्राप्त राय सुझावहरु कर प्रणालीमा दीर्घ कालिन सुधार गर्न अत्यन्त महत्वपूर्ण र उपयोगी भएता पनि देशमा उत्पन्न विशेष राजनैतिक परिस्थितिको कारणले तत्काल ती राय सुझावहरु कार्यान्वयनमा ल्याउन सम्भव भएन । त्यसैले हाल कायम रहेको कर प्रणालीको संरचनालाई निरन्तरता दिई तयस अन्तर्गत केही सुधार र परिवर्तन गरी राजश्व प्रस्ताव तयार गरिएको छ । निर्वाचित भई आउने नयाँ सरकारले तयार पारी रारिखएका कर प्रणाली सुधारका प्रस्तावहरु कार्यान्वयन गर्नेछ भन्ने विश्वास लिइएको छ ।

९७ यहा जानकारी गराउन लागिएका कर सम्बन्धि परिवर्तनहरु निम्न उद्देश्यबाट निर्देशित छन् :

(क) देश भित्र उद्योग, ब्यापार, व्यवसाय फष्टाउन मद्धत गर्ने,
(ख) देशमा लगानी, उत्पादन तथा रोजगारीका अवसरहरु विस्तार गर्ने,
(ग) आपूर्ति व्यवस्थालाई मजबुत तुल्याई मूल्य बृद्धि दर नियन्त्रित स्तरमा राख्ने,
(घ) कूल कर राजश्वमा प्रत्यक्ष करको योगदान बढाउँदै लागि न्यून आय भएका जनताहरुलाई करको बोझ कम गर्ने,
(ङ) करको दायरालाई विस्तार गरी न्यायपूर्ण रुपमा करका न्यून दरबाट अधिकतम राजश्व परिचालन गर्ने,
(च) कर प्रणालीलाई सरल तथा पारदर्शक तुल्याउनुका साथै राजश्व प्रशासनमा व्यवसायिक दक्षता अभिबृद्धि गर्ने ।

आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु,

अब म प्रत्यक्ष करमा गरिएका परिवर्तनका सम्बन्धमा जानकारी गराउँदछु ।

९८ प्रत्यक्ष कर, कर योग्य आम्दानी तथा सम्पत्तिमा लाग्ने कर हो । हाल कुल कर राजश्वमा यी करहरुको योगदान २० प्रतिशतका हाराहारीमा छ । प्रत्यक्ष करको योगदान यति न्यून हुनुका कारणहरु मध्ये गरीबीको रेखामुनी रहेका जनताको संख्या बढी हुन, कृषि उद्योग, आदिबाट आर्जन हुने आयमा कर नलाग्नु र विभिन्न आर्थिक क्रियाकलापहरुलाई प्रोत्साहित गर्न कर छुट दिनु प्रमुख हुन । तथापि कर प्रणालीमा रहेको जटिलता र राजश्व प्रशासनको सीमित व्यवसायिक दक्षताको कारणबाट प्रत्यक्ष करबाट हुन सक्ने जति राजश्व परिचालन हुन सकिरहेका छैन । त्यसैले प्रत्यष करहरुबाट बढी राजश्व परिचालन गर्न यी करहरुमा प्रक्रियागत सुधार तथा कर प्रशासनमा सुदृढिकरण गर्नुपर्ने हुन्छ । साथै करका उच्च दरहरुले पनि कर तिर्ने प्रबृत्तिलाई निरुत्साहित गरेको छ । यिनै कुराहरुलाई दृष्टिगत गरी प्रत्यक्ष करहरु तर्फको प्रस्ताव तयार गरिएको छ ।

९९ आयकर तर्फ व्यक्तिगत आयकरको छुटको सीमा यथावत राखी उच्चतम सीमान्त दरहरु केही घटाइएको छ । यस अनुसार बीचको २५ प्रतिशतको सिमान्त दरलाई २० प्रतिशतमा र उच्चतम ३५ प्रतिशतको दरलाई ३० प्रतिशतमा झारिएको छ । यही अनुरुप यी दरहरु प्रयोग हुने आयका तहहरुमा पनि केही समायोजन गरिएको छ । यसरी आगामी बर्षको लागि व्यक्तिगत आय कर तर्फ १० प्रतिशत, २० प्रतिशत, र ३० प्रतिशतका दरहरु प्रभावकारी हुनेछन् । निश्चित आय हुने वर्गलाई केही राहत दिन पारिश्रमिक आयको खूद आय निर्धारण गर्दा दिइएको रु.५ हजारको छुटलाई बृद्धि गरी रु.७५०० कायम गरिएको छ । त्यसै गरी १० प्रतिशत दर लाग्ने आय ब्राकेट रु.२५ हजारबाट बृद्धि गरि रु.४० हजार कायम गरिएको छ । कम्पनीहरुमा समेत लगानी प्रोत्साहित गर्न हालको ३५ प्रतिशतको कम्पनी आय करको दरलाई घटाई ३३ प्रतिशत कायम गरिएको छ । यसबाट प्रत्यक्ष रुपमा केही राजश्व घट्ने भएतापनि यस परिवर्तनबाट लगानी तथा कर तिर्ने प्रबृत्ति प्रोत्साहित हुने भएकोले समग्रमा राजश्व परिचालनमा अनुकूल प्रभाव पर्ने छ ।

१०० साझेदारी फर्महरुलाई हाल सम्म कुनै छुट नदिई व्यक्तिगत आय करका दरहरु लगाई आएकोमा अब उप्रान्त कम्पनी आय करको दर लगाई राजश्व असुल गर्ने व्यवस्था गरिएको छ ।

१०१ घरेलु तथा साना उद्योगहरुको आय तथा कर दायित्व निर्धारण प्रक्रिया सरल होस् भन्ने उद्देश्यले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका रु.४ लाख ५० हजार सम्मको बार्षिक कारोवार गर्ने उद्योगहरुले समेत वार्षिक एक मुष्ठ रु.१ हजार कर तिरे पुग्ने व्यवस्था गरिएको छ ।

१०२ साना कम्पनीहरुबाट आएको हालको स्वय कर निर्धारण प्रक्रिया खर्चिलो र झण्झटपूर्ण भयो भन्ने गुनासोलाई दृष्टिगत गरी रु.१५ लाख सम्मको बार्षिक कारोवार गर्ने स्वय कर निर्धारण प्रक्रिया अन्तर्गतका कम्पनीहरुले कर लेखा परिक्षण गराउन नपर्ने व्यवस्था गरिएको छ ।

१०३ हालसम्म सम्पूर्ण आय करदाताहरुले बर्षे पिच्छे आय कर दर्ता नविकरण गर्नुपर्ने व्यवस्था रहेकोमा खास किसिमका आय कर दाताहरुको निमित्त यो व्यवस्था औचित्यपूर्ण नदेखिएकोले समयमा आय विवरण पेश गरि कर भुक्तानी गरेका सरकारी संस्थानहरु तथा स्टक एकस्चेन्जमा सूचीकृत भएका पब्लिक लिमिटेड कम्पनीहरुले आय कर दर्ता नविकरण गर्न नपर्ने व्यवस्था गरिएको छ ।

१०४ अग्रिम आय कर कट्टी गरी निर्धारित समय भित्र सरकारी खातामा जम्मा गर्नु पर्ने दायित्व भएका व्यक्ति तथा संस्थानहरुमा यसरी कर कट्टी गरेको रकम निर्धारित समय भित्र सरकारी खातामा जम्मा नगर्ने प्रबृत्ति बढ्दै गएको देखिएकोले यस्तो प्रबृत्तिलाई निरुत्साहित गर्न आगामी आर्थिक बर्ष देखि कर कट्टी गरेको रकम समयमा जम्मा नगर्ने व्यक्ति तथा संस्थासँग यस्तो रकमको बार्षिक १५ प्रतिशतका दरले थप शुल्क असुल गर्ने व्यवस्था गरिएको छ ।

१०५ आयकर सम्बन्धि व्यवस्थाहरु कार्यान्वयन गर्ने क्रममा आई पर्ने कठिनाईहरु निवारण गर्ने उद्देश्यले करदाताहरुबाट अग्रिम निर्देशनको लागि माग भई आएमा त्यस सम्बन्धमा अग्रिम आदेश दिने व्यवस्था गरिएको छ ।

१०६ घरजग्गा बहाल कर र ब्याज कर सम्बन्धी हालको व्यवस्थामा कुनै परिवर्तन गरिएको छैन ।

१०७ आय कर व्यवस्थामा माथि उल्लेख गरिएका परिवर्तन तथा प्रशासन सुदृढिकरणबाट जम्मा रु.३० करोड थप राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

१०८ हालको सम्पत्ति कर प्रति सम्पत्ति करदाताहरुको दृष्टिकोण शुरु देखि नै प्रतिकूल रहँदै आएकोले यो कर राजश्व परिचालनको दृष्टिले उपयोगी सिद्ध हुन सकि रहेको छैन । साथै यो कर हाल अधिराज्यका ३६ वटा नगरपालिकाहरु मध्ये १६ वटा नगरपालिकामात्र लागि आएको छ । यसरी राजश्वको दृष्टिले अनुत्पादक रहेको र सिमित नगरपालिकाहरुमा मात्र यो कर लगाउनु सामाजिक न्यायको दृष्टिले उचित नभएको हुँदा हालको सम्पत्ति करको व्यवस्थालाई खारेज गरि ३६ वटै नगरपालिका तथा अन्य तोकिएका शहरी क्षेत्रका घर जग्गामा मात्र हालकै दरमा घर जग्गा कर लगाउने व्यवस्था गरिएको छ ।

१०९ सम्पत्ति करमा गरिएको यस परिवर्तनबाट रु.६ करोड ५० लाख थप राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

११० हालको घर जग्गा रजिष्ट्रेशन व्यवस्था अन्तर्गत हालै देखिएको बकस पत्र दिने व्यवस्थाको दुरुपयोग गरि राजश्व छल्ने प्रबृत्ति निकै बढेको पाइएको छ । त्यसैले यो प्रबृत्तिलाई निरुत्साहित गर्नु जरुरी भएकोले तीन पुस्ता बाहिरको हालै देखिको रु.५ हजार भन्दा बढी थैलीको बकस पत्रमा शहरी क्षेत्रको लागि ३० प्रतिशत र अन्य क्षेत्रको लागि २० प्रतिशत रजिष्ट्रेशन दस्तुर कायम गरिएको छ । यसै गरी कार्यालयलाई घरै बोलाई रजिष्ट्रेशन गर्ने व्यवस्थाबाट पनि जग्गाको स्वामित्व हस्तान्तरणमा केही विसंगतिहरु श्रृजना भएकोले त्यसलाई निरुत्साहित गर्न कार्यालयलाई घरै बोलाई रजिष्ट्रेशन गराए वापत लाग्ने थप दस्तुर बृद्धि गरि प्रति लिखत रु.१ हजार ५०० कायम गरिएको छ । साथै अंशवण्डा, अंश बुझेको भपाई मानु छुट्टिएको वा मानु जोडिएको अधिकार पत्र, धर्मपुत्र, शेष पछिको बकस पत्र र बन्धकी तमसुकको लिखत बाहेक अर्कै जिल्लामा घर जग्गाको अन्य किसिमको लिखतहरु पारित गर्दा लाग्ने दस्तुर बृद्धि गरी १५ प्रतिशत कायम गरिएको छ । मालपोत भूमिकर तथा घर जग्गा रजिष्ट्रेशनका अन्य व्यवस्थाहरु साविक बमोजिम नै राखिएको छ ।

१११ यी परिवर्तनहरुबाट रु.१० करोड ५० लाख थप राजश्व परिचालन हुने अनुमान गरिएको छ ।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,

अब म अप्रत्यक्ष करहरुमा गरिएका परिवर्तन सम्बन्धमा जानकारी गराउन चाहन्छु ।

११२ अप्रत्यक्ष करहरुबाट नेपालमा कुल कर राजश्वको झण्डै ८० प्रतिशत राजश्व प्राप्त हुने गरेको छ । राजश्व परिचालनको अतिरिक्त यी करहरु देशको औद्योगिकीकरण, आपूर्ति तथा मूल्यको दृष्टिले समेत अत्यन्त महत्वपूर्ण छन् । भन्सार, अन्तशुल्क तथा बिक्रीकर जस्ता प्रमुख अप्रत्यक्ष करहरुको संरचनामा उपयुक्त सन्तुलन कायम हुन नसकेमा त्यसबाट राजश्वका अतिरिक्त देशको औद्योगिक, ब्यापारिक, आपूर्ति तथा मूल्यमा समेत प्रतिकुल असर पर्न जाने हुनाले अप्रत्यक्ष कर सम्बन्धि प्रस्तावहरु तयार गर्दा यी करहरु बीच उचित सन्तुलन कायम गर्ने प्रयास गरिएको छ ।

११३ करका उच्च दरहरुबाट कर तिर्ने प्रबृत्ति निरुत्साहित हुनुका साथै कर प्रशासनमा पनि विकृतिहरु आउने र असक्षम उद्योगहरु पनि संरक्षणको कारणले मात्र जीवित रहने जस्ता विसंगतिहरु उत्पन्न हुन्छन् । यहि तथ्यलाई दृष्टिगत गरी भन्सार दरबन्दीमा केही हेरफेर गरिएको छ । यस अनुसार हालको उच्चतम पैठारी महसूल दर ११० प्रतिशतबाट घटाई ६० प्रतिशत कायम गरिएको छ । यसबाट गुम्न जाने राजश्व सवारी साधनहरुमा थप महशूल तथा हात हतियार र गोली गट्ठा पैठारीमा इजाजत दस्तुर बृद्धि गरी पूर्ति गर्ने व्यवस्था गरिएको छ । मदिरा तथा चुरोटको पैठारीमा आन्तरिक उत्पादनमा बुझाउनु पर्ने अन्तःशुल्क सरहको समीकारक महशूल लाग्ने हुँदा पैठारी नहुने भएकोले यसबाट राजश्वमा प्रतिकूल असर पर्ने छैन ।

११४ वहुदर कर प्रणालीले कर प्रशासनलाई झमेलापूर्ण बनाउने हुनाले पैठारी महसूलको हालको ३० प्रतिशतको दरलाई खारेज गरी ५,१०,२०,४० र ६० प्रतिशतका ५ वटा दरहरु कायम गरिएको छ । हाल ३० प्रतिशतको दर लागी आएका सामानहरु मध्ये औद्योगिकीकरण, आपूर्ति, मूल्य तथा राजस्वको सम्भावनालाई दृष्टिगत गरी केहीलाई ४० प्रतिशत र केहीलाई २० प्रतिशतको दर लाग्ने गरी समायोजन गरिएको छ । यसरी दरहरु समायोजन गर्दा देशमा उत्पादन नहुने वस्तुको आपूर्ति सुदृढ गर्ने र देशमा उत्पादन हुने वस्तुहरुलाई प्रोत्साहित गरी तिनीहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने सिद्धान्तलाई मूल आधार बनाइएको छ । यस अनुसार छाता, फोटो फिल्म, छाला तथा प्लाष्टिकका व्याग र बाकस, अभ्यास पुस्तिका, उनी कपडा, कम्बल, तन्ना, कांटा, चम्चा, एम्प्लीफायर, श्यामस्वेत टेलिभिजन, भित्ते घडी, लाइटर, क्यामेरा आदिमा हालसम्म ३० प्रतिशत पैठारी महसूल लागी आएकोमा अब २० प्रतिशत महसूल लगाइने छ भने क्यालेण्डर, मार्वल र मार्वल चिप्स, रंग रोगन, सलाई, स्ट्रवोर्ड, त्रिपाल, छड र डण्डी, फलामका पाइप, फलाम र स्टिलका तार, डोरी, जाली, चकलेट, इटा, टायल, टेम्पो, फर्निचर आदिमा हाल ३० प्रतिशत पैठारी महसूल लागी आएकोमा अब ४० प्रतिशत महसूल लपगाइने छ । यसै गरी अन्य दरहरुमा विजुलीका वल्व, अण्डा राख्ने प्लास्टिकको ट्रे, अडियो क्यासेट, स्पुल रेकर्डर, लाइटर ग्यास, चिनीया माटाका भांडा, इमरजेन्सी लाइट, संगीत सामग्रीको पैठारीमा पैठारी महसूल घटाई २० प्रतिशत कायम गरिएको छ ।

११५ भर्खर फस्टाउन लागेका स्वेदशी उद्योगहरुलाई प्रोत्साहन दिन र उनीहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न पशु आहार उद्योगको लागि आवश्यक हुने फिड सप्लीमेण्टको पैठारीमा हाल लागी आएको महसूल दरमा ८० प्रतिशत छुट दिई १ प्रतिशत मात्र महसूल लिई विक्री कर पूरै माफी गरिएकोछ। फोटोग्राफिक उद्योगलाई प्रोत्साहित गर्न फोटोग्राफिक केमिकलको पैठारीमा पैठारी महसूल २० प्रतिशतबाट घटाई १० प्रतिशत कायम गरिएको छ । ल्यूब्रिकेन्ट उत्पादनको निमित्त आवश्यक हुने एडिटिभ्स्मा पैडारी महसूल घटाई ५ प्रतिशत मात्र कायम गरिएको छ । यसै गरी उत्पादनको गुणस्तर कायम राख्न औद्योगिक प्रतिष्ठानहरुमा जडान गरिने दुई टन क्षमता भन्दा बढीको एयरकन्डिशनरमा पैठारी महसूल घटाई १० प्रतिशत मात्र कायम गरिएको छ । नेपालको परम्परागत सीप उपयोग भई निर्यात प्रवर्द्धन गर्ने पर्याप्त सम्भावना भएको हस्तकला उद्योगलाई प्रोत्साहित गर्न हस्तकलाका तयारी सामानको पैठारीमा पैठारी महसूल वृद्धि गरी ४० प्रतिशत कायम गरिएको छ । यसै गरी छाता उद्योगहरुलाई प्रोत्साहित गर्न छाता उत्पादनको लागि आवश्यक हुने कपडाको पैठारीमा पैठारी महसूल २० प्रतिशतबाट घटाई ५ प्रतिशत कायम गरिएको छ । स्वदेशी टायर, ट्यूव उद्योगलाई प्रोत्साहित गर्न रवर केमिकलहरुको पैठारीमा पैठारी महसूल घटाई ५ प्रतिशत कायम गरिएको छ ।

११६ हालका वर्षहरुमा नेपालका राष्ट्रिय तथा राष्ट्र भाषाका गीत संगीत रेकर्ड गरी प्रचार प्रसार गर्ने कार्यमा निकै तीव्रता आएको छ । यस कार्यलाई अझ प्रोत्साहित गर्न स्पूल रेकर्ड, हाइ स्पिड क्यासेट डुप्लिकेशन जस्ता मेशिनको पैठारीमा लाग्ने पैठारी महसूल घटाई २० प्रतिशत कायम गरिएको छ । माथिका परिवर्तनहरुबाट स्वदेशी उद्योगहरु प्रोत्साहित हुनुका साथै आपूर्ति व्यवस्था सुदृढ भई मूल्य माथिको चाप पनि कम हुन जाने विश्वास लिइएको छ ।

११७ हाल देशका प्रमुख शहरी क्षेत्रमा प्रदुषण समस्या गम्भीर हुंदै गएको र त्यसका प्रमुख कारणहरु मध्ये सवारी साधनहरु एक भएकोले प्रदुषण नगर्ने सवारीका साधनहरुको उत्पादन तथा पैठारीलाई प्रोत्साहित गर्न इलेक्ट्रिक व्याट्रिबाट चल्ने तीन पाङ्ग्रे टेम्पोको उत्पादनमा प्रयोग हुने चेसिस सहितको इन्जिन, मोटर, एकुमुलेटर, व्याट्री तथा व्याट्री चार्जर जस्ता पार्टपूर्जाको पैठारीमा विक्री कर नलाग्ने गरी ५ प्रतिशत मात्र पैठारी महसूल लाग्ने व्यवस्था गरिएको छ । इलेक्ट्रिक व्याट्रीबाट चल्ने तयारी कार, जीप, मिनीबस तथा बस पैठारी गर्दा १० प्रतिशत मात्र पैठारी महसूल लाग्ने व्यवस्था गरिएको छ । यसबाट शहरी क्षेत्रमा बढ्दै गएको प्रदुषण नियन्त्रण गर्न सघाउ पुग्न जानुको साथै वैदेशिक लगानी पनि प्रोत्साहित हुने विश्वास लिइएको छ ।

११८ देशमा बढ्दै गएको कम्प्यूटरको प्रयोग र यसलाई अझ प्रोत्साहित गर्नु पर्ने कुरालाई दृष्टिगत गरी कम्प्यूटर पार्टपूर्जाको पैठारीमा लाग्ने महसूल घटाई ५ प्रतिशत मात्र कायम गरिएको छ ।

११९ पैठारी महसूलको उच्चतम दर घटाइएको परिप्रेक्षमा हालको झिटी, गुण्टा, भारी नियमावलीलाई समयानुकूल बनाई २०५२ साल श्रावण १ गतेदेखि लागू गर्ने व्यवस्था गरिएको छ ।

१२० विगत वर्षदेखि निकासीमा देखा परेको शिथिलताको परिप्रेक्षमा निकासी सेवा शुल्कलाई हालकै स्तरमा कायम राख्नु उचित नदेखिएकोले निकासी सेवा शुल्क दर ०.५ प्रतिशत मात्र कायम गरिएको छ । यसबाट देशको निर्यात व्यापार प्रोत्साहित हुन जाने विश्वास गरिएको छ ।

१२१ भन्सार प्रयोजनको लागि गरिने पैठारी गरिएका सामानको मूल्यांकन व्यवस्थामा क्रमिक रुपमा सुधार गर्दै जाने दृष्टिले हालको २० प्रतिशत भन्दा बढीको न्यून विजकीकरणमा फरक मूल्यमा शत प्रतिशत दरमा थप शुल्क लाग्ने व्यवस्थालाई खारेज गरिएको छ ।

१२२ भन्सार दरवन्दीमा माथि उल्लेख गरिए बमोजिम भएका परिवर्तनहरु तथा प्रशासनिक सुदृढिकरणबाट रु. २४ करोड थप राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

१२३ अन्तःशुल्क तर्फ वियर र मदिरामा हाल मोल प्रतिशत र परिमाणगत दर मध्ये जुन बढी हुन्छ त्यही दर लागी आएकोमा कारखाना मूल्य स्थिर रहेको कारणबाट निर्धारित मोल प्रतिशतको दर प्रभावकारी भई त्यसबाट राजस्व परिचालनमा प्रतिकूल असर परी रहेकोले त्यसमा सुधार गर्न परिमाणगत दर प्रभावकारी हुने गरी दरहरुमा समायोजन गरिएको छ । चुरोटमा हालसम्म मोल प्रतिशतको दर लागी आएकोमा अब चुरोटलाई फिल्टर रहित र फिल्टर सहितको दुई समूहमा विभाजन गरी लम्बाईको आधारमा करको रकम निर्धारण गरिएको छ । यसो गर्दा चुरोटमा हाल न्यूनतममा ७० प्रतिशत र अधिकतममा ११० प्रतिशतसम्म अन्तःशुल्क लागी आएकोमा अब फिल्टर रहित चुरोटमा प्रति एम रु. ३०।– देखि रु. ९३।- सम्म र फिल्टर सहितको चुरोटमा प्रति एम. रु.१३५।- देखि रु.३५५।- सम्मको अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको छ । निम्न कोटीको मदिरामा पनि परिमाणगत दर प्रभावकारी हुने गरी अन्तःशुल्कको दर निर्धारण गरिएको छ ।

१२४ विडीमा हाल ३५ प्रतिशतको दरले अन्तःशुल्क लागी आएकोमा यस व्यवस्थामा परिवर्तन गरी अब विडी उद्योगहरुले आर्थिक वर्षको शुरुमा नै विक्री कर तथा अन्तःशुल्क कार्यालयबाट उपलव्ध गराइने व्याण्ड रोल खरीद गरी सोही व्याण्डरोल प्रयोग गरी विडी उत्पादन तथा विक्री गर्नु पर्ने व्यवस्था गरिएको छ । यसरी व्याण्ड रोल प्रयोग गर्ने विडी उत्पादकले प्रत्येक महिनामा व्याण्ड रोल प्रयोग गरेको मास्केवारी विवरण मात्र पेश गरे पुग्ने व्यवस्था गरिएको छ ।

१२५ ईटा, टायलमा लाग्ने हालको अन्तःशुल्क दरवन्दीमा पनि केही हेरफेर गरिएको छ । हाल ईटा तथा टायलमा अधिराज्यभरी समान दरमा अन्तःशुल्क लागी आएकोमा उत्पादन तथा कारोवारको दृष्टिले यसो गर्नु उचित नदेखिएकोले ईटा टायलमा अन्तःशुल्क लगाउने प्रयोजनको निमित्त नेपाल अधिराज्यलाई काठमाण्डौ उपत्यकालाई एक क्षेत्र, सुनसरी, मोरंग, पर्सा, वारा, रुपन्देही र बांके तथा अन्य जिल्लाका नगरपालिका तथा अन्य क्षेत्रलाई अलग अलग क्षेत्रमा विभाजन गरी क्रमशः कम दरमा अन्तःशुल्क लगाउने व्यवस्था गरिएको छ । यसो गर्दा सबै किसिमका ईटा टायलमा हालको प्रचलित दर भन्दा कम दरमा अन्तःशुल्क लाग्ने छ । विद्युत शमिक्त प्रयोग गरी मेशिनबाट उत्पादन हुने ईटा टायलमा हाल प्रतिगोटा १५ पैसा अन्तःशुल्क लागी आएकोमा सो दर घटाई प्रतिगोटा १० पैसा कायम गरिएको छ ।

१२६ अन्तःशुल्क दरवन्दीमा गरिएका यी परिवर्तनहरुबाट रु. १६ करोड थप राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

१२७ राजस्व परिचालनको दृष्टिले विक्री कर महत्वपूर्ण स्रोतको रुपमा रही आएको छ । तर यो कर सेवा क्षेत्रमा विस्तार नगरिएबाट यो करको दायरा फराकिलो हुन सकेको छैन । त्यसैले हालसम्म सेवा क्षेत्रमा निर्जीवन वीमा तथा टेलिफोन सेवामा मात्र विक्री कर लागि आएकोमा अब विज्ञापन सेवा, कुरिएर सेवा, कलर ल्याव र अटो वर्कसप सेवालाई पनि विक्री करको दायरामा ल्याई यी सेवामा ५ प्रतिशतका दरले विक्री कर लगाउने व्यवस्था गरिएको छ ।

१२८ विक्री करमा दर्ता नभएका कच्चा पदार्थ पैठारीकर्ताहरुबाट कच्चा पदार्थ खरीद गरी उत्पादन गर्ने उद्योगहरु दोहोरो विक्री करको मारमा परी उनीहरुको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन गएकोले त्यस्ता उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न तोकिएको वार्षिक रु.७ लाख भन्दा बढी मूल्यका कच्चा पदार्थहरु पैठारी गर्ने पैठारीकर्ताहरु विक्री कर प्रयोजनको निमित्त विक्रेतामा दर्ता हुनु पर्ने व्यवस्था गरिएको छ । तर साना आयातकर्ताहरु र वार्षिक रु.७ लाखसम्मको कारोबार गर्ने, मुख्य कच्चा पदार्थ स्थानीय प्रयोग गर्ने, ५ किलोवाटसम्मको विद्युत शक्ति प्रयोग गर्ने र रु.५ लाखसम्मको स्थिर पूंजी भएका उद्योगहरुलाई विक्रेतामा दर्ता गर्नु नपर्ने व्यवस्था गरिएको छ । उपरोक्त सीमाभन्दा बढीका तर साना विक्रेतालाई विक्री मूल्यको ७५ प्रतिशत मूल्यलाई खरीद खर्च मानी बांकी २५ प्रतिशत मूल्यमा मात्र विक्री कर लगाउने व्यवस्था गरिएको छ ।

१२९ २०५२ साल कार्तिक मसान्तसम्ममा विक्री कर सहितको अधिकत मुद्रा मूल्य खुद्रा विक्रीको सामानमा अंकित गर्ने विक्रेतालाई त्यसरी अंकित मूल्यलाई मान्यता दिई त्यस्ता विक्रेताले आयात गर्ने मेशिनरीका पार्टपूर्जामा कर कट्टी गर्न दिइनुका साथै त्यस्ता विक्रेताले वार्षिक फांटवारी पेश गर्न नपर्ने व्यवस्था पनि गरिएको छ । देशभित्र प्रयोग भई सकेका भुत्रा प्लाष्टिक, कागज आदि प्रयोग गरी देशभित्रै उत्पादन गरिएका सामानमा विक्री कर पूरै माफ गरिएको छ । साथै स्वदेशी सलाई उद्योगले आयात गर्ने काठका कांटी, इनर र आउटर भिनियरमा विक्री कर पूरै छुट दिइएको छ ।

१३० यसै गरी स्वदेशी विलेट, इनगटबाट उत्पादन हुने छड, डण्डी, पोलिष्टर कपडा, क्रिस्टल उनी धागो, क्यासेट टेप, टेप रेकर्डनर, टु इन वन र काठको कांटी भएको सलाईको आन्तरिक उत्पादनमा लाग्ने विक्री करमा ५० प्रतिशत छुट दिइएको छ ।

१३१ आन्तरिक उत्पादन तर्फ दुई तहको विक्री कर खारेज गरिए पछि लागू गरिएको मार्कअप व्यवस्था विक्री मूल्य पुनरावलोकन गर्ने गरी खारेज गरिएको छ ।

१३२ विक्री करमा गरिएका उपरोक्त परिवर्तनहरु तथा कर प्रशासनको सुदृटिकरणबाट रु. १३ करोड थप राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

१३३ चुहावट नियन्त्रण गरी अधिकतम मात्रामा राजस्व परिचालन गर्नु पर्ने आजको अवस्थामा मूल्य अभिवृद्धि कर एउटा प्रभावकारी माध्यम हुन सक्दछ । तर यो कर लागू गर्नु अघि यसका सबै पक्ष माथि व्यापक र गम्भिर अध्ययन तथा विश्लेषण गरी

प्रशासनिक तयारी समेत गर्नु पर्ने भएकोले आगामी वर्ष यो करको सम्बन्धमा अध्ययन, विश्लेषण तथा प्रशासनिक तयारीको काम शुरु गरिने छ।

१३४ मनोरन्जर कर तर्फ हाल चलचित्र प्रदर्शनमा प्रवेश शुल्कको प्रत्येक तहका रकममा मनोरन्जर कर निर्धारण भई आएकोमा सो व्यवस्थामा सुधार गरी प्रवेश शुल्कको प्रतिशतमा मनोरन्जर कर निर्धारण गरिएको छ। यसो गर्दा विभिन्न स्तरका चलचित्र घरहरुमा हाल लागी आएको मनोरन्जन करलाई नै आधार बनाई दर समायोजन गरिएको छ। नेपाली चलचित्र निर्माण र प्रदर्शन गरे वापत फिर्ता दिइने मनोरन्जन करको रकम मध्ये निर्माताहरुले हाल पाइरहेको ६५ प्रतिशतलाई यथावत राखी चलचित्र प्रदर्शकहरुले पाउने अंश १ प्रतिशतबाट वृद्धि गरी २० प्रतिशत गरिएको छ। तराईका तोकिएका जिल्लामा मनोरन्जन करमा २५ प्रतिशत छुट वा चलचित्र प्रदर्शकलाई ५ प्रतिशत थप अनुदान दिइनेछ। तर विदेशमा निर्माण गरी नेपाली भाषामा डविङ्गमा मात्र गरिएका सन्चार मन्त्रालयको स्वीकृति नलिई विदेशमा निर्माण गरिएका र विदेशी कलाकार वा विदेशी प्राविधिज्ञहरु संलग्न भएका चलचित्र, टेलिफल्म र भिडियो फिल्मका निर्माण तथा प्रदर्शकहरुलाई यस्तो सुविधा दिइने छैन। साथै नेपाली कला संस्कृतिसंग सम्बन्धित मनोरन्जनात्मक कार्यक्रम बाहेक अन्य यस्ता कार्यक्रममा प्रवेश शुल्कको १० प्रतिशतको दरले मनोरन्जन कर लगाउने व्यवस्था गरिएको छ। यसबाट नेपाली कला, संस्कृति, कलाकार तथा समग्र चलचित्र उद्योगको विकासमा सघाउ पुग्न जाने विश्वास गरिएको छ।

१३५ मनोरन्जन करमा गरिएका यी परिवर्तनहरुबाट रु. ३ करोड थप राजस्व परिचालन हुने अनुमान गरिएको छ।

१३६ उपरोक्त परिवर्तनहरु बाहेक ठेक्का कर, हवाई उडान कर होटल कर, सवारी साधन कर आदिमा कुनै परिवर्तन गरिएको छैन। अहिले पेश गरिएका भंसार, अन्तःशुल्क तथा विक्री करका दरहरु आजैका मितिदेखि लागू हुनेछन्।

१३७ माथि प्रस्तुत गरिएका कर परिवर्तनहरुबाट स्वदेशी उद्योगहरु प्रोत्साहित भई उत्पादन रोजगारी तथा आय वृद्धि हुनुका साथै आपूर्ति स्थिति सुदृढ भई मूल्य माथिको चाप घट्न जाने विश्वास गरिएको छ।

१३८ हाल नगरिपालिकाहरुले लगाउंदै आएको चुंगीकरले उद्यमी, व्यापारी तथा व्यवसायीहरु र नगरपालिकाहरुका बीच चुंगीकर संकलन गर्ने सम्बन्धमा मतभेद प्रकट हुने गरेको छ। यस करलाई सबै पक्षलाई सुविधा हुने गरी कसरी परिवर्तन गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा आवश्यक अध्ययन भई छलफल भइसकेको भए तापनि सम्बन्धित ऐनमा समेत संशोधन गर्नु पर्ने भएकोले आगामी आम निर्वाचन पछि गठन हुने सरकारले यस करको सुधारका सम्बन्धमा उपयुक्त निर्णय लिन सकिने वातावरण श्रृजना गरिएको छ।

१३९ उपरोक्त रु. ३ अरब ४० करोडको न्यून पूर्ति गर्न कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. १ अरब १० करोड परिचालित हुने भई बांकी रु. २ अरब ३० करोड खूद न्यून हुन जानेछ। उक्त न्यून रकममध्ये बैंकिङ्ग क्षेत्रबाट रु. १ अरब ३० करोड तथा गैर वैंकिङ्ग क्षेत्रबाट रु. १ अरब आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ। उक्त बजेट घाटा आगामी आर्थिक वर्षको लागि अनुमानित कूल गार्हस्थ्य उत्पादनको ०.७ प्रतिशत हुन जाने हुनाले यसबाट मुद्रा प्रदायलाई वान्छित स्तरमा कायम राखी आर्थिक स्थायित्व, मूल्य नियन्त्रण तथा शोधनान्तर स्थितिमा अनुकूलता ल्याउन सहयोग मिल्ने विश्वास लिइएको छ।

१४० अब म आगामी आर्थिक वर्षको प्रक्षेपित आर्थिक स्थिति वारे संक्षेपमा जानकारी गराउनचाहन्छु। क्षेत्रगत खर्चको विनियोजन, करका प्रस्तावहरु तथा आर्थिक सुधारका क्षेत्रमा अवलम्बन गरिने विभिन्न नीतिहरुबाट निजीक्षेत्रको लगानी प्रोत्साहित भै अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै जानेछ। यसले गर्दा आगामी आर्थिक वर्ष कूल गार्हस्थ उत्पादनको वृद्धि दर ६५ प्रतिशत भन्दा माथि जाने अनुमान छ। बजेट घाटालाई वान्छित सीमाभित्रै राखिएको हुंदा यसबाट मौद्रिक क्षेत्रमा बढी चाप नपर्ने भै आगामी वर्ष मुद्रा प्रदाय १४.० प्रतिशतमा सीमित रहने छ। उत्पादनमा वृद्धि, प्रभावकारी आपूर्ति व्यवस्थापन, बजेट घाटामा सुधार तथा वान्छित स्तरको मौद्रिक विस्तारबाट आगामी वर्षको औषत मूल्य वृद्धि दर ७ प्रतिशतको हाराहारीमा रहने छ। वाह्य क्षेत्रतर्फ व्यापार घाटाको स्थिति कायमै रहने भएतापनि पूंजी आप्रवाहको कारणले शोधनान्तर स्थिति अनुकूल रहने अनुमान छ।

१४१ वर्तमान सरकारले जनताको बीचमा गरेको प्रतिवद्धता अनुरुप कृषिमा रहेको सामन्ति शोषण अन्त्य गर्ने, उत्पीडित जाति, जनजातिको उत्थान गर्ने, सामाजिक विकासबाट मानवीय संशाधनको विकास गुणस्तरमा वृद्धि गरी देशमा गरेको उत्पादक शक्तिलाई आय आर्जन र रोजगारीको अवसर प्राप्त गर्न सक्षम तुल्याउन, साधन र अवसरहरुको पहुंच जनताको घर दैलोमा पुऱ्याई जनताका स्थानीय आवश्यकताहरु द्रुततर गतिमा पूरा गर्दै जाने तथा निश्चित समयावधिभित्र देशबाट वेरोजगारी तथा गरिबी उन्मूलन गर्ने ढंगले आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ। त्यस्तै बजेटले स्वदेशी उद्योग धन्दाको विकासका लागि स्वदेशी लगानीकर्ताहरुलाई उपयुक्त, वातावरण तयार गर्ने तथा प्रविधि, उत्पादकत्व, निर्यात प्रवर्द्धन तथा उत्पादन वृद्धिमा टेवा पुऱ्याई सवल अर्थतन्त्रको निर्माण गर्ने उद्देश्यले छनौटपूर्ण रुपमा विदेशी लगानीलाई समेत देशभित्र आकर्षित गर्ने तर्फ पनि समुचित ध्यान पुऱ्याएको छ। यसबाट निर्वाचन पछि स्थापना हुने सरकारलाई आर्थिक-सामाजिक विकासको गतिलाई तिव्रताका साथ अगाडि बढाउन दरो आधार निर्माण हुनेछ भन्ने विश्वास लिइएको छ।

१४२ अन्त्यमा नेपालको आर्थिक विकासमा चासो देखाई श्री ५ को सरकारलाई सहयोग पुऱ्याउंदै आएका सबै दातृराष्ट्र तथा संस्थाहरु प्रति आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि श्री ५ को सरकारलाई निरन्तर सहयोग मिल्ने विश्वास लिएको छु।

धन्यवाद

Effu :- @

# २०५२ साल आश्विन २९ गते संसदको नवौं अधिवेशनमा अर्थ मन्त्री डा.रामशरण महतले दिनु भएको बजेट वक्तव्य

## आर्थिक बर्ष
## २०५२।५३

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०५२

**सम्माननीय सभामुख महोदय,**

१ सम्मानीत सर्वोच्च अदालतको ऐतिहासिक फैसला पछि पुनर्जीवित भएको यस गरिमामय संसदमा नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकारको अर्थमन्त्रीको हैसियतले नेपाल अधिराज्यको आर्थिक वर्ष २०५२।५३ को आय व्यय अनुमान प्रस्तुत गर्न पाएकोमा म ज्यादै गौरवान्वीत भएको छु। यस अवसरमा सर्वप्रथम म समस्त नेपाली जनता प्रति अभिवादन गर्न चाहन्छु। यस मौकामा प्रजातन्त्र र जनअधिकारको लागि दिवंगत भएका ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु।

२ विगत महिनाहरुमा अर्थतन्त्रमा देखापरेको विसंगति, वित्तीय असन्तुलन र वाध्यताहरुकाबीच आर्थिक वर्ष शुरु भई कतिपय खर्चहरु भै सकेको अबस्थामा यस वर्षको बजेट तर्जुमा गर्नु परेता पनि प्रस्तुत बजेटमा केही मौलिक परिवर्तनहरु गर्ने जमर्को गरेको छु। बजेटले अङ्गीकार गरेका नीति तथा कार्यक्रमहरुले विकासको गतिमा द्रुतता ल्याउन, जनतालाई प्रत्यक्ष लाभ दिन तथा संयुक्त सरकारले जाहेर गरेका प्रतिवध्दतालाई क्रमशः पुरा गर्दै लगी अर्थ व्यवस्थालाई सही बाटोतिर डोर्याउन सफल हुनेछन् भन्ने विश्वास मैले लिएको छु।

३ बजेटका अन्तरनिहित सिद्धान्त तथा आय व्ययको अनुमान यस सम्मानीत सदन समक्ष प्रस्तुत गर्नु अगाडी यो सरकार सत्तामा आउदा देशको अर्थ व्यवस्थाको स्थिति संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४ गत आर्थिक वर्षको तथ्याङ्कले मुलुकको आर्थिक स्थिति सन्तोषजनक नरहेको कुरा स्पष्टतः देखाएको छ। अर्थतन्त्रमा शीथिलता आएको छ। प्रमुख परिसूचकहरुले आर्थिक क्षेत्रका सबैजसो पक्षमा आर्थिक मन्दी र ह्रासोन्मुख प्रवृत्तिको संकेत देखाएका छन्। आर्थिक वर्ष २०५१।५२ मा कुल गार्हस्थ उत्पादनको वृद्धि दर ७.३ प्रतिशतवाट झरेर २.३ प्रतिशत मात्र कायम भयो। कृषि क्षेत्रको गार्हस्थ उत्पादन यथार्थमा ०.७ प्रतिशतले ह्रास भयो। गैह्र कृषि क्षेत्रको वृद्धि दर पनि आर्थिक वर्ष २०५०।५१ को ७.३ प्रतिशतको दाँजोमा आर्थिक वर्ष २०५१।५२ मा ४.६ प्रतिशत मात्र रह्यो।

५ कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा मुख्यतः मौसमको प्रतिकुलताले गर्दा ह्रास आएता पनि रासायनिक मल, विउ विजन समयमा सर्वसाधारण किसानहरुलाई उपलब्ध गराउन नसक्नु र सिंचाई सुविधा विस्तार तर्फ शिथिलता देखाइनु जस्ता कमजोरीबाट कृषि उत्पादन वृद्धिमा वाधा पुग्न गएको छ। केही वर्ष यता देखी फस्टाउँदै आई देशको कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत भन्दा वढी हिस्सा ओगटेको र रोजगारी वृद्धिमा प्रमुख योगदान रहेको गैह्र कृषि क्षेत्रको वृद्धिमा पनि ह्रास आउनु राष्ट्रिय चिन्ताको विषय भएको छ।

६ नीतिगत विचलन र अनिश्चितताको प्रत्यक्ष प्रतिकुल प्रभाव उद्योग र वाणिज्य क्षेत्रमा देखा परेको छ। तयारी पोशाक र गलैंचा उद्योगहरु ठूलो संख्यामा बन्द भएका छन् र अन्य कैयौ उद्योगहरु रुग्ण अवस्थामा पुगेका छन्। घरेलु तथा साना उद्योगहरुको संचालनमा उल्लेखनीय कमी आएको छ। संयुक्त वैदेशिक लगानीमा आर्थिक वर्ष २०५०।५१ मा कुल स्थिर पूँजी रु.३ अर्व ३२ करोड २७ लाख भएका ३८ वटा उद्योगहरु स्वीकृत भएकोमा आर्थिक वर्ष २०५१।५२ मा कुल स्थिर पूँजी रु. १ अर्व ३ करोडको १७ वटा मात्र उद्योगहरु आकर्षित भएका छन्। उद्योग व्यवसायलाई आवश्यक पूंजी जुटाउने एक महत्वपूर्ण माध्यमको रुपमा विकसित हुदै आएको स्टक एक्सचेञ्ज बजारको गतिविधिमा शिथिलता आई यसप्रतिको जनअभिरुची र विश्वसनीयतामा समेत ह्रास आएको छ।

७ निकासी चिन्ताजनक ढंगले घटेको छ भने पैठारी तीव्र गतिले वृद्धि भएको छ। आर्थिक वर्ष २०५०।५१ को तुलनामा गत आर्थिक वर्ष कुल निकासी ७ .८ प्रतिशतले घटेको र कुल पैठारी २५ प्रतिशतले वढेको छ। आर्थिक वर्ष २०५०।५१ मा कुल निकासीले कुल पैठारीको ३७ प्रतिशत पूर्ति गरेकोमा गत आर्थिक वर्ष यो अंश घटेर २७.३ प्रतिशतमा झरेको छ। निर्यात घट्ने र आयात वढ्ने क्रम जारी छ। यस आर्थिक वर्षको प्रथम दुई महिनामा निर्यात व्यापार ७.४ ले घटेको छ। व्यापार घाटा तीव्र रुपले वढेको छ। यसबाट शोधनान्तर वचत न्यून हुनगई विदेशी विनिमय संचितिमा अत्याधिक चाप पर्दै गएको छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार पछिल्लो २ महिना भित्र परिवर्त्य विदेशी मुद्रा संचितिमा रु.३ अर्व ३४ करोड ह्रास भएको छ। २०५१ साल कार्तिक महिनाको अन्त्यमा नेपाली मुद्राको अमेरिकी डलरसंगको विनिमय दर रु. ४९।५०को हाराहारीमा स्थिर रहेकोमा यो दर अहिले रु. ५४।५० पुगेको छ। यसरी नेपाली मुद्राको क्रयशक्तिमा तीव्र ह्रास हुदै गएको छ।

८ वित्तीय क्षेत्रमा पनि विभिन्न विकृतिहरु देखापरेका छन्। देशको पूँजी उद्योग व्यवसाय र अन्य उत्पादनशील क्षेत्रवाट अनधिकृत व्यापार तर्फ पलायन हुने क्रम शुरु भएको छ। दुर्लभ विदेशी मुद्रा अपचलन गर्ने प्रवृत्ति हालै घटीत एल.सी. काण्ड जनता सामु आई सकेको छ। केही वर्ष अघि देखि नेपालको मौद्रिक नीतिमा उल्लेखनीय सुधार भई वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुबाट वित्तीय क्षेत्रको संख्यात्मक तथा गुणात्मक विकास भैरहेको अवस्थामा यसरी विकृतिहरु देखा पर्नु निश्चय पनि चिन्ताजनक छ।

९ वैदेशिक सहायता तर्फ पनि देशले ठूलो घाटा व्यहोर्नु पर्‍यो । धेरै वर्ष देखि ठूलो लगानी लगाएर तयार पारिएको अरुण तेश्रो जल विद्युत आयोजना तुहिनाले देशले अनुदान सहितको करीव रु. ३५ अर्वको विदेशी सहायता गुमाएको छ । वित्त व्यवस्थापनमा देखिएको हचुवापन र वित्तीय अनुशासनको कमीले गर्दा अन्तराष्ट्रिय क्षेत्रमा नेपालको आर्थिक व्यवस्थापनको सक्षमता र विश्वसनियतामा समेत कमी हुन गयो ।

१० सरकारी वित्तको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको पहिलो दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा कुल खर्च ४२.६ प्रतिशतले वृद्धि भई रु. ४ अर्व ५५ करोड भएको छ । राजस्व संकलन गत आर्थिक वर्षको पहिलो २ महिनामा २४ प्रतिशत का दरले वृद्धि भएकोमा यो दर घटेर चालु वर्षको सोही अवधिमा ११.१ प्रतिशतमा झरी रु. ३ अर्व मात्र भएको छ । कुल साधन परिचालनमा आएको ह्रासले गर्दा यो अवधिमा बजेट घाटा गत आर्थिक वर्षमा रु. १९ करोड भएकोमा चालु वर्ष रु. ४४ करोड पुगेको छ । यो घाटा पूर्ति गर्न नेपाल राष्ट्र बैंकवाट अधिविकर्षण (Overdraft) लिईएको छ ।

११ गत आर्थिक वर्ष मूल्य स्थितिमा भने केही सुधार देखियो । यो सुधार मुलतः अर्थतन्त्रमा आएको मन्दी र छिमेकी मुलूकको मूल्य स्थितिमा देखिएको सुधारको परिणति हो । तर, केही समययता देखि सरकारी वित्तमा देखिएको असन्तुलन, नेपाली मुद्राको विनिमय दरमा आएको ह्रास र व्याजदरमा परेको चापको कारण मूल्य सूचि उकासिन थालेको संकेत देखा पर्न थालीसकेको छ । उदाहरणका लागि राष्ट्रिय उपभोक्ता मूल्य सूचि २०५१ भाद्रमा ५.८ प्रतिशत रहेकोमा २०५२ भाद्र महिनामा वृद्धि भै ७ प्रतिशत पुगेको छ ।

१२ अर्थव्यवस्थाका बिभिन्न पक्षहरु यसरी विग्रदै गएको वास्तविकता तथ्याङ्कबाट स्पष्ट हुदा हुदै आर्थिक स्थिति सकारात्मक रहेको चित्रण गर्न आर्थिक परिसुचक तयार गर्ने अशुध्द विधिको प्रयोग भएको, कतिपय तथ्याङ्कहरु गलत अनुमानमा आधारित भएको, तथ्याङ्कहरुमा अनावश्यक समायोजन र परिवर्तन गरिएको र तिनको भ्रमपूर्ण व्याख्या गरिएको तथ्यहरु देखापरेका छन् । यसरी तथ्याङ्कको अनावश्यक समायोजनबाट विश्वसनीयता र जनताको सुसूचीत हुन पाउने अधिकारमा समेत ठूलो आघात पुग्न गएको छ ।

**सभामुख महोदय,**

१३ अव म अर्थतन्त्रमा देखापरेका अन्य केही चुनौति र समस्याहरु बारे यहां संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१४ देशको कुल लगानीको आकार अपेक्षाकृत सानो रहेको विद्यमान अवस्थामा लगानी र वचत वीच सन्तुलन कायम हुन सकेको छैन । कुल पूँजीगत लगानीको ठूलो अंश विदेशी ऋण र अनुदानवाट व्यहोरिदै आएको छ । यसवाट अर्थतन्त्र वैदेशिक श्रोतमा अधिक निर्भर हुँदै गएको र राष्ट्रले तिर्नु पर्ने ऋणभार पनि वढ्दै गईरहेको छ । त्यसैले एकातिर राष्ट्रिय वचतमा वृद्धि ल्याई लगानी र वचत वीचको अन्तर कम गर्दै लानु आवश्यक छ भने अर्कोतर्फ देशका सम्पूर्ण पक्षमा लगानी वढाउँदै उच्च तथा दिगो आर्थिक वृद्धि दर हासिल गर्नु पनि उत्तिकै जरुरी छ । यस सन्दर्भमा राष्ट्रिय वचत बढाई निजी क्षेत्रका लागि लगानीका थप अवसरहरुको सृजना गरी वैदेशिक लगानी आकर्षित गर्ने वातावरण तयार गर्नु पर्ने चुनौती हाम्रो सामु छ ।

१५ सरकारी खर्च र आम्दानी वीच तालमेल मिलाउने कार्य पनि अत्यन्त चुनौतीपूर्ण छ । खर्च अनियन्त्रित ढंगले विस्तार भएकोले यस सरकार माथि विभिन्न वित्तीय दायित्व आइपरेको र यसको तजवीज गर्ने क्षमता सीमित भएको छ । अर्कोतर्फ हालका केही वर्ष यता राजस्व संकलनमा उल्लेख्य वृद्धि भएतापनि खर्चको अनुपातमा राजस्व परिचालन भएको छैन । राजस्व मूलतः अझै आयातमा नै निर्भर छ । ठूलो मात्रामा वाह्य र आन्तरिक ऋण लिई वित्तीय घाटा पूर्ति गर्नु पर्ने अवस्था रहेको छ । सरकारी खर्चलाई अर्थतन्त्रले धान्न सक्ने हदसम्म सीमित गर्न, अधिकतम मात्रामा राजस्व परिचालन गर्न र बजेट घाटा निश्चित सीमा भित्र राख्न कठोर आर्थिक अनुशासन कायम गर्नु पर्ने आवश्यकता अपरिहार्य हुन आएको छ ।

१६ वढ्दै गएको व्यापार तथा चालु खाता घाटा हाम्रो अर्को प्रमुख चिन्ताको विषय भएको छ । गत वर्षदेखि निर्यातमा आएको व्यापक ह्रास र आयात वृद्धिको कारण व्यापार घाटा तीव्र रुपले वृद्धि भई शोधनान्तर स्थिति समेत प्रतिकुल हुन सक्ने देखिएको छ । फलस्वरुप परिवर्त्य विदेशी मुद्राको संचितिमा कमी आउने संकेत देखा परी विनीमयदरमा चाप पर्न थालेको छ । यो स्थिति कायम रहेमा विदेशी मुद्रा संचितिमा व्यापक ह्रास आउने र पूँजी पलायन हुन थाल्ने प्रष्ट छ । त्यसैले निर्यात वृद्धि गर्ने र आयात निर्यात वीच सन्तुलन कायम गर्ने चुनौती हाम्रो सामू खडा छ । यसका लागि एकातिर नेपालवाट निकासी हुने प्रमुख वस्तु गलैंचा र तयारी पोशाकको गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता कायम गरी यी वस्तुहरुको निर्यात तत्कालै पूर्व स्थितिमा ल्याउन युध्दस्तरमा कार्य गर्नु आवश्यक छ भने अर्को तर्फ निर्यात योग्य नयाँ वस्तुको पहिचान र प्रवर्धन गर्ने तथा नयाँ निर्यात बजार खोज्ने कार्य पनि उत्तिकै तदारुकताका साथ अगाडी वढाउनु पर्ने छ ।

१७ जन आकांक्षा र उपलब्धिवीचको असन्तुलन पनि एक ठूलो चुनौतिको रुपमा खडा छ । विगतमा भएका लगानीवाट वहुसंख्यक जनता लाभान्वीत हुन सकेनन् । द्रुततर गतिले वढिरहेको श्रम शक्तिको अनुपातमा आर्थिक कारोवारमा वृद्धि हुन नसकेकोले उत्पादनशील रोजगारीका पर्याप्त अवसरहरु सृजना हुन सकिरहेको छैन । भौतिक एवं सामाजिक पूर्वाधारको अपेक्षित विकास हुन नसकेबाट वहुसंख्यक पिछडिएका र निमूखा ग्रामीण जनताहरु विकासमा सक्रिय सहभागी हुन सकिरहेका छैनन् । यसले गर्दा देशमा वेरोजगारी र गरिवीको समस्या चर्किदै गएको र ठूलो जन समूदाय जीवनको

आधारभूत आवश्यकतावाट वन्चित रहेका छन् । त्यसैले उत्पादनशील रोजगारीको अवसर सृजना गर्ने र सम्पूर्ण जनतालाई विकासको मूल प्रवाहमा समाहित गरी उनीहरुको जीवनस्तर क्रमिक रुपमा उठाउँदै लाने गहनतम अभिभारा यस सरकार माथि आएको छ ।

१८ देशको वर्तमान आर्थिक संरचना बैध (Dualistic) किसिमको छ । एकातिर संगठित उद्योग व्यापार तथा सेवामा आधारित आधुनिक अर्थतन्त्रको विकास हुँदै छ भने अर्कोतिर अविकसित, विपन्न र सामान्य सेवा सुविधा विहीन वृहत ग्रामीण अर्थ व्यबस्था प्रायः यथावत स्थितिमा नै कायम रही अधिकांश जनसमुदायले कठिन जीवन यापन गर्दै आएका छन् । यस्तो बैध (Dualistic) अर्थ व्यबस्थामा एकै किसिमको नीति र कार्यक्रम उपयुक्त नहुने हुंदा एकातिर आधुनिक क्षेत्रको विकास एवं विस्तारको लागि निजी क्षेत्रका पूंजी, साधन र शक्तिलाई प्रोत्साहित गरी देशको अर्थ व्यबस्थालाई प्रतिस्पर्धात्मक क्षमताको आधारमा विश्व अर्थ व्यबस्था संग आबद्ध गर्दै जानु पर्ने आवश्यकता छ भने अर्कोतिर सामाजिक सेवाहरुमा बढी सरकारी साधन विनियोजन गरी ग्रामीण क्षेत्रमा खेर गैरहेको अपार श्रमशक्तिलाई उत्पादनशील रोजगारी दिई उत्पादन, उत्पादकत्व र आय वितरणमा सुधार ल्याउने आर्थिक नीति र कार्यक्रमलाई सर्वोपरी प्राथमिकता दिनु जरुरी छ । यसको लागि आधुनिक आर्थिक क्षेत्रतर्फ राज्यको भूमिका घटांउदै अविकसित ग्रामीण क्षेत्रको पुर्ननिर्माणको निम्ति सरकारी लगानी बढाउदै लगी राज्यले अहम् भूमिका निर्वाह गर्नु परेको छ ।

१९ देशको समग्र अर्थतन्त्र कमजोर भएको तथा यसको सन्तुलन खलवलिएको तथ्यलाई मैले माथि स्पष्ट गरिसकेको छु । समष्टिगत आर्थिक स्थायित्व विना अर्थतन्त्रका विभिन्न पक्षहरुमा सन्तुलन हुँदैन र दिगो आर्थिक वृद्धि दर कायम गर्न सकिन्न । आर्थिक वृद्धि दर दिगो नभए सम्म विकासमा निरन्तरता आउन सक्दैन र बहुसंख्यक जनताको जीवनस्तर उकास्न सकिन्न । त्यसैले अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्ने र यस्को वाह्य एवं आन्तरिक सन्तुलन पुनर्स्थापित गर्ने चुनौती हाम्रो सामु छ । यस्का लागि नीतिगत अनिश्चितता समाप्त गर्दै सरकारी लगानीलाई राजनिति भन्दा माथि राखी विकास कार्यक्रमहरु संचालन गर्न र सरकारी खर्चमा कठोर अनुशासन र पारदर्शिता कायम गरी बजेट घाटालाई बाञ्छित सीमाभित्र राख्नु आवश्यक भएको छ ।

**सभामुख महोदय,**

२० यस वर्षको बजेट तयार गर्दा मैले मुख्यतया **श्री ५ महाराजाधिराज**बाट शाही सम्बोधन मार्फत बक्स भएको श्री ५ को सरकारको नीति तथा कार्यक्रम, सरकारमा संलग्न दलहरुद्धारा जारी गरिएको संयुक्त वक्तव्य तथा आंठौ योजनाले परिभाषित गरेको दिगो आर्थिक विकास, गरीवी निवारण र क्षेत्रीय सन्तुलन जस्ता राष्ट्रिय लक्ष्यलाई ध्यानमा राख्दै माथि उल्लेखित देशको आर्थिक संरचना तथा चुनौतिहरुलाई प्रमुख आधारको रुपमा लिएको छु ।

२१ अब म यस वर्षको आय व्ययको अनुमान तर्जुमा गर्दा अवलम्वन गरिएका उद्देश्यहरु स्पष्ट गर्न चाहन्छु :

(क) समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै उदारीकरणलाई आर्थिक क्षेत्र सुधार कार्यक्रमको एक प्रमुख रणनीतिको रुपमा अघि बढाउने ।

(ख) उदारीकरणबाट प्राप्त उपलब्धिहरुलाई विपन्न र निमुखा समुदाय तथा ग्रामीण क्षेत्रमा प्रवाहित गर्दै रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने र मानवीय संसाधनको विकास गर्ने ।

(ग) गाउँलाइ नै विकासको थलो बनाई विकेन्द्रीकरणको माध्यमद्धारा स्थानीय निकायहरुलाई बढी साधन र अधिकारयुक्त पारी "गाउँको अधिकार गाउँलाई" नै प्रदान गर्ने ।

(घ) समाजका असहाय, अशक्त तथा पिछडिएका निमुखा नागरिकहरुलाई जीवन धान्न सक्षम बनाउन आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्ने ।

(ङ) सीमित साधनलाई उच्च प्राथमिकता क्षेत्रमा प्रवाहित गर्ने, विकास आयोजनाको कार्यान्वयनमा शीघ्रता ल्याउने र अनुत्पादक सरकारी खर्चमा नियन्त्रण गरी दिगो आर्थिक विकासको अवधारणा अवलम्वन गर्ने ।

(च) राजस्व प्रशासनलाई सुदृढ, सक्षम, सरल र पारदर्शी बनाई आन्तरिक साधनको परिचालन बढाउने ।

## क **समष्टिगत आर्थिक स्थायित्व कायम राख्दै उदारिकरणलाई आर्थिक क्षेत्र सुधार कार्यक्रमको एक प्रमुख रणनीतिको रुपमा अघि बढाउने ।**

**सभामुख महोदय,**

२२ देशको द्रुततर आर्थिक उन्नति राष्ट्रिय उत्पादनको वृद्धिबाट मात्र संभव हुन्छ । उत्पादन वृद्धिका लागि लगानीकर्ताहरुको अहम् भूमिका रहन्छ । तर खुल्ला एवं प्रतिस्पर्धात्मक बजार व्यबस्थाले मात्र निजी लगानीलाई प्रोत्साहित र संरक्षित गर्दछ । त्यसैले हामीले त्यस किसिमको प्रोत्साहनको वातावरण तयार पार्न र देश विकासका लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न आर्थिक उदारीकरणको रणनीति अपनाएका हौं । उदारीकरण तथा समायोजन कार्यक्रमहरुबाट प्राप्त उपलब्धिहरुको जगेर्ना गर्दै आर्थिक संरचनाका विभिन्न पक्षहरुमा नीतिगत, संस्थागत र कार्यगत सुधार गर्ने कार्यलाई आर्थिक व्यबस्थापनको अभिन्न अंगको रुपमा लिइएको छ ।

२३ आर्थिक स्थायित्वको वातावरणमा मात्र उदारीकरण नीति प्रभावकारी हुन्छ । त्यसैले अर्थतन्त्रका विभिन्न पक्षहरुबीच सन्तुलन ल्याई आर्थिक स्थिरता कायम गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ । यसका लागि मुख्यतः सरकारी खर्चमा पारदर्शिता र आर्थिक अनुशासन कायम गर्दै बजेट घाटा नियन्त्रण गरी सरकारले लिने आन्तरिक कर्जालाई निश्चित सीमाभित्र राखिने छ । निर्यात एवं पर्यटन क्षेत्रहरुबाट प्राप्त हुने वैदेशिक मुद्राको आम्दानीमा वृद्धि ल्याई वाह्य सन्तुलन कायम गर्दै शोधनान्तर स्थिति अनुकूल पार्न विशेष प्रयत्न गरिने छ । मौद्रिक नीतिमा समयानुसार सुधार ल्याई बचत र लगानीबीच रहेको असन्तुलन हटाई निजी क्षेत्रको लगानीमा अभिवृद्धि गराउने तर्फ प्रयास गरिने छ । मुद्रा प्रदायलाई वाञ्छित सीमाभित्र राखिने छ । बजार तथा आपूर्ति व्यबस्थाको माध्यमबाट मूल्यमा स्थिरता ल्याउन प्रयास गरिने छ ।

२४ उदार तथा खुल्ला अर्थतन्त्रको विकासको लागि विश्व अर्थ व्यवस्थासंग देशको अर्थ व्यवस्थालाई प्रतिस्पर्धात्मक क्षमताको आधारमा आवद्ध गरिने छ । प्रतिस्पर्धाको नाममा देशका उद्योग र अन्य आर्थिक क्रियाकलापहरुलाई अवरुद्ध पनि गरिने छैन । एकाधिकार शक्तिलाई प्रश्रय दिइने छैन । यस क्रममा भन्सार दरबन्दी, करको ढांचा, विनिमय प्रणाली र उद्योग व्यापार नीतिलाई वाह्य जगतको दांजोमा प्रतिस्पर्धात्मक बनाइने छ । बिक्रीकरलाई समयानुकूल गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी मूल्य अभिवृद्धि कर (Value Added Tax) आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिने छ । यसको निमित्त यस वर्ष प्रारम्भिक कार्यहरु पूरा गरी यस सम्बन्धी विधेयक संसदमा प्रस्तुत गरिने छ ।

२५ वैदेशिक लगानी र प्रविधि हस्तान्तरणको माध्यमवाट औद्योगिक पूर्वाधारहरुको स्थापना र विकासमा जोड दिइने छ । यातायात, संचार, खानेपानी, विद्युत, वैंकिङ्ग सेवा आदि आधारभूत पूर्वाधारहरुको विकास तथा विस्तार सम्वन्धी कार्यलाई औद्योगिक विकाससंग आवद्ध गरी वैदेशिक लगानीलाई अरु आकर्षित गर्दै लगिनेछ । विदेशी लगानीकर्ताहरुको लगानी सुरक्षित गर्ने उद्देश्यले स्थापित बहुपक्षीय लगानी सुरक्षण संस्था (Multilateral Investment Guarantee Agency) को नेपाल सदस्य भैसकेको सन्दर्भमा ऐन कानूनमा सुधार गरी लगानीकर्ताहरुलाई दीर्घकालीन सुरक्षा प्रदान गरिनेछ । दुई करोड रुपैंयासम्मको स्थीर पूंजी लगानी हुने उद्योगहरुमा हाल कायम रहेको वैदेशिक लगानीको वन्देज हटाउन सम्वन्धित ऐनमा आबश्यक सुधार गरिने छ ।

२६ सडक, सार्वजनिक यातायात तथा विद्युत जस्ता आधारभूत पूर्वाधारहरुको विकासमा "निर्माण, संचालन र हस्तान्तरण" (Build-Operate-Transfer) सिद्धान्त अनुरुप निजी क्षेत्रलाई सहभागी गराइने छ । हेटौडालाई काठमाण्डौसंग जोड्ने वैकल्पिक बाटोको रुपमा रहेको हेटौंडा(काठमाण्डौ सुरुङको बाटो र मोदीखोला, भोटेकोशी, खिम्ती, सेती जस्ता जलविद्युत आयोजनाहरु निजी क्षेत्रबाट संचालन गराउन प्रोत्साहित गरिने छ । मेलम्ची खानेपानी आयोजना निजी क्षेत्रबाट संचालन गर्नेतर्फ संभाव्यता हेरिने छ । संचार क्षेत्रका टेलिफोन र विद्युतीय संचार माध्यम (Electronic Media) मा पनि निजी क्षेत्रको संलग्नता बढाइने छ । सार्वजनिक यातायातको निमित्त ट्रलिवस संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

२७ पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा निजी क्षेत्रलाई अधिकाधिक मात्रामा सम्मिलित गराई वैदेशिक लगानी आकर्षित गराइने छ । पर्यटन क्षेत्रको समष्टिगत विकासको लागि निजी क्षेत्र समेतको सहभागितामा एक स्वायत्त "पर्यटन प्रवर्द्धन प्राधिकरण" को स्थापना गर्ने तर्फ आवश्यक अध्ययन गरी यसै आर्थिक वर्ष देखि काम शुरु गरिने छ । खुला आकाश नीतिको अभावमा निजी क्षेत्रले हवाइ सेवाको क्षेत्रमा योगदान पुर्‍याउन नसकेकोले यस आर्थिक वर्षदेखि निजी क्षेत्रका विमान सेवाहरुलाई देश बाहिर पनि उडान गर्न दिने तर्फ आवश्यक कदम चालिने छ । पर्यटन क्षेत्रहरुमा संलग्न व्यवसायीहरु खासगरी ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, हवाइ कम्पनी, होटेलहरुबाट उपलब्ध गराइने सेवाको स्तर नियमित मूल्याङ्कन गरी प्रंशसापत्र दिने व्यबस्था गरिनेछ ।

२८ विदेशी मुद्रा आर्जन गर्ने प्रमुख श्रोतको रुपमा रहेका कार्पेट, तयारी पोशाक र अन्य निर्यात योग्य बस्तुको विश्व बजारमा निर्यात प्रवर्द्धन गर्न निर्यात प्रवर्द्धन कोषको कार्यक्षेत्र विस्तार गरी उक्त कोषमा श्री ५ को सरकारले एकमुष्ठ रकम प्रदान गर्नेछ । साथै नेपालबाट निर्यात हुने कच्चा पदार्थहरु नेपालमै प्रशोधित गरी निर्यात गर्ने कार्यमा सघाउ पुर्‍याउन यस कोषलाई परिचालन गरिने छ । कोषको निर्णय प्रकृयामा निजी क्षेत्रको बाहुल्यता हुने गरी निर्यात प्रवर्द्धन समिति गठन गरिने छ ।

२९ नेपालमा कम्प्युटर सेवाको प्रयोगमा व्यापकता आउनका साथै निजी क्षेत्र समेत यस व्यवसायमा बढी आकर्षित भएको सन्दर्भमा कम्प्युटर सफ्टवेयर र सूचना प्रविधिको विकास गर्न आवश्यक पूर्वाधारहरु तयार गर्ने कार्यमा विशेष जोड दिइनेछ । कम्प्युटर सफ्टवेयर उद्योगको प्रवर्द्धन गरी अन्तराष्ट्रिय बजारमा यसको निर्यात बढाउन निजी क्षेत्रको सहभागीतामा एक सूचना प्रविधि पार्क (Information Technology Park) को स्थापनाको लागि प्रारम्भिक कार्य शुरु गरिनेछ ।

३० निर्यात व्यापारको प्रवर्द्धन कार्यमा सहयोग पुर्‍याउन र निकासी कर्ताहरुलाई कर्जा सुलभ गराउने उद्देश्यले नेपाल राष्ट्र वैंक, वाणिज्य वैंकहरु र अन्य वित्तीय संस्था शेयर होल्डर्स रहने गरी एक निर्यात आयात वैंकको स्थापनाको निमित्त सम्भाव्यता अध्ययन गरिने छ ।

३१ आयात व्यापारलाई मुलुकको आवश्यकता र धान्न सक्ने क्षमतासंग आवद्ध गरी सुव्यबस्थित गरिने छ । बैंकमा खोलिएको प्रतीतपत्र (Letter of Credit) को दुरुपयोग, विदेशी मुद्राको अपचलन, व्यापार विचलन र अनाधिकृत व्यापार नियन्त्रण गर्न अनुगमन प्रकृयालाई सुदृढ बनाइने छ ।

३२ कृषिजन्य उत्पादनको निकासीमा लागेको परिमाणात्मक बन्देजबाट उत्पादनमा प्रोत्साहन नहुने र कृषकले वास्तविक मूल्य नपाउने हुंदा मुलुकको आवश्यकता र आपूर्ति स्थिति हेरी क्रमशः त्यस्ता वन्देज हटाउँदै लगिने छ । उच्च गुंणस्तरको चामल, निजी वनबाट उत्पादित चिरान काठ र काठका फर्निचरहरु इजाजत लिई निकासी गर्न सकिने व्यबस्था मिलाइनेछ ।

३३ अन्तराष्ट्रिय व्यापारलाई सुगम र सुविधायुक्त बनाउन वीरगंजमा सुख्खा वन्दरगाह (Dry Port) को स्थापना सम्बन्धी कार्य अघि बढाइने छ ।

३४ नेपालका प्राकृतिक सौन्दर्य, मनोरम हिम श्रृङ्खलाहरु एवं नदीहरु र विशिष्ट सांस्कृतिक सम्पदाहरुको बारेमा अन्तराष्ट्रिय जगतलाई बढी भन्दा बढी जानकारी दिन तथा नयाँ निकासी बस्तुहरुको पहिचान गरी यी बस्तुहरुको बजार सुनिश्चित गर्न विदेश स्थित शाही नेपाली राजदूतावासहरु, नियोगहरु र कन्सुलेटहरु मार्फत नेपाल तथा नेपालमा उत्पादित वस्तुहरुको वारेमा प्रचार प्रसार गरिने छ । वैदेशिक सहायताको परिचालन, विदेशी लगानी आकर्षण, नेपालको अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटन प्रवर्द्धनको निमित्त आर्थिक कूटनीतिलाई मुलुकको हीत अनुकूल हुने गरी सञ्चालन गरिने छ ।

३५ कूटनीतिक सुविधा प्राप्त गर्ने विदेशी नागरिकहरु र परिवर्त्य विदेशी मुद्राको श्रोत भएका व्यक्तिहरुले आफूलाई चाहिने सामानहरु विदेशबाट झिकाउनुको सट्टा नेपालमा नै खरीद गर्न सक्ने सुविधा उपलब्ध गराउन निजी क्षेत्रलाई प्रतिस्पर्धाको आधारमा वण्डेड वेयर हाउस (Bonded Ware House) तथा करमुक्त पसल (Duty Free Shop) खोल्न दिने नीति अपनाइने छ । यसबाट देश भित्रै रोजगारी र राजश्वको अभिवृद्धि भई विदेशी मुद्राको आर्जनमा समेत केही हदसम्म सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

३६ विगत वर्षहरुमा शुरु गरिएको निजीकरण कार्यक्रमबाट सार्वजनिक संस्थान प्रति सरकारको आर्थिक बोझ घट्दै गएको, निजीकरण गरिएका अधिकांश संस्थानहरुमा निजी क्षेत्रबाट भएको व्यवस्थापन सुधार, थप लगानी तथा विस्तार आदि कार्यवाट उत्पादनमा समेत वृद्धि हुन गई पूँजी बजारको विकास र बैदेशिक लगानीमा समेत अनुकूल वातावरण बन्दै गएको कुराको पुष्टी विगतको अध्ययनले समेत गरेको छ । यस परिप्रेक्ष्यमा एकाधिकार नभएको, बजार व्यवस्थाले मूल्य निर्धारण गर्न सक्ने, व्यवस्थापन क्षमताको अभावमा नाफामा संचालन हुन नसकेका र निजी क्षेत्रबाट थप लगानी गरी प्रतिस्पर्धात्मक ढंगले संचालन गर्न सकिने केही सार्वजनिक संस्थानहरुलाई यसै आर्थिक वर्षमा निजीकरण गरिने छ । निजीकरण गर्दा सार्वजनिक संस्थानको स्वमित्वमा सर्वसाधारण जनतालाई खुला बजार प्रक्रियाबाट पारदर्शीपूर्ण ढंगले सहभागी गराइने छ । व्यवस्थापनको स्वामित्व हस्तान्तरण गर्दा प्रतिस्पर्धात्मक मूल्य, थप लगानी र उत्पादन वृद्धिका योजना एवं कर्मचारी मजदूर निरन्तरता आदि पक्षहरुको आधारमा मूल्यांकन गरिने छ । संस्थानकै कर्मचारी वा मजदूरले खरिद गर्न चाहेमा बैक ऋण प्रदान गर्ने वा संचय कोषमा जम्मा रकमको ऋण पनि प्रयोग गर्न सकिने व्यवस्था मिलाइनेछ ।

३७ हाल प्रचलित राष्ट्रिय उपभोक्ता मूल्य सूची आर्थिक वर्ष २०४०।४१ को सर्वेक्षणको आधारमा तयार गरिएकोले यसलाई अद्यावधिक गरिने छ । साथै समग्र मूल्य सूची (Wholesale Price Index) तयार गर्ने कार्य यस आर्थिक वर्ष देखि शुरु गरिने छ । आपूर्ति व्यबस्थालाई बढी प्रभावकारी बनाउन नेपाल खाद्य संस्थानले स्वयं आफ्नो डिपो नखोली सहकारी संस्था तथा निजी क्षेत्रबाट खाद्य तथा अत्यावश्यक बस्तु विक्री वितरण गर्ने प्रकृयाको विकास गरिने छ । दैनिक उपभोग्य बस्तुहरुको मूल्य अनुगमन निरन्तर रुपमा गरी आपूर्तिको माध्यमद्धारा मूल्य नियन्त्रण गर्नेतर्फ प्रयास गरिने छ । उपभोक्ताको हक हितको संरक्षण गर्न चांडै नै यस सम्बन्धी विधेयक सदनमा पेश गरिने छ ।

३८ विगत वर्षहरुमा शुरु गरिएको आर्थिक उदारीकरणको नीतिले गर्दा वित्तीय क्षेत्रमा बाणिज्य बैंकहरुको संख्या र यिनीहरुको कार्यक्षेत्रमा वृद्धि, पूंजी बजारको संगठित विकास, वित्तीय संस्थाहरुको स्थापना र विकास हुन गई रहेकोमा गत सरकारको नीतिगत अस्पष्टताको कारणले वित्तीय क्षेत्रको विकास समेत अवरुद्ध हुन गएको तथ्य सर्वविदितै छ । वित्तीय क्षेत्रलाई स्वस्थ रुपमा विकासित हुन दिएमा मात्र श्रोत र साधनको प्रभावकारी उपयोग र विनियोजन हुन गई निजी क्षेत्र लगानीतर्फ आकर्षित हुने र सरकारको सीमित साधन र श्रोतलाई अत्यधिक प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न सकिने हुंदा वित्तीय क्षेत्रको विकासका लागि सरकार संवेदनशील रहने छ । संयुक्त लगानीका बैंक तथा विमा एवं वित्तीय संस्थाहरुको स्वस्थ प्रतिस्पर्धा तथा अनुगमन प्रणाली सुदृढ गरिनेछ । वैंक तथा वित्तीय कम्पनीमा रहेका सर्वसाधारणको निक्षेपको सुरक्षण गर्ने व्यवस्था मिलाइने छ । वित्तीय सहकारी संस्थाहरुबाट हुने निक्षेप संकलन तथा लगानी कार्यमा प्रोत्साहन गरिने छ । साथै विदेशी मुद्रा सम्बन्धी नीति तथा ऐन नियममा समयानुकूल सुधार गर्दै लगिने छ ।

३९ एशियाली अर्थतन्त्रमा आएको परिवर्तनहरुलाई ध्यानमा राख्दै नेपालको भौगोलिक अवस्थिति र यहां उपलव्ध पूर्वाधारहरु खासगरी हवाइ सम्पर्क र भरपर्दो दूर संचार सेवा समेतलाई विचार गर्दा नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय कारोवार केन्द्र (Offshore Financial Center) को रुपमा विकास गर्न सकिने प्रशस्त गुञ्जायस रहेको छ । यसको निमित्त उपयुक्त वातावरण तयार पार्न यसै आर्थिक वर्ष देखि कानूनी प्रावधानहरुको व्यबस्था गर्ने कार्य शुरु गरिने छ ।

४० अर्थतन्त्रको विश्वव्यापीकरणको परिप्रेक्ष्यमा धितोपत्र कारोवार (Stock Exchange) बजारको माध्यमबाट विदेशी लगानी आकर्षित गर्न आवश्यक कानूनी, संस्थागत, र प्रकृयागत व्यबस्था मिलाउने तर्फ आवश्यक कार्य शुरु गरिने छ ।

४१ निजी क्षेत्रबाट संचालन हुने विद्यालय र महाविद्यालयहरुलाई कम्पनी कानून अनुसार संचालन गर्न दिइने नीति अपनाइने छ । यस्ता शिक्षण संस्थाहरुको भौतिक सुधारको लागि बैंकहरुबाट दीर्घकालीन ऋण दिने व्यबस्था गरिने छ । यसबाट उच्च शिक्षाको लागि विश्व विद्यालयहरुमा पर्न गएको चाप र मुलुक बाहिर जाने प्रवृत्ति हटाउन समेत मद्दत पुग्ने विश्वास लिइएको छ ।

**ख. <u>उदारीकरणबाट प्राप्त उपलब्धिहरुलाई विपन्न र निमुखा समुदाय र ग्रामीण क्षेत्रमा प्रवाहित गर्दै रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने र मानवीय संसाधनको विकास गर्ने ।</u>**

**सभामुख महोदय,**

४२ आर्थिक उदारीकरण एक साधन हो साध्य हैन । हाम्रो साध्य देशका सम्पूर्ण जनताको जीवनस्तर यथासक्य माथि उठाउनु हो । आर्थिक उदारीकरणले निजी क्षेत्रमा सुसुप्त अबस्थामा रहेको श्रृजनशीलता र उद्यमशीलतालाई बजार प्रणालीद्धारा प्रोत्साहित गर्दै उपलव्ध श्रोत र साधनको अधिकतम उपयोग गराउन सहयोग पुर्‍याउंदछ । ग्रामीण क्षेत्रका बहुसंख्यक विपन्न जनता प्रत्यक्ष लाभान्वित नभए सम्म उदारीकरण प्रकृयाले व्यापक जनाधार प्राप्त गर्न नसक्ने, यसको निरन्तरता सुनिश्चित नहुने र यो देश विकासको मूल प्रवाह बन्न नसक्ने स्पष्ट छ । त्यसैले उदारीकरणबाट ग्रामीण जनतालाई प्रत्यक्ष लाभ दिलाई यसलाई वास्तवमा देशको आर्थिक विकासको मूल रणनीति बनाउने उद्देश्यले निम्न अनुसारको कार्यनीतिको अवलम्वन गरिने छ ।

- क. कृषि, वन लगायत असंगठित क्षेत्रलाई आर्थिक सुधार कार्यक्रमको प्रकृयाभित्र समेट्ने ।
- ख. उदारीकरणबाट श्रृजना हुने आय, माग र रोजगारीका अवसरहरुमा ग्रामीण क्षेत्रका विपन्न जनसमुदायको पहुंच बढाउने ।
- ग. निजी क्षेत्रले लगानी बढाउँदै लाने आधुनिक क्षेत्रबाट सरकार क्रमशः हट्दै जाने र यसरी हुन आउने सरकारी वचत पिछडिएका ग्रामीण क्षेत्रमा सामाजिक एवं भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकासका लागि प्रवाहित गर्ने ।
- घ. देशको आय वृद्धिको अनुपातमा समाजका असहाय एवं पिछडिएका वर्गका नागरिकहरुका लागि सामाजिक सुरक्षा प्रदान गर्ने ।

४३ भूमि, वन तथा अन्य प्राकृतिक सम्पदा एवं विगतमा निर्माण गरिएका भौतिक संरचनाहरुमा ग्रामीण जनताको वैयक्तिक एवं सामूहिक अधिकार स्पष्ट र सुनिश्चित गर्न सम्बन्धित कानूनहरुमा आवश्यक संशोधन र सार्वजनिक सम्पत्ति हस्तान्तरण गर्ने नीति नियममा आवश्यक सुधार गरिनेछ । यसबाट स्थानीय श्रोत र साधनको उपयोग, मर्मत संभार, विकास र लगानीको लागि उपयुक्त वातावरण बन्दै जानेछ ।

४४ कृषि व्यवसायीकरणका लागि कृषकहरुले आफ्नो उत्पादनको अधिकतम मूल्य पाउन सक्ने अबस्था श्रृजना गर्नु अनिवार्य हुन्छ । कृषि उपज र बस्तुभाऊ देशका हरेक क्षेत्रमा निर्वाध ओसार पसार गर्न सकिने गरिनुका अतिरिक्त देशको प्रमुख खाद्यान्न वाली समेतको निर्यात खुला गरिने छ । निजी जग्गामा वन लगाउने बढ्दो प्रवृत्तिलाई अझ प्रोत्साहन दिन त्यस्ता वनबाट मात्र उत्पादित वन पैदावार निर्यात गर्न सकिने व्यबस्था पनि मिलाइने छ । भूमिको द्वैध स्वामित्व अन्त्य गर्न संसदमा विधेयक प्रस्तुत गरिने छ ।

४५ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न रासायनिक मल, वीउ वीजन, ऋण तथा सिंचाई सुबिधाको यथेष्ट विस्तार गरी ती साधनहरुमा कृषकहरुको पहुंच सहज गर्नु अति आवश्यक छ । रासायनिक मलको आयात र वितरणमा निजी क्षेत्र तथा सहकारी संस्थालाई सक्रिय बनाइने छ । निजी क्षेत्र वा सहकारी संस्थाले व्यबस्थित ढंगमा सामूहिक स्यालो ट्यूववेल संचालन गरेमा ग्रामीण विकास बैंकबाट पनि ऋण तथा पूंजी अनुदान दिने व्यबस्था मिलाइने छ । किसानहरुलाई सुलभ र प्रभावकारी तवरले सेवा सुविधा उपलव्ध गराउने शर्तमा हाल प्राय निष्कृय रहेका कृषि फार्म, मत्स्य विकास केन्द्र, वागवानी केन्द्र तथा कृषि प्रयोगशालाहरु प्रतिस्पर्धाको आधारमा निजीकरण वा सहकारीकरण गरिने छ । कृषि विकास बैंक मार्फत निजीकरण वा सहकारीकरण गरिने सरकारी संस्थाहरुमा ग्रामीण जनता समेतको व्यापक स्वामित्व कायम होस भन्ने उद्देश्यले त्यस्ता संस्थाहरुमा सर्वसाधारणका लागि छुट्याइएको शेयर कृषि विकास बैंकमार्फत ग्रामीण क्षेत्रमा पनि विक्री वितरण गर्ने व्यबस्था मिलाइनेछ ।

४६ गाउँ शहरमा सानातिना घरेलु र ग्रामीण उद्योग व्यवसायको विकास र विस्तार गरी उत्पादन र रोजगार बढाउन चाहिने पूंजी सुलभ र सहुलियत तरिकाबाट उपलव्ध गराउन निजी क्षेत्र समेतको सहभागीतामा एक छुटै साना तथा घरेलु उद्योग विकास बैंक यसै आर्थिक वर्षमा स्थापना गर्ने व्यबस्था गरिनेछ ।

४७ उन्नत पशुपालनमा पशु स्वास्थ्य सेवाको महत्वलाई दृष्टिगत गरी पशुधनको वाहुल्य भएका उपत्यका बाहिरका ग्रामीण क्षेत्रमा पशु स्वास्थ्य केन्द्र खोल्न चाहने पशु चिकित्सक वा प्रशिक्षित पशु स्वास्थ्य कार्यकर्तालाई रु. ५० हजारसम्मको ऋण सहुलियत व्याज दरमा उपलव्ध गराइने छ । त्यस्तै प्रमाणपत्र प्राप्त स्वास्थ्य कर्मीहरुलाई उपत्यका बाहीर ग्रामीण क्षेत्रमा स्वास्थ्य क्लिनिक खोल्न रु. ५० हजार सम्मको सुविधायुक्त ऋण दिइने छ ।

४८ गरीबीको रेखामुनिका जनताको आय श्रोत र रोजगारी वढाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछन् । यस अन्तर्गत ५ विकास क्षेत्रहरुकै ग्रामीण क्षेत्रका जनताहरु खासगरी महिला वर्गलाई सामुहिक धितो वा परियोजना नै धितो रहने गरी बाख्रा, कुखुरा, हांस, खरायो, मौरी पालन, रेशम खेती, सिलाई बुनाई, किराना पसल र सानातिना मर्मत जस्ता आयमूलक व्यवसायहरुमा ग्रामीण विकास बैंकहरु मार्फत ऋण प्रदान गरिने छ । ग्रामीण विकास बैंकका कार्यक्रमहरु पहाडी तथा दुर्गम क्षेत्रहरुमा पनि विस्तार गरिनेछ । गैह्र सरकारी संस्थाहरुलाई रोजगारीमूलक कार्यमा अरु बढी संलग्न गराउन, वित्तीय कारोवार गर्न इजाजत प्राप्त गैह्र सरकारी संस्थाहरुलाई नेपाल राष्ट्र बैंकमा स्थापित ग्रामीण स्वावलम्वन कोषबाट सुलभ तरिकाले ऋण उपलब्ध गराइने छ ।

४९ स्वरोजगारका लागि ग्रामीण विकास बैंक र कृषि विकास बैंकबाट दिइ आएका रु. ५ हजारसम्म ऋणका लागि ८० प्रतिशत तथा रु. १५ हजारसम्मलाई ३३ प्रतिशत व्याज अनुदान आगामी ४ वर्ष भित्र अधिराज्यका सबै जिल्लाहरुमा पुर्‍याइने छ । साथै साना किसान विकास आयोजना, महिलाको लागि उत्पादन मूलक ऋण कार्यक्रम, लघु ऋण, प्राथमिकता क्षेत्र कर्जा, आदि विद्यमान कार्यक्रमहरुका बीच समन्वय कायम गरी यिनीहरुको सेवामा अझ विस्तार ल्याईने छ । स्वरोजगारको लागि वयलगाडा, रिक्सा, ठेलागाडा आदि संचालन गर्न चाहने व्यक्तिहरुलाई परियोजना नै धितोमा राखी सरल ढंगबाट ऋण प्रदान गरिनेछ । साथै निरपेक्ष गरिवीको रेखामुनिका जनता लाभान्वित हुने गरी कार्यक्रम संचालन गर्न बाणिज्य बैंकहरुले लगानी गर्नु पर्ने रकम पनि यस्ता गैह्र सरकारी संस्थाहरु र सहकारी बैंक समेत मार्फत ग्रामीण क्षेत्रमा प्रवाह गर्ने व्यबस्था मिलाइने छ ।

५० स्थानीय बजारको माग, आवश्यकता र संभाव्यताको आधारमा प्रत्येक जिल्लामा रोजगारमूलक तालीम कार्यक्रमहरु संचालन गरिनेछन् । यस्ता कार्यक्रम संचालनको निमित्त सरकारी, निजीक्षेत्र तथा गैह्र सरकारी क्षेत्रका तालीम संस्थाहरु समेतलाई परिचालन गरिनेछ । यस अन्तर्गत घरेलु तथा साना उद्योग वा साना व्यवसाय र वैदेशिक रोजगार तालीम कार्यक्रमलाई जोड दिइनेछ । यस्तै श्रम मन्त्रालय अन्तर्गतका श्रमिक आपूर्ति केन्द्रबरा पनि रोजगारमूलक तालीमहरु संचालन गर्ने कार्यमा प्रभावकारीता ल्याइने छ ।

५१ स्वदेशी तयारी पोशाक उद्योगहरुमा स्वदेशी श्रमिकहरुको उपयोग बढाउनुको साथै उनीहरुको सीप अभिवृद्धि गर्न निजी क्षेत्रको सहभागीतामा आगामी दुई वर्ष भित्रमा १० हजार श्रमिकहरुलाई वृहत सीपमूलक तालीमको व्यबस्था गरिनेछ ।

५२ मुलुकमा प्राविधिक जनशक्ति विकास गरी आर्थिक विकासमा सहयोग पुर्‍याउन निजी क्षेत्रबाट स्थापना हुने बहु आयामिक प्राविधिक केन्द्र ( Polytechnic Institute) को भौतिक सुबिधा विकास गर्नको निम्ति सहुलियत व्याजमा ऋण उपलब्ध गराउने व्यबस्था गरिनेछ । यस्ता केन्द्रहरुमा अध्ययनरत युवा युवतीहरुलाई सहुलियत दरमा दीर्घकालीन ऋणको पनि व्यबस्था गरिनेछ ।

५३ रोजगारमूलक तथा व्यवसाय मूलक तालीम प्राप्त गरेका वा सम्बन्धित व्यवसायको अनुभव हासिल गरेका वेरोजगार व्यक्तिहरुलाई सहुलियत दरमा दीर्घकालीन सुलभ कर्जा प्रवाह गरिनेछ । यस्तो कार्यको लागि तालीम वा दक्षताको आधारमा रु. ५ हजार सम्मको कर्जामा तालीम संस्थाको सिफारिशमा धितो राख्नु नपर्ने व्यबस्था गरिनेछ । तालीमबाट प्राप्त प्रमाणपत्र नै धितो राखी उपकरण खरीद गर्न वा व्यवसाय संचालन गर्न रु. ५ हजार देखि रु. १५ हजार सम्म कर्जा प्रदान गर्ने व्यबस्था मिलाइने छ ।

### ग. <u>गाउँलाइ नै विकासको थलो बनाई विकेन्द्रीकरणको माध्यमबरा स्थानीय निकायहरुलाई बढी साधन र अधिकारयुक्त पारी “गाउँको अधिकार गाउँलाई नै” प्रदान गर्ने ।</u>

**सभामुख महोदय,**

५४ गाँउ नै गाउँले भरिएको हाम्रो देशमा गाउँलाई नै विकासको थलो बनाइनु पर्छ भन्ने कुरामा दुई मत हुन सक्तैन । गाउँवासी आफैले पहल गरेका विकास कार्यमा टेवा पुर्‍याउन र त्यसलाई व्यापकता प्रदान गर्न गाउँ विकास समितिलाई शक्ति र साधन सम्पन्न बनाउने विषयमा सम्पूर्ण  राजनैतिक पार्टीहरु सहमत छन् र यो हुनु पनि पर्छ । तर यस्तो परिपाटी दिगो, व्यवस्थित र जवाफदेहीपूर्ण हुनु पर्छ ।

५५ ग्रामीण जनता स्वयंले गाउँको विकासको नेतृत्व र जिम्मेवारी लिने एवं गाउँको स्वस्फूर्त चौतर्फी विकास संचालन गर्ने संस्थागत परिपाटीको थालनी नेपाली कांग्रेसको सरकारले गरेको हो । स्थानीय निकायहरुलाई शक्ति र साधन जुटाउदै विकास कार्यमा सक्रिय सहभागी वनाउन प्रत्येक गाउँ विकास समितिलाई ५० हजार रुपैयाँ उपलब्ध गराई “ग्रामीण स्वावलम्वन कार्यक्रम” को सुत्रपात गरिएको तथ्य म यंहा स्मरण गराउन चाहन्छु ।

५६ विकास कार्यक्रमहरु संचालन गर्न गाउँलाई विकासको थलो बनाउने प्रतिवद्धता श्री ५ को सरकारले व्यक्त गरिसकेको छ। यही प्रतिवद्धता अनुरुप ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउन "ग्रामीण स्वावलम्वन कार्यक्रम" लाई निरन्तरता दिई प्रत्येक गाउँ विकास समितिमा एक गाउँ विकास कोष स्थापना गरिने छ। गाउँ विकास समितिको पूर्ण स्वामित्वमा संचालन हुने सो गाउँ विकास कोषमा श्री ५ को सरकारले न्यूनतम रु. ५ लाखका दरले अनुदान रकम उपलब्ध गराउने छ। आफ्नो गाउँ विकास क्षेत्रमा उठ्ने मालपोत ७५ प्रतिशत रकम पनि गाउँ विकास कोषमा जाने व्यवस्था मिलाइने छ। यसको साथै गाउँ विकास समितिहरुलाई बढी भन्दा बढी स्थानीय श्रोत र साधन संकलन गरी आत्मनिर्भर बन्न प्रोत्साहित गर्न आफ्नो प्रयासबाट श्रोत साधन परिचालन गर्ने गाउँ विकास समितिहरुलाई संकलित रकमको अनुपातमा श्री ५ को सरकारले केही थप रकम उपलव्ध गराउने छ । यसबाट गाउँ विकास समितिहरु आफ्नो आम्दानी बढाउने क्रियाकलापहरुको खोजी, विकास तथा विस्तार गर्ने कार्यमा अभिप्रेरित हुनेछन् भन्ने विश्वास लिइएको छ।

५७ गाउँ विकास कोषमा जम्मा भएको रकमबाट गाउँ विकास समितिले छनौट गरेका ग्रामीण जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने खालका स्वावलम्वन कार्यक्रमहरु संचालन हुने छन् । गाउँको विकास केवल यान्त्रिक प्रकृया मात्र नभई मानवीय विकास र सुरक्षा पनि भएको र गरिवीको निराकरण नभै विकासको लक्ष्य पुरा नहुने हुनाले ग्रामीण विकास कोषको २५ प्रतिशत मानवीय विकास, कल्याण तथा सामाजिक सुरक्षाको लागि खर्च गर्नु पर्ने व्यवस्था मिलाइने छ। यस अनुसार गाउँको लागि चाहिने आवश्यक थप शिक्षक, प्राविधिक जनशक्तिको व्यवस्था गर्न, हालसम्म पनि स्कूल नजाने डोम, चमार, मुसहर, दुसार, राउटे, पुसहर, झांगड, सतार, धिमाल, सार्की, कामी, दमै जस्ता दलित जातिका बालबालिकाहरुलाई विद्यालय प्रवेशको लागि प्रोत्साहन स्वरुप रकम प्रदान गर्न र प्राकृतिक प्रकोप पीडित परिवारलाई केही राहत दिन खर्च गर्न सकिने छ। कोषको रकम बांडफांड गर्दा कार्यक्रम आधारित पद्धति अवलंवन गरिने छ। गाउँ विकास समितिहरुलाई कार्यक्रम तयार गर्न आवश्यक पर्ने प्राविधिक सेवा लगायत अन्य सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइने छ। गाउँ विकास कोषको स्थापना, कोषमा रहने रकमहरु, कोषको रकम उपयोग गर्ने तरिका, योजना तर्जुमा र कार्यान्वयनका प्रकृयाहरु र गाउँ विकास समितिहरुलाई उपलव्ध गराइने प्राविधिक सहयोगका सम्बन्धमा श्री ५ को सरकारले निर्देशिका तयार गरी सो अनुसार काम गर्ने गराउने परिपाटी शुरु गरिनेछ।

५८ विकासको नाउंमा जनताको मेहनत र पसीनाले खनेको बाटो घाटो, कुलो कुलेसो एकै वर्षको झरीले वगाउने र पैह्रो आई ती संरचनाहरु भत्काउने मात्र नभई प्राकृतिक प्रकोप निम्त्याउने र विकास विनासमा परीणत हुने स्थितिको सृजना हुन दिईने छैन। प्राविधिक र पर्यावरणीय पक्षको अध्ययन पछि यस्ता निर्माण कार्यहरु शुरु गर्ने व्यवस्था मिलाइनेछ। कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहयोग पुर्‍याउन र ग्रामीण तहमा योजना तर्जुमा, कार्यान्वयन, लेखा प्रणाली, तालिम र अनुगमनको संस्थागत विकास गर्दै जाने क्रममा चालु वर्षमा न्यूनतम योग्यता भएका ४ हजार युवा युवतीहरुलाई गाउँ विकास समितिमा काम गर्न तालीम दिइने छ।

५९ केही गाउँ विकास समितिहरुमा यस वर्षदेखि "गाउँको अधिकार गाउँलाई नै" दिने सिलसिलामा नयाँ प्रयोग शुरु गरिने छ। विकेन्द्रीत योजना पद्धतिलाई अनुशरण गर्दै हालसम्म श्री ५ को सरकारका शिक्षा, स्वास्थ्य, वन, कृषि जस्ता विभिन्न निकायहरुले संचालन गरी आएका स्थानीय स्तरका आयोजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा गाउँ विकास समितिहरुलाई जिम्मेवार बनाइने छ। यस्तो कार्यक्रम लागू हुने गाउँ विकास समितिहरुमा कार्यक्रम सम्बन्धी आर्थिक तथा प्रशासकिय नियन्त्रण गर्ने अधिकार जनप्रतिनिधिहरुलाई दिइनेछ । यस कार्यक्रममा काम गर्ने सरकारी कर्मचारीहरु गाउँ विकास समितिप्रति जिम्मेवार हुने र उनीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने कार्यमा जनप्रतिनिधिहरुलाई समेत सहभागी गराइने छ। यसबाट स्थानीय निकायहरुको संस्थागत विकासमा टेवा पुग्न जानेछ। गाउँ विकास समितिका पदाधिकारीहरुलाई यस्तो जिम्मेवारी वहन गर्न सक्ने गरी सक्षम बनाउन आवश्यक प्रशिक्षण प्रदान गर्नुका साथै यस्ता कार्यक्रमसंग सम्बद्ध गाउँ विकास समितिको स्तर वृद्धि समेत गर्दै लगिनेछ। यस कार्यक्रमको उपलव्धिलाई मूल्यांकन गरी आगामी वर्ष यसलाई विस्तार गरिने छ र विकेन्द्रीकरण ऐनमा आवश्यक परिवर्तन गरिने छ। यसरी स्थानीय जननिर्वाचित निकायहरुलाई वढी अधिकार, साधन, स्रोत र जिम्मेवारी तथा प्राविधिक सहयोगको समग्र प्याकेज उपलव्ध गराई "गाउँको अधिकार गाउँलाई नै" प्रदान गरी दिगो र संस्थागत विकासको लहर ल्याउन सरकार कटिवद्ध छ।

६० सांसदहरुको समग्र राष्ट्रिय चिन्तन र दृष्टिकोणको प्रत्यक्ष प्रभाव स्थानीय विकास निर्माणमा परोस् भन्ने उद्देश्यले सांसदहरुले छानेका दुई वर्ष भित्र सम्पन्न हुने आयोजनाहरु आफैले तोकेका स्थानहरुमा कार्यान्वयन गर्न चालु आर्थिक वर्षमा प्रतिनिधि सभाका सांसदहरुलाई प्रति सांसद रु. ४ लाख र राष्ट्रिय सभाका सांसदहरुलाई प्रति सांसद रु. सांढे दुई लाखका दरले रकम छुट्याईएको छ । यो रकम प्रतिनिधि सभाका सांसदहरुको हकमा सम्वन्धित जिल्ला विकास समिति र राष्ट्रिय सभाका सांसदहरुको हकमा वहाहरुले तोकेको जिल्ला विकास समितिमा पठाईने छ। यी आयोजनाहरुको कार्यान्वयन र अनुगमन जिल्ला विकास समितिले प्रचलित ऐन नियम अनुसार गर्ने व्यवस्था मिलाइनेछ।

६१ सरकारी लगानी, गाउँ विकास समितिको साधन, सहकारी संस्था र गैह्र सरकारी संस्थाका श्रोत तथा साधनबाट गाउँस्तरमा संचालन हुने कार्यक्रमहरुबीच सामञ्जश्य र एक अर्काका परिपूरक हुने गरी संचालन गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी गैह्र सरकारी संस्थाहरुबाट गाउँस्तरमा संचालन हुने कार्यक्रमहरु गाउँ विकास समितिसंग समन्वय राख्नु पर्ने व्यवस्था मिलाइने छ। यस व्यवस्थाबाट साधन र श्रोतको सदुपयोग हुन गई गाउँ विकास कार्यक्रमलाई टेवा पुग्ने विश्वास लिइएको छ।

६२ जिल्ला विकास समितिहरुले गाउँ विकास समितिहरुलाई आवश्यक संस्थागत सहयोग, सरसल्लाह, अनुगमन र समन्वय गर्नेछन् । जन निर्वाचित संस्थाहरु आफ्नो क्रियाकलापका लागि जनता प्रति जवाफदेही वहन गर्न स्थानीय निकायहरु सक्षम बनाइने छन् । निर्वाचित निकायहरुको अधिकार माथि नियन्त्रण गर्ने खालका विसंगति र बाधा अड्चनहरु हटाइने छन् । यस सरकारले संस्थागत जवाफदेही प्रक्रियालाई विथोल्न र जनप्रतिनिधि मूलक स्थानीय निकायहरुको अधिकार सिमित हुन दिने छैन ।

**घ. <u>समाजका असहाय, अशक्त तथा पिछडिएका निमुखा नागरिकहरुलाई जीवन धान्न सक्षम बनाउन आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्ने ।</u>**

**सभामुख महोदय,**

६३ यो सरकार देशका कमजोर र पिछडिएका वर्गको निमित्त आर्थिक सुरक्षाको आवश्यकता प्रति संवेदनशील छ । त्यसैले विकास भित्रनै आर्थिक सुरक्षा खोज्नु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ । विकासको गतिलाई तीव्र पार्न सकेमा र त्यसमा वहुसंख्यक गरीव जनताको पहुँच पुर्‍याउन सकेमा आर्थिक सुरक्षा आफै सुनिश्चित हुने स्पष्ट छ । यो लक्ष्य प्राप्तितर्फ हाम्रो प्रयास उन्मुख हुनेछ । तर पनि अल्पकालीन अबस्थामा अर्थतन्त्रले खाम्न सक्ने निश्चित अनुपातमा सक्दो आर्थिक सुरक्षा प्रदान गरिनेछ । यस्तो संवेदनशिल कार्य क्षणिक राजनैतिक प्रचारका लागि तदर्थ ढंगले संचालन गर्ने नभै लक्षित समुहको हितका लागि व्यवस्थित वनाइ संस्थागत गरिने छ । यसको निमित्त सामाजिक सेवामा गरिने सरकारी लगानीलाई क्रमशः सामाजिक सुरक्षासंग आवद्ध गर्दै लगिने छ ।

६४ पचहत्तर वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई दिइएको मासिक रु. १०० भत्ता घर दैलोमा नै पुर्‍याउने नीति अवलम्वन गरिएको छ । यस अनुसार भत्ताको रकम गाउँ विकास समितिमानै पठाइने र गाउँस्तरमा नै रकम भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ । यसबाट भत्ता लिन सदरमुकामसम्म धाउनु पर्ने कठिनाइ र झन्झट हट्ने छ ।

६५ त्यस्तै साठी वर्ष उमेर नाघेका असहाय विधवाहरुलाई असहाय भत्ता स्वरुप प्रतिमहिना रु. १०० गाउँ विकास समितिबाट दिइनेछ । तर जेष्ठ नागरिक भत्ता पाउनेलाई यो वृत्ति प्राप्त हुने छैन ।

६६ शारीरिक तथा मानसिक रुपमा अशक्त भई स्थायी रुपमा काम गर्न असक्षम नागरिकहरुको सुरक्षार्थ प्रत्येक जिल्लामा पचास जनासम्मलाई आर्थिक सहयोग स्वरुप प्रतिमहिना रु. १०० अशक्त वृत्ति भत्ताको रुपमा गाउँ विकास समितिबाट दिने व्यबस्था गरिनेछ ।

६७ असहाय वृद्ध नागरिकहरुको संरक्षणको निमित्त शुरुमा प्रत्येक विकास क्षेत्रमा र क्रमशः सवै जिल्लामा बृद्धाश्रमहरुको निर्माण तथा संस्थागत व्यबस्था गरी त्यस्तो आश्रम संचालन गर्न चाहने गैर सरकारी संस्थाहरुलाई कर छुट तथा केही पुजींगत अनुदान समेत प्रदान गरी प्रोत्साहित गर्दै लगिनेछ ।

६८ जेष्ठ नागरिकहरु, असहाय विधवाहरु र शारीरिक अशक्त व्यक्तिहरुको पहिलो पटक जिल्ला विकास समितिको कार्यालयले परिचय पत्र जारी गर्नेछ र यसपछि गाउँ विकास समितिबाट नविकरण गर्ने व्यबस्था मिलाइने छ । परिचय पत्र वितरण व्यबस्थालाई नागरिकता, जन्म, मृत्यू, वसाइ सराई दर्ता कार्य संग आवद्ध गराइनेछ । परिचय पत्रकै आधारमा जेष्ठ नागरिकहरु, साठी वर्ष नाघेका असहाय विधवा तथा अशक्त असहायहरुलाई सरकारी अस्पतालमा भर्ना भएमा निःशुल्क स्वास्थ्य सेवा तथा औषधोपचार सुविधा प्राप्त गर्न सक्नेछन् ।

६९ बालिकाहरुको शैक्षिक अवस्था निम्न रहेका गाउँहरुमा विद्यालय विचैमा छाड्ने प्रवृत्ति निरुत्साहीत गर्न र महिला शिक्षालाई प्रोत्साहन गर्न महिला साक्षरता कम भएका अछाम, डोटी, बाजुरा, बझाङ, हुम्ला, जुम्ला, कालीकोट, जाजरकोट, डोल्पा र मुगु जिल्लाहरुका विपन्न वर्गका करीव ७५ हजार बालिकाहरुलाई प्राथमिक तहसम्म विद्यालय जान प्रोत्साहनको रुपमा प्रति छात्रा मासिक रु. २५ नियमित रुपमा विद्यालय जाने छात्राहरुलाई भत्ता दिइने छ ।

७० साक्षरता कम भएका र खाद्यान्न अभाव भएका आठ जिल्लाहरुमा प्राथमिक विद्यालयमा अध्ययन गर्ने करीव २ लाख छात्रछात्राहरुलाई विश्व खाद्य कार्यक्रमको सहयोगमा दिउँसोको खानाको वन्दोवस्त मिलाइने छ ।

७१ नेपालका विभिन्न भागमा छरिएर रहेका जनजातिहरुको उत्थान गर्न सरकार प्रतिवद्ध छ । विभिन्न जनजातिका भाषा, संस्कृति, रीतिरिवाज र परम्पराहरु राष्ट्रको अमूल्य नीधि भएकोले यिनीहरुको अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले एक जनजाति उत्थान प्रतिष्ठान स्थापना गरिने छ । प्रतिष्ठानको सहयोगमा जनजातिहरुको सामाजिक तथा आर्थिक उत्थान गर्न विशेष कार्यक्रमहरु समेत संचालन गरिने छन् ।

७२ सुख्खा, बाढी, पैह्रो एवं अन्य दैवी प्रकोपका कारण कृषि विकास बैंकबाट लिएको ऋण तिर्न नसकी जग्गा धनी पुर्जा बैंकमा नै रही अन्य उत्पादनशील कार्य समेत गर्नबाट वंचित रहेका साना किसानहरुलाई राहत दिन कृषि विकास बैंकको साना किसान विकास कार्यक्रम अन्तर्गत प्रवाहित भएका भाखा नाघीसकेका ऋणहरु यस आर्थिक वर्ष भित्र बुझाएमा सांवा र सांवा बराबरको व्याज मात्र लिई सो भन्दा बढी भएको व्याज रकम मिनाहा गरिएको छ ।

७३ समय समयमा आएका भूकम्पले धेरै धन जनको क्षति पुर्‍याएको र भूकम्प पीडित परिवारहरुलाई घर बनाउन ऋण सुविधा उपलव्ध गराइएकोमा नेपाली कांग्रेसको सरकारले रु.५ हजारसम्मको ऋण माफी गरेको कुरा माननीय सांसदज्यूहरुलाई अवगत नै छ । तर अझ पनि साना तथा गरीव परिवारहरुले आफ्नो घर पुर्ननिर्माण गर्न लिएको ऋण चुक्ता गर्न नसकेको देखिन्छ । तसर्थ रु.५ हजार भन्दा बढी रु.१० हजारसम्म ऋण लिने ऋणीहरुको हकमा पनि सांवामा रु.५ हजार माफी गर्ने व्यबस्था मिलाइएको छ ।

७४ अधिराज्यका १४ जिल्लाहरु वैतडी, डंडेलधुरा, डोटी, कैलाली, कंचनपुर, दैलेख, सुर्खेत, सल्यान, रोल्पा, अर्घाखांची, गुल्मी, पाल्पा, पर्वत, म्याग्दीमा यातायात विकास, नदी नियन्त्रण, सिंचाइ जस्ता कार्यक्रमहरु संचालन गर्न यसै वर्ष देखि कामको लागि खाद्यान्न कार्यक्रम शुरुवात गरिनेछ । करिव रु.१ अर्व ५० करोडको रकम खर्च गरिने यो कार्यक्रम आगामी ५ वर्षभित्र ४५ जिल्लामा लागू गरिने छ । यो कार्यक्रम अन्तर्गत जनप्रतिनिधिहरुद्वारा माग भै आएका कतिपय विकास निर्माणका कार्यहरु सम्पन्न हुनेछन् ।

७५ प्रतिकूल मौसम, बाढी पहिरो लगायतका अन्य प्राकृतिक विपत्तीहरुले गर्दा अधिराज्यका कतिपय स्थानहरुमा खाद्यान्नको संकट हुनगई सर्वसाधारण जनताको जीवन यापन कठिन हुने गरेको छ । तसर्थ खाद्यान्न लगायत अन्य आवश्यक बस्तुहरुको आपूर्तिमा निरन्तरता ल्याउन, सर्वसाधारण जनता उपभोक्तालाई राहत पुर्‍याउन तथा बजारलाई स्थिरीकरण गर्ने तर्फ सरकार विशेष प्रयत्नशील रहने छ । अत्यावश्यक बस्तुहरुको सूची तयार गर्ने तथा सो को आधारमा उत्पादन, माग, वचत, न्यून स्थितिको समीक्षा गरी न्यून हुन सक्ने अवस्था देखिएमा खाद्य बस्तुहरुको पर्याप्त संचय गर्न सक्ने व्यबस्था मिलाइने छ ।

**ङ. <u>सीमित साधनलाई उच्च प्राथमिकता क्षेत्रमा प्रवाहित गर्ने, विकास आयोजनाको कार्यान्वयनमा शीघ्रता ल्याउने र अनुत्पादक सरकारी खर्चमा नियन्त्रण गरी दिगो आर्थिक विकासको अवधारणा अवलम्वन गर्ने ।</u>**

**सभामुख महोदय,**

७६ विनियोजन प्रस्ताव गर्दा मैले निम्न कार्यनीतिहरुलाई मार्गदर्शनको रुपमा लिएकोछु ।

- क. लगानी नीतिलाई राजनीतिभन्दा माथि राख्दै लागत र प्रतिफलको तुलनात्मक अध्ययनको आधारमा प्रवाहित गराउने र विना अध्ययन र संस्थागत तयारी प्रकृया पुरा नभएका कार्यक्रमहरुमा साधन छर्ने प्रवृत्तिलाई दुरुत्साहित गरी सरकारी लगानीलाई दिगो र धान्न सकिने बनाउने ।
- ख. प्राप्त वैदेशिक श्रोतको प्रभावकारी तथा उच्चतम उपयोग गर्न वैदेशिक सहायताबाट संचालित आयोजनाहरुलाई साधन विनियोजनमा उच्च प्राथमिकता दिने । सोही प्राथमिकता अनुरुप आयोजनाहरुको कार्यान्वयनमा शीघ्रता ल्याउन आयोजना प्रमुखको अधिकार र जिम्मेवारी स्पष्ट गर्ने जस्ता प्रशासनिक र प्रकृयागत सुधारका अतिरिक्त कार्य सम्पादन मूल्यांकन र कार्यक्रम अनुगमन व्यबस्थामा विशेष ध्यान पुर्‍याइने ।
- ग. सीमित साधनको उपयोगितामा प्रभावकारिता ल्याउन साधारण खर्चलाई सकेसम्म नियन्त्रण गरी यसबाट हुने राजश्व वचतलाई जनताको माग र आकांक्षा प्रतिविम्वित हुने गरी विकास कार्यक्रममा विनियोजन गर्ने ।
- घ. साधन उपलव्धतामा हुन सक्ने उतार चढावबाट राष्ट्रिय महत्वका आयोजनाहरुको कार्यान्वयनमा कुनै अवरोध आउन नदिन परियोजनाहरुको पुनरावलोकनको आधारमा यस्ता राष्ट्रिय महत्वका आयोजनाहरुलाई आवश्यक रकम सुनिश्चित गर्ने ।
- ङ. खर्च गर्ने प्रकृयामा वैज्ञानिकता, पारदर्शीता र निश्चितता ल्याउन र साधनले धान्न सक्ने गरी नयाँ आयोजनाहरु छनौट गर्ने कार्यमा सहयोग पुर्‍याउन त्रिवर्षीय चक्र बजेट प्रणाली लागु गर्ने ।

**सभामुख महोदय,**

७७ आर्थिक वर्ष २०५२।५३ को लागि विनियोजन प्रस्ताव गर्दा माथि उल्लेख गरेका कार्यनीतिहरुलाई ध्यान दिएको छु । विनियोजन गर्दा साधनको उपलव्धता र हाम्रो प्राथमिकताबीच सामञ्जस्य कायम गर्ने प्रयास गरेको छु । साथै ग्रामीण क्षेत्रको विकास र गरिवी निवारण कार्यक्रमहरुलाई आवद्ध गर्नेतर्फ पनि विशेष ध्यान दिएको छु । यसै वर्ष पुरा हुने आयोजनाहरु, सम्पन्न आयोजनाहरुको मर्मत संभार, ग्रामीण क्षेत्रको विकासमा टेवा पुर्‍याउने कार्यक्रमहरु र गरीव तथा विपन्न वर्गहरुलाई उत्थान गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिई खर्चको बांडफांड गर्ने प्रस्ताव गरेको छु ।

७८ आर्थिक वर्ष २०५२।५३ को लागि जम्मा ५१ अर्व ६४ करोड ७८ लाख ५ हजार विभिन्न शीर्षकहरुमा खर्च गर्ने प्रस्ताव गरेको छु । यो प्रस्ताव आर्थिक वर्ष २०५१।५२ को संशोधित अनुमान भन्दा ३२.६२ प्रतिशतले बढी तथा गत अध्यादेशमा प्रस्तावित खर्चभन्दा रु. १ अर्व २४ करोड ६७ लाखले घटी छ । प्रस्तावित कूल खर्चमध्ये साधारणतर्फ रु. २२ अर्व ८२ करोड १५ लाख १९ हजार र विकासतर्फ रु. २८ अर्व ८२ करोड ६२ लाख ८६ हजार प्रस्ताव गरेको छु ।

७९ साधारण खर्च बढ्नुको एक प्रमुख कारण गत अध्यादेश बजेटमा अपरिहार्य दायित्वको निमित्त पर्याप्त रकम विनियोजन नभएकोले हो । यसको अतिरिक्त विनिमय दर परिवर्तन अनुरुप सांवा व्याज भुक्तानी गर्न चाहिने रकम विनियोजन गर्नु

परेकोले पनि साधारण खर्च बढ्न गएको हो । यसरी  बढ्न गएको साधारण खर्चहरु निम्न बमोजिम छन् ।

क. आर्थिक वर्ष २०५१।५२ को महंगी भत्तालाई तलवमा गाभे वापत र अध्यादेश बजेट अन्तर्गत अर्को महंगी भत्ता दिए वापत वर्षभरको लागि जम्मा दायित्व रु. ६३ करोड ४४ लाख हुनुपर्नेमा रु. ४० करोड  मात्र व्यवस्था भएकोले नपुग विनियोजन गर्नु परेको रु. २३ करोड ४४ लाख,

ख. प्रहरी तथा शाही सेनातर्फ केही तल्लो पदहरुको तलवमान वृद्धि अनुरुप चाहिने तर विनियोजन नभएको रु. ८ करोड ८० लाख,

ग. विदेशी ऋणको सांवा व्याज भुक्तानीको लागि हालको विनिमय दरबाट हिसाव गर्दा नपुग भएको रु. ३७ करोड ७२ लाख र वैदेशिक सेवातर्फ वैदेशिक भत्ता बृद्धि र विनिमय दर परिवर्तन वापत समेत नपुग रु. ३ करोड ५१ लाख,

८० अव म साधारण र विकास बजेटबाट हुने मुख्य मुख्य खर्चहरु र तिनमा प्रस्ताव गरिएका बजेट रकम र कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

८१ साधारण खर्चमध्ये सांवा व्याज भुक्तानीको लागि रु. ७ अर्व २२ करोड ६५ लाख, रक्षातर्फ रु. २ अर्व १९ करोड ३९ लाख  र प्रहरीतर्फ रु. १ अर्व ९३ करोड ५२ लाख विनियोजन गरेको छ । रक्षातर्फ शाही नेपाली सेनाको सिपाही जस्ता केही तल्लो पदहरु र प्रहरीतर्फ पनि प्रहरी जवानहरुको तलवमान साविकमा निजामतितर्फको पियन सरह रही आएकोमा ती पदहरुको तलवमान निजामतितर्फको बहिदार सरह गर्दा चाहिने रकमको व्यबस्था यो बजेटमा गरिएकोले शाही नेपाली सैनिक र प्रहरी जवानहरु लाभान्वित भएका छन् । साधारणतर्फको खर्चमा नवगठित जनसंख्या तथा वातावरण मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, महिला तथा सामाजिक मन्त्रालय र संसदीय व्यवस्था मन्त्रालयहरुलाई चाहिने खर्चहरु पनि समावेश गरेको छु ।

८२ आठौं योजनाको लक्ष्य अनुरुप प्राथमिक र माध्यमिक शिक्षा निःशुल्क गर्दै जाने कार्यक्रमको खर्च साधारणतर्फ समावेश गर्ने गरिएको फलस्वरुप शिक्षातर्फको खर्चमा उल्लेखनीय बृद्धि हुंदै गएको छ । चालू वर्ष १० कक्षा निःशुल्क गर्न समेत जम्मा रु. ४ अर्व ६६ करोड १० लाख छुट्याइएको छ जुन आ.ब. २०५१।५२ को संशोधित अनुमान भन्दा २९ प्रतिशतले बढी छ । यसको अतिरिक्त शिक्षा नियमावलीमा संशोधन गरिएको कारण शिक्षकहरुलाई औषधोपचार, दैनिक तथा भ्रमण भत्ता र बीमा जस्ता सुविधाको लागि पनि रकम व्यवस्था गरेको छु । त्यस्तै गरी स्वास्थ्यतर्फ जिल्ला र गाउँ विकास समिति तहसम्म स्वास्थ्य केन्द्र र उप स्वास्थ्य चौकीहरुको स्थापनाबरा ग्रामीण क्षेत्रमा प्राथमिक उपचार सुविधा उपलब्ध गराउने लक्ष्य अनुरुप आ.ब. २०५१।५२ सम्म स्थापना भैसकेको यस्तो केन्द्रहरुको लागि समेत स्वास्थ्यतर्फ रु. ९४ करोड ८ लाख विनियोजन गरेको छु । जेष्ठ नागरिक, अशक्त अपांग तथा असहाय  विधवाहरुको लागि दिने भत्ताको निमित्त रु. २६ करोडको व्यबस्था गरेको छु ।

८३ विकास खर्च प्रस्ताव गर्दा साधारण खर्च कटाई हुन आउने  राजस्व वचत र उपलब्ध हुने विदेशी सहायताको सम्भावनालाई मध्यनजर राखी बजेट घाटालाई सकेसम्म न्यून राख्ने प्रयत्न गरेको छु । निजी क्षेत्र सक्षम भै सकेको आधुनिक क्षेत्रमा सरकारी लगानी घटाउंदै लाने र गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमहरुमा लगानी बढाउंदै लाने संयुक्त सरकारको प्रतिवद्धता अनुरुप कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र श्रम क्षेत्रका कार्यक्रमहरुको विनियोजनमा प्राथमिकता दिएकोछु । त्यस्तै वैदेशिक सहायताबाट प्राप्त साधनको उच्चतम उपयोग गर्ने दृष्टिले यस्तो कार्यक्रमहरुको लागि आवश्यक पर्ने स्थानीय खर्चको निमित्त पूरा रकमको विनियोजनमा प्राथमिकता दिएको छु । विद्युत र यातायात जस्ता पूर्वाधारहरुको विकास बिना देशमा लगानी बृद्धि हुन नसक्ने भएकोले यी क्षेत्रहरुको विकासको लागि यथेष्ट मात्रामा रकमको विनियोजन गरेको छु ।

८४ अव म विकास खर्चतर्फका मुख्य मुख्य प्रस्तावहरु प्रस्तुत गर्दछु ।

८५ कृषि क्षेत्रको राष्ट्रिय उत्पादनमा महत्वपूर्ण योगदान रहनका अतिरिक्त कृषकहरुलाई रोजगारी लक्ष्य आय समेत उपलब्ध गराउंदै आएको परिप्रेक्ष्यमा यस क्षेत्रको विकासमा सघनता र विविधिकरण ल्याउन जरुरी छ । राष्ट्रिय योजना आयोग र एशियाली विकास बैंकको संयुक्त तत्वावधानमा तयार गरिएको दीर्घकालिन कृषि योजना अनुरुप कृषि उत्पादकत्वमा बृद्धि गरी कृषि विकासको दरमा बृद्धि गर्ने, जनताको जीवनस्तर उकासी रोजगारीका अवसरहरुमा बृद्धि गर्ने, गरीवी निवारण गर्ने, अनुसन्धान गर्ने, तुलनात्मक लाभको आधारमा कृषि क्षेत्रको व्यवसायीकरण गर्ने, प्रविधि प्रसारण गर्ने, बजार व्यबस्था, कृषि विकासको लागि पूर्वावश्यकताहरु पूरा गर्ने तथा कृषि क्षेत्रको छोटो वा दीर्घकालिन विकासका लागि आवधिक योजनाहरु तयार गर्ने उद्देश्यहरु हासिल गर्ने आदि सुझावहरुको क्रमशः कार्यान्वयन गर्दै लगिने छ । सहकारी संस्थालाई मुख्यतः कृषि सामग्री तथा उत्पादनको बिक्री वितरणमा बढी क्रियाशील गराइने छ । कृषि क्षेत्रको विकासको लागि रु. २ अर्व ६० करोड ६८ लाख विनियोजन गरेको छु ।

८६ रासायनिक मलखादको माग बढी रहेको सन्दर्भमा मलखादको आपूर्ति र वितरणमा निजी क्षेत्रको सहभागिता बढाउंदै लगि मलखाद बिक्री वितरणमा प्रतिस्पर्धात्मक बजारको विकास गर्ने नीति अवलम्वन गरिनेछ । मलखादको आपूर्ति गर्न मूल्य तथा ढुवानी अनुदानको लागि रु. ५० करोड प्रस्ताव गरेको छु ।

८७ कृषि विकासको लागि चाहिने अत्यावश्यक कृषि सामग्रीहरु अधिकांश गरीव कृषकहरुले खरीद गरी उपयोग गर्न सकुन् भन्ने उद्देश्यले किसानहरुलाई कृषि विकास बैंकले रु. ३ अर्व ६३ करोड कृषि ऋण उपलब्ध गराउने व्यबस्था गरेकोछ । यसमध्ये साना किसान विकास कार्यक्रम अन्तर्गत रु. ७९ करोड ६५ लाख ऋण लगानी गर्ने कार्यक्रम रहेको छ । साना किसान विकास कार्यक्रमले सेवा पुर्‍याउने कृषकहरुको संख्या २ लाख २५ हजार पुग्नेछ । कृषि विकास बैंकमा विभिन्न परियोजनाहरुमा लगानी गर्न र कृषि विकास बैंकमा श्री ५ को सरकारको शेयर लगानी समेत जम्मा रु. ९९ करोड ८० लाखको व्यबस्था गरेको छ ।

८८ कृषिलाई मौसमको निर्भरताबाट क्रमशः मुक्त गराउंदै लानु पर्ने परिप्रेक्ष्यमा सिंचाइ सुविधाको विस्तारको निमित्त चांडै सिंचित क्षेत्र विस्तार हुने, कृषकहरुको माग र जनसहभागिताद्धारा संचालन हुने, वृहत् क्षेत्रफल ओगटेको र पहिले नै प्रशस्त लगानी भैसकेका मझौला तथा ठूला निर्माणाधिन सिंचाइ आयोजनाहरु सम्पन्न गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ । पश्चिमाञ्चल मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका ३६ जिल्लाहरुमा संचालित इरिगेशन लाइन अफ क्रेडिट कार्यक्रमबाट कृषकहरुको माग अनुसार साना तथा मझौला सतह र भूमिगत सिंचाइ आयोजनाहरुद्धारा सिंचाइ सुविधा बृद्धि गरी कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ । पूर्वाञ्चल र मध्यमाञ्चलका सबै ३५ जिल्लाहरुमा संचालनमा रहेका सिंचाइ सेक्टर कार्यक्रम अन्तर्गत नयां सिंचाइ योजनाको निर्माण एवं कृषक कुलोहरुको सुधार गरी खाद्यान्न उत्पादनमा बृद्धि गर्ने कार्यक्रम समावेश गरिएको छ । जिल्ला जिल्लाबाट माग भै आएका सिचाई आयोजनाहरु यीनै कार्यक्रम अन्तर्गत आवश्यक अध्ययन गरी संस्थागत रुपमा संचालन गरिने छन् । सम्पन्न भै सकेका सिंचाइ आयोजनाहरुको मर्मत सुधारलाई विशेष जोड दिएको छु ।

८९ प्रत्येक जिल्लामा कुलो कुलेसा सिंचाइ कार्यक्रमको लागि रु. ३ करोड ७५ लाख व्यवस्था गरिएको छ । यस अन्तर्गत प्रत्येक जिल्लाको लागि बढीमा रु. ५ लाखसम्म उपलब्ध गराइने छ । कृषकहरुले आफ्नै खर्चमा निर्माण गरेको सिंचाइ सुविधामा बैंकहरु मार्फत दिंदै आएको पूंजी अनुदान निकै प्रभावकारी भएकोले यस वर्ष यो अनुदान ५० प्रतिशतबाट बृद्धि गरी ६० प्रतिशत पुर्‍याएको छु । यस्तो पूंजीगत अनुदान ग्रामीण विकास बैंकहरुले पनि दिन सक्ने व्यवस्था मिलाएको छु । पूंजीगत अनुदानको निमित्त रु. ११ करोड व्यवस्था गरेको छु । यसबाट यसै वर्ष थप १९००० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुने अनुमान गरिएको छ ।

९० सुनसरी मोरङ सिंचाइ आयोजना, वागमती सिंचाइ, महाकाली सिंचाइ, भैरहवा-लुम्विनी जस्ता वृहत सिंचाइ आयोजनाहरुलाई चांडै नै सम्पन्न गर्नेतर्फ विशेष जोड दिइने छ । सिंचाइ क्षेत्रको विकासको निमित्त रु. २ अर्व ९९ करोड ७८ लाख विनियोजन गरिएको छ ।

९१ देशव्यापी रुपमा देखा परिरहेको बाढी तथा नदी कटान समस्यालाई सीमित स्रोत साधनको अधिकतम उपयोगका साथै जनसहभागिता समेत परिचालन गरी नदी नियन्त्रण गर्ने कार्य जारी रहेनछ । काठमाडौं उपत्यकामा वागमती तथा विष्णुमती नदी किनारलाई अवांञ्छित अतिक्रमणबाट बचाउने र दीर्घकालिन रुपमा पर्यावरण सुधारमा मद्दत पुर्‍याउने दृष्टिकोणले आर्थिक वर्ष २०५२।५३ देखि यी नदीहरुमा तटवन्ध कार्यक्रम व्यवस्थित रुपमा संचालन गरिने छ ।

९२ वनतर्फ स्थानीय जनसहभागिताको आधारमा वृक्षारोपण र वन संरक्षण गरी स्थानीय जनतालाई काठ, दाउरा, डाले घांस जस्ता दैनिक आवश्यकताका वन पैदावारहरुको सरल र नियमित आपूर्ति व्यवस्था मिलाउन वन विकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरिएका छन् । जैविक विविधता संरक्षण र दिगो उपयोग तर्फ विशेष कार्यक्रमहरु शुरु गरिने छ । जनसहभागितामा संचालन हुने भूसंरक्षण कार्यक्रमलाई प्रोत्साहन दिइने छ । स्थानीय जनताको आयश्रोत वढाउन सामुदायिक र निजिस्तरमा जडिबुटि खेती विस्तार गरिने छ । सामुदायिक बृक्षारोपण कार्यक्रम अन्तर्गत स्थानीय निकायहरुको सहभागितामा तराइका १८ वटा जिल्लाहरुमा १३५२ वटा सार्वजनिक उद्यान स्थापना गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । वन तथा भू संरक्षणको विकास तर्फ रु. ५४ करोड ११ लाख विनियोजन गरिएको छ ।

९३ भूमिसुधार तर्फ सुकुम्वासी समस्या समाधान कार्यक्रम र भूमिसुधार तयारी कार्यक्रमको लागि रकमको व्यवस्था गरिएको छ । कमैया ठहरिएका व्यक्ति तथा परिवारलाई सीप विकास तथा वसोवासको निमित्त सहुलियत ऋणको व्यवस्था पनि गरिएको छ । गुठी जग्गालाई रैकरमा परिणत गर्दा बुझाउनु पर्ने रकम यथार्थपूर्ण नभएकोले यस सम्बन्धमा यसै वर्षभित्र पुनरावलोकन गरी समस्याको उचित समाधान गरिने छ । भूमिसुधार सम्बन्धी कार्यक्रमको लागि रु. ५ करोड ५ लाख प्रस्ताव गरेको छु ।

९४ आवास तथा भौतिक योजना अन्तरगत अधिराज्यका विभिन्न नगर विकास समितिहरुलाई योजना तर्जुमा तथा सञ्चालन गर्न रु. १ करोड ५० लाख अनुदान दिइनेछ । काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थामा सुधार गर्न र काठमाडौं भित्रिने सवारी आवागमनको चापलाई घटाउन काठमाडौं शहरी विकास आयोजना कार्यान्वयनमा तीव्रता ल्याइने छ । नगर विकास कोष समितिबाट अधिराज्यभरका नगरपालिकाहरुलाई सामाजिक पूर्वाधार स्थापना र आयमूलक आयोजनाहरुको लागि अनुदान र सरल ऋण प्रदान गर्ने कार्य भई आए अनुरुप चालू आ.ब. को लागि रु. १२ करोड ६३ लाख व्यवस्था गरिएको छ । यसबाट व्यवस्थित शहरीकरणको दिशामा सहयोग पुग्न जाने आशा राखिएको छ । आवास क्षेत्र तर्फ कुल रु. ३८ करोड ९९ लाख विनियोजन गरिएको छ ।

९५ सडक यातायात तर्फ चालु आर्थिक वर्षमा रु. ४ अर्व ९९ लाख छुट्याईएको छ । निर्माणाधीन राष्ट्रिय राजमार्गहरु मध्ये फिदिम - ताप्लेजुङ खण्ड र यसमा पर्ने कावेरी पुलको निमित्त रु. ३ करोड, सल्यान - मुसिकोटको निमित्त रु. २ करोड ५० लाख, सुर्खेत - जुम्लाको निमित्त रु.१० करोड, बैतडी - दार्चुलाको चमेलिया नदी पुल निर्माण पूरा गर्ने कार्यको निमित्त रु. ५ करोड बजेटको व्यवस्था गरिएको छ । साथै कोहलपुर - महाकाली खण्डमा पर्ने १७ वटा पुल निर्माण गर्न आवश्यक रकम व्यवस्था गरेको छु । त्यसैगरी सहायक मार्गहरु मध्ये कटारी - ओखलढुङ्गाको लागि रु. ५ करोड, छिन्चु - जाजरकोटको लागि रु. ३ करोड, सुर्खेत - रानीमत्ता - दैलेखको लागि रु. ३ करोड, अरनिको राजमार्गको लागि रु. १० करोड विनियोजन गरेको छु तथा जिल्ला सदरमुकाम जोड्ने सडक र हुलाकी सडक निर्माण क्रमिक रुपले पूरा गर्दै जाने गरी बजेटमा रकम व्यवस्था गरेकोछु । यस वर्ष रामेछाप, दैलेख, म्याग्दी र अछाम जिल्लाका सदरमुकामहरु जोडिने छन् । पुल पुलेसा संरक्षणका लागि छुट्टै कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ । काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या र शहरीकरणमा विस्तार हुंदै गइरहेको कारण व्यवस्थित सडक यातायातको निमित्त दीर्घकालीन गुरुयोजना नितान्त आवश्यक भएको महसूस गरिएको छ । तसर्थ चालू वर्ष एक गुरुयोजना तयार गरी कार्यान्वयन समेत शुरु गरिने छ ।

९६ सडक यातायात नपुगेका दुर्गम क्षेत्रका जनतालाई यातायात सेवा उपलब्ध गराउन र पर्यटन क्षेत्रको विकासमा टेवा पुर्‍याउन हवाई यातायात विकासका लागि रु. ४८ करोड ८९ लाख विनियोजन गरिएको छ । उक्त रकमबाट त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल विस्तार एवं स्तर अभिवृद्धि र रडार जडानका अतिरिक्त दुर्गम जिल्लाहरुमा विमानस्थल तथा हेलिप्याड निर्माण एवं मर्मत संभार कार्यक्रमहरु सञ्चालन गरिनेछन् । साथै काठमाडौं उपत्यका बाहिर अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि संभाव्यता अध्ययनको कार्यक्रम पनि समावेश गरिएको छ । सडक यातायातको विकल्प खोज्ने क्रममा जलमार्गको संभाव्यता पत्ता लगाउनको लागि केही रकम विनियोजन गरिएको छ । वैदेशिक व्यापारलाई सुगम बनाउन सुख्खा बन्दरगाह सम्बन्धी आवश्यक व्यवस्था मिलाउन र मालसामानको पारवहन सुरक्षित, छिटो र कम खर्चिलो गराउने उद्देश्यले मल्टिमोडल यातायातको व्यवस्था गर्न पनि रकम छुट्याएको छु ।

९७ संचार तर्फ चालू वर्षको बजेटमा रु. १ अर्व १८ करोड ९७ लाख विनियोजन गरिएको छ । यस वर्षका कार्यक्रमहरु मध्ये काठमाडौं लगायत अन्य शहरी क्षेत्रमा थप टेलिफोन लाइनको सुविधा विस्तार गर्ने, ग्रामीण एवं दुर्गम क्षेत्रमा दूरसंचारका सुविधा विस्तार गर्ने र दूरसंचार क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउने आदि कार्यक्रमहरु प्रमुख छन् ।

९८ प्रत्येक गाउं विकास समितिमा हुलाक सेवा पुर्‍याउन एक व्यक्ति हुलाकको अवधारणा अनुरुप इलाका हुलाक, अतिरिक्त हुलाक स्थापना एवं हुलाक सुदृढीकरण कार्यक्रम समावेश गरिएको छ ।

९९ नेपाल टेलिभिजनको प्रशारणलाई देशव्यापी बनाउंदै लैजान इलाम एवं सुर्खेतमा प्रशारण केन्द्र र कोहलपुर स्टूडियो भवनको निर्माण कार्यका लागि रु. ५ करोड ३३ लाखको व्यवस्था गरिएको छ ।

१०० देशमा औद्योगिकरणको प्रक्रिया अघि बढाई रोजगारी र आय आर्जनको अवसर वृद्धि गर्न र वैदेशिक व्यापार तर्फको बढ्दो असन्तुलनलाई घटाउंदै लैजान स्वदेशी उद्योगलाई प्रोत्साहन दिइनेछ । साथै विदेशी लगानीको लागि अनुकूल वतावरण तयार गरिने छ । यस सन्दर्भमा घरेलु तथा साना उद्योग प्रवर्द्धन र ग्रामीण रोजगारमूलक तालीम उल्लेख्य छन् । छाला उद्योगको आधुनिक प्रविधिलाई वढावा दिन रकम वृद्धि गरिएको छ । रुग्ण उद्योगको सुधारतर्फ विराटनगर जुट मिल्सको लागि रु. ३ करोड, नेपाल ओरियण्ड म्याग्नेसाइटलाई रु. ४ करोड छुट्याइएको छ । खानीतर्फ काठमाडौं उपत्यकाको प्राकृतिक ग्यांसको सम्भाव्यतालाई निर्णायक स्वरुप दिन रकम विनियोजन गरेको छु । उपरोक्त कार्यक्रमहरुको लागि उद्योग तथा खानीतर्फ रु. ६० करोड १८ लाख राखेको छु ।

१०१ विद्युतको बढ्दो माग परिपूर्ति गर्न विद्युत उत्पादनतर्फ काली गण्डकी ए, र इलाम पुवाखोला जस्ता नयां आयोजनाहरुको कार्यान्वयन थालिने छ र कालीकोट, डोल्पा, अछाम, तातोपानी जस्ता चालू आयोजना पूरा गर्ने कार्यक्रम रहेको छ । त्रिशूली, देबीघाट, हेटौंडा डिजल प्लाण्ट र गण्डक विद्युत गृहको सुदृढीकरण, दुवही मल्टिफ्यूल विद्युत केन्द्रको क्षमता बृद्धि गर्ने कार्यक्रम चालू वर्षमा सञ्चालन गरिने छ । कतिपय जलविद्युत उत्पादन गर्ने जिल्लाका वरिपरिका गाउँहरु समेत अन्धकारमा रहनु सामाजिक न्यायको दृष्टिकोणले उचित नभएकोले अब देखि विद्युत उत्पादनबाट हुने कुल आयको कमसे कम १ प्रतिशत रकम विद्युत प्राधिकरणले विद्युत उत्पादन गर्ने जिल्लाको लागि खर्च गर्नु पर्ने व्यबस्था मिलाइने छ । यो कार्यक्रम श्री ५ को सरकारको नियमित कार्यक्रमको अतिरिक्त हुने छ । विद्युत आपूर्ति बढाउन दुहवी ( कटैया प्रशारण लाइन जोड्ने कार्य चालु आर्थिक वर्षमा पुरा गरिने छ ।

१०२ उल्लेखित विद्युत प्रशारण तथा वितरण आयोजनाहरुको कार्यान्वयनबाट ग्रामीण एवं दुर्गम क्षेत्रका करिव ३५ हजार ग्राहकलाई विद्युत सेवा उपलब्ध हुने छ । वैकल्पिक उर्जाको विकासको निमित्त लघु विद्युत, सौर्य उर्जा उत्पादन र गोवरग्यांस उत्पादनमा प्रदान गरिने पूंजीगत अनुदानको रकम पनि चालू वर्षको बजेटमा समावेश गरिएको छ । निजी, सहकारी तथा सामुहिक स्तरमा वैकल्पिक उर्जा उत्पादन गर्ने सबैका लागि यो अनुदान कृषि विकास बैंक मार्फत उपलब्ध गराउन रु. १० करोड ५० लाखको व्यबस्था गरेको छु । उपरोक्त कार्यक्रमहरुको लागि चालू आर्थिक वर्षमा रु. ४ अर्व ३५ करोड ८१ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१०३ काठमाडौं उपत्यका, पोखरा उपत्यका जस्तै प्रमुख पर्यटक क्षेत्रहरुमा बढ्दै गउको वातावरणीय प्रदुषणको कारण पर्यटकहरुको आवागमनमा आशातीत बृद्धि हुन सकेको छैन । शहरी क्षेत्रमा उद्योग व्यवसायहरुको बढ्दो केन्द्रीकरण, सरकारी कार्यालयहरु र पर्यटकहरुको आवागमनले गर्दा जनसंख्याको चाप बढ्न गएको तर सोही अनुसार आधारभूत सुविधाहरुको विकास तथा विस्तार हुन नसक्नाले वातावरणीय सन्तुलन खलबलिन पुगेको कुराप्रति सरकार सजग छ । यी कुराहरुको निरुपण गर्न फोहर मैला व्यवस्थापनलाई प्राथमिकता दिइ निजी क्षेत्रको सहभागिता र व्यवस्थापनमा कार्यक्रम संचालन गरिनेछ । काठमाडौं उपत्यकाको देवालय, मन्दिर, मठ, गुम्वा, बौद्ध विहार र चैत्यहरुको संरक्षण सम्बर्द्धन र सुधारमा विशेष जोड दिइनेछ । पशुपति, लुम्बिनी र जनकपुर क्षेत्रको विकासको लागि पनि यो सरकार त्यतिकै संवेदनशील रहेको छ । साथै वागमती र विष्णुमती नदीहरुको स्वच्छता कायम राख्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१०४ पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको सिर्जनाशीलता र अनुभवलाई क्रियाशील गराउन प्रवर्द्धन विकास कोषको व्यवस्था गरिएको छ । पर्यटन क्षेत्रका लागि चालू वर्ष रु. २८ करोड ६६ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

१०५ प्राविधिक शिक्षालाई मुलुकको दिगो आर्थिक एवं औद्योगिक विकासको आवश्यकतालाई टेवा पुर्‍याउन जनशक्ति विकास गर्ने र देशमा व्याप्त वेरोजगारी समस्या समाधान गर्ने एउटा माध्यमको रुपमा लिइएको छ । देशका विभिन्न क्षेत्रहरुमा संचालन हुंदै आएका प्राविधिक शिक्षालयहरुबाट शीपमूलक शैक्षिक तथा तालीम कार्यक्रमहरु संचालन गर्नुको अतिरिक्त चालु वर्ष देखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत संचालित सहायक स्वास्थ्य कार्यकर्ता र असिस्टेण्ट नर्स मिड वाइफ जस्ता कार्यक्रमहरु पनि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मार्फत नै संचालन गरिनेछ । प्राविधिक शिक्षाको विकास र विस्तार गर्ने क्रममा यस आर्थिक वर्षमा बांके, दांग, कास्की र धनगढी जिल्लाहरुमा ४ वटा नयां प्राविधिक शिक्षालयहरु स्थापना र संचालन गरिने छन् ।

१०६ आठौं योजना भित्र देशको साक्षरता ६० प्रतिशत पुर्‍याउने लक्ष्यको आधारमा अनौपचारिक शिक्षाको विस्तार र विकासका लागि कार्यक्रमहरु कार्यान्वयन गरिने छ । महिला शिक्षाको विकास र विस्तार गर्न अधिराज्यका सार्वजनिक विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि ५ सम्म का ३२ हजार, ६ देखि १० कक्षासम्म अध्ययनरत १० हजार र शिक्षा शास्त्र संकाय र उच्च माध्यमिक विद्यालयहरुमा अध्ययनरत ४ सय जना छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउनुको साथै अनौपचारिक शिक्षामा समेत महिला सहभागितामा जोड दिने नीति अवलम्वन गरिएको छ । प्राथमिक शिक्षामा छात्राहरुको सहभागिता बढाउनका लागि प्राथमिक छात्रा छात्रबृत्ति कार्यक्रम संचालन गर्न रु. १ करोड २५ लाख रकम विनियोजन गरिएको छ । निश्चित प्रतिशत भन्दा बढी छात्राहरु भर्ना गर्ने विद्यालयहरुलाई थप अनुदान दिइने व्यवस्था समेत मिलाइएको छ । त्यस्तै प्रवेशिका परीक्षामा ७० प्रतिशत भन्दा बढी उत्तीर्ण गराउने सरकारी माध्यमिक विद्यालयहरुका शिक्षकहरुलाई पुरष्कृत गर्ने व्यवस्था पनि गरेको छु । दलित जातजातिका विद्यार्थीहरुको लागि छात्रबृत्ति कार्यक्रम संचालन गरिने छ । यस्को लागि रु.२ करोड विनियोजन गरिएको छ । काठमाण्डौ स्थित जीर्ण अबस्थामा रहेको दलित वर्गको समाज कल्याण छात्रावासको मर्मत सम्भारको लागि पनि केही रकम व्यबस्था गरेको छु ।

१०७ देशका सबै जाति र समुदायको भाषा, साहित्य, कला एवं संस्कृतिको संरक्षण, सम्बर्द्धन र अन्वेषण गरी राष्ट्रियताको जगेर्ना गर्ने सिलसिलामा पुरातात्विक खोज, सांस्कृतिक एवं भाषिक अनुसन्धान कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ । ऐतिहासिक तथा सांस्कृतिक स्थल र क्षेत्रहरुको अन्वेषण तथा संरक्षण गर्नेतर्फ पनि पर्याप्त ध्यान पुर्‍याइने छ ।

१०८ हाम्रो धार्मिक तथा सांस्कृतिक परम्परामा जीवित देबीको रुपमा बाल्य अवस्थामा प्रतिष्ठित हुने गरेको कुमारीको लागि कुमारी अवस्थाबाट आफ्नो परिवारमा फर्के पछिको सामान्य जीवनयापनलाई सहज तुल्याउने हेतुले मासिक भत्ता रु.१ हजार उपलब्ध गराइने छ ।

१०९ उच्च शिक्षातर्फ त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय र निजी क्याम्पसहरु समेतको लागि साधारणतर्फ रकम विनियोजन गरिएको छ भने उच्च प्राविधिक जनशक्ति उत्पादनको लागि इन्जिरियरिङ्ग अध्ययन संस्थान, चिकित्सा शास्त्र अध्ययन संस्थान, कृषि तथा वन विज्ञान अध्ययन संस्थान जस्ता शैक्षिक संस्थानहरुलाई विकासतर्फ रकम विनियोजन गरिएको छ । साथै पूर्वाञ्चल विश्व विद्यालय संचालनकोलागि आवश्यक पूर्वाधार तयार गर्नसमेत रकम छुट्याइएकोछ ।

११० राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्न तथा त्यस्ता प्रतिभाहरुको स्मृतिलाई जीवन्त पार्न राष्ट्रिय स्मारक कोषको नाममा एउटा कोषको व्यवस्था गरिएको छ । यस कोषको लागि रु.१ करोड ६० लाख रकम विनियोजन गरिएको छ । यो कोषबाट दिवगंत राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्न गैह सरकारी संस्थाहरुले स्थापना गर्ने स्मारक तथा अन्य कार्यक्रमको लागि रकम उपलब्ध गराइने छ । यस कोषको संचालन कार्यविधि निर्देशिका तयार गरिने छ । यसको अतिरिक्त राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्न महत्वपूर्ण सार्वजनिक स्थल तथा संरचनाहरुको नामाकरण वंहाहरुको नामबाट गरिने छ । प्रत्येक विकास क्षेत्रका पांच जना साहित्यकर्मी र कलाकाहरुलाई पुरस्कृत गर्ने रकम पनि विनियोजन गरिएको छ ।

१११ शिक्षातर्फ अघि मैले उल्लेख गरे अनुसार प्राथमिक र माध्यमिक शिक्षाको लागि साधारणतर्फ छुट्याइएको रु.३ अर्व ६८ करोड ८ लाखको अतिरिक्त विकास खर्च अन्तर्गत रु.२ अर्व ४३ करोड ९२ लाख छुट्याएको छु जसमा खेलकूदको लागि रु. ४ करोड पनि समावेश भएको छ ।

११२ स्वास्थ्यतर्फ प्रत्येक गाउं विकास समितिसम्म आधारभूत स्वास्थ्य सुविधा पुर्याउन थप ६०० वटा उप स्वास्थ्य चौकीहरु स्थापना र संचालन गरिने छन् । यस आर्थिक वर्षमा २० वटा थप प्राथमिक स्वास्थ्य केन्द्रहरु स्थापना र संचालन गरिने छन् । आ.ब. २०५४।५५ सम्ममा अधिराज्यका सम्पूर्ण गाऊ विकास समितिहरुमा उप स्वास्थ्य चौकीबाट प्राथमिक र आधारभूत स्वास्थ्य सुविधा उपलब्ध हुने गरी विस्तार गरिने छ ।

११३ बालबालिका र ज्येष्ठ नागरिकहरु बिरामी पर्दा खर्चकै अभावले मात्र अत्यावश्यक उपचारबाट बन्चित हुन नपरोस् भन्ने हेतुले चालू वर्ष देखि वालोपचार र ज्येष्ठ नागरिक उपचार सहयोग सरकारी अस्पताल केन्द्र मार्फत उपलब्ध गराउन प्रारम्भ गरिने छ । यसको साथै अत्यावश्यक परेका बखत क्लिनिक सेवा उपलब्ध गराउने अभिप्रायले चौविस घण्टे क्लिनिक सेवा पनि प्रारम्भ गरिने छ । विशेषज्ञ चिकित्सहरुको सेवा आवश्यक पर्ने तर गाउं ठाउंहरुमा त्यस्तो सेवा उपलब्ध नहुंदा उपचार र निदान कार्यको अभावमा पीडित रहन पर्ने अवस्था हटाउन घुम्ती चिकित्सक टोलीको व्यवस्था कायमै राखिनेछ । धरानमा संचालित बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुरमा निर्माणाधीन बी.पी. मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पतालको सुदृढीकरण आदिको लागि पनि बजेट व्यवस्था गरिएको छ । स्वास्थ्य क्षेत्रतर्फ कूल रु.१ अर्व ५९ करोड ४६ लाख खर्च गर्न प्रस्ताव गरेको छु ।

११४ जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले खानेपानी उत्पादन बृद्धि, चुहावट नियन्त्रण, शहरी क्षेत्र खानेपानी तथा सरसफाइका कार्यक्रमहरु संचालन गरिने छन् । खानेपानी आयोजनाहरुबाट यस वर्ष ग्रामीण क्षेत्रमा थप १० लाख र शहरी क्षेत्रमा थप १ लाख गरी कूल ११ लाख जनसंख्यालाई खानेपानी सुविधा उपलव्ध हुने अनुमान गरिएको छ । खानेपानी सुविधाको विस्तार गर्न गैह सरकारी तथा निजी क्षेत्रको संलग्नतालाई समेत बढाउंदै लैजाने नीति अनुरुप ग्रामीण खानेपानी तथा सरसफाई कोष स्थापना गरिनेछ ।

११५ काठमाडौं उपत्यकाको खानेपानी समस्या दीर्घकालिन रुपमा समाधान गर्न मेलम्ची र कोड्कु खानेपानी आयोजनालाई आवश्यक साधन परिचालन गर्न उचित कदम लिइने छ । यी दुई आयोजनाको लागि रु.७ करोडको व्यवस्था गरिएको छ । पशुपति क्षेत्रमा बागमती नदीलाई यसमा मिसिने फोहर मैलाबाट मुक्त गरी स्वच्छ र सुरक्षित राख्ने उद्देश्यले गौरीघाट देखि तीलगंगासम्म करिव ३०० मिटर लामो टनेल र अलग्गै ढल निर्माण गर्ने कार्य संचालन गरिने छ । खानेपानीतर्फ रु. १ अर्व ७० करोड १ लाख छुट्याएको छु ।

११६ स्थानीय विकासतर्फ स्थानीय निकायहरुलाई साधन जिम्मेवारी र प्राविधिक सहयोगको समग्र प्याकेज उपलब्ध गराई ग्रामीण विकासको गतिमा तिव्रता ल्याउने कार्यक्रम संचालन गरिने कुरा माथि उल्लेख गरिसकेको छु । यसको लागि बजेटको व्यवस्था गरेको छु । काठमाडौं, ललितपुर, बीरगंज र विराटनगर नगरपालिकाहरु वाहेक अन्य ३० वटा नगरपालिकाहरुलाई शहरी विकास कोषबाट उपलब्ध गराइने ऋणको लागि म्याचिङ फण्ड स्वरुप प्रत्येक नगरपालिकालाई सरदर १० लाख र सालबसाली मर्मत गर्नुपर्ने ढल, शौचालय, सडक पुल पुलेसा आदि सानातिना मर्मत सुधारका कार्यहरु गर्न रु. ५ लाखका दरले अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

११७ जिल्ला विकास समितिलाई रु.५७ करोड, नगरपालिकालाई रु.६ करोड र ग्रामीण स्वावलम्वन कार्यक्रमको लागि रु.२ अर्व १ करोड ३६ लाख विनियोजन गरेको छु । ग्रामीण स्वावलम्वन कार्यक्रम अन्तर्गतको रकम प्रत्येक गाउँ विकास समिति मा गाऊ विकास कोष स्थापना गरी अनुदानको रुपमा उपलब्ध गराइने छ । यसको अतिरिक्त माननीय सांसदहरुले छनोट गरेको विकास कार्य कार्यान्वयन गर्न रु.९ करोड ७० लाख व्यवस्था गरेको छु ।

११८ काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा विगत केही समयदेखि जटिल समस्याको रुपमा रहेको फोहर मैलाको उचित व्यवस्थापन गरी यस समस्याको दिगो र स्थायी समाधान गर्न श्री ५ को सरकार संवेदनशील रहेको छ । स्थायी ल्याण्ड फिल साइटको विकास गर्न सडक निर्माण र अस्थायी ल्याण्ड फिल साइटको लागि अत्यावश्यक व्यवस्था गर्न रकम विनियोजन गरिएको छ । यसको लागि रु.२८ करोड व्यबस्था गरेको छु ।

११९ अधिराज्यका विभिन्न जिल्लाहरुमा बसोबास गर्ने उत्पीडित, दलित, उपेक्षित समुदाय र जनजातिको उत्थानको लागि आयबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गरिने छन् । यसको लागि रु.३ करोड ४० लाखको व्यवस्था गरेको छु ।

१२० एकिकृत ग्रामीण विकास परियोजनाहरुको माध्यमबाट स्थानीय जनताको सहभागितामा संचालन गर्ने गरी थप कार्यक्रमहरु समावेश गरिएका छन् । विपन्न ग्रामीाण महिलाहरुको जीवनस्तरमा सुधार ल्याउन गैर सरकारी संघ संस्थाहरुलाई समेत संलग्न गराई तालिम र आय आर्जनका कार्यक्रमहरु संचालन गरी उपलब्ध महिला शक्तिलाई विकास प्रकृयामा सकृय रुपमा सहभागी गराउंदै जाने उद्देश्यले महिला विकास कार्यक्रम ६७ जिल्लाहरुमा विस्तार गरिएको छ । यस वाहेक ग्रामीण महिला उत्पादन कर्जा उपलब्ध गराउने व्यवस्था पनि मिलाइएको छ । दुर्गम क्षेत्र विकास अन्तर्गत दुर्गम क्षेत्रका जनताका स्थानीय आवश्यकताहरु पुरा गर्न सहयोग पुग्ने गरी झोलुंगे पुल, खानेपानी, सिंचाइ, घोडेटो गोरेटो तथा लघु जलविद्युत कार्यक्रमहरु कार्यान्वयन गरिने छ । स्थानीय विकासतर्फ माथि उल्लेख गरिएका समस्त कार्यक्रमहरुको लागि रु.३ अर्व ८३ करोड ४७ लाख बजेट छुट्याइएकोछ ।

१२१ उपभोग्य वस्तु तथा सेवाहरुको मूल्य नियन्त्रण र आपूर्ति प्रणालीमा प्रभावकारिता ल्याउन सुपथ मूल्य पसल स्थापना र संचालनको कार्यक्रमलाई सहकारीताको माध्यमबाट संचालन गर्ने नीति लिइएको छ । देशका दुर्गम क्षेत्रमा खाद्यान्नको सुलभ आपूर्तिको व्यवस्थाको लागि नेपाल खाद्य संस्थान मार्फत खाद्यान्नको माग, आपूर्ति तथा मूल्यको अनुगमन कार्य सुचारु रुपले संचालन गरिने छ । इन्धन संचितिको निमित्त विभिन्न ठाउंमा इन्धन भण्डार निर्माणको कार्य नेपाल आयल निगम मार्फत गरिने छ । चालू आ.ब. मा आपूर्तितर्फ रु.८० करोड ९५ लाख विनियोजन गरिएको छ । यसमध्ये नेपाल खाद्य संस्थानलाई खाद्यान्नको मूल्य अनुदान र ढुवानी अनुदानको निमित्त रु. २३ करोड ४७ लाख व्यवस्था गरेको छु ।

१२२ श्रम शिर्षक अर्न्तगत जम्मा रु.७ करोड ७५ लाख विनियोजन गरेको छु । यसमध्ये कमैया प्रथा उन्मुलन कार्यक्रमको फलस्वरुप उन्मुक्त कमैया महिलाहरुलाई र श्रमजीवी महिलाहरुलाई तालीम अवधिमा मासिक भत्ता दिने र तालीम प्राप्त गरिसके पछि सीप सम्बन्धी अत्यावश्यक औजार समेत उपलव्ध गराईने छ । साथै तयारी पोशाक जस्ता स्थापित उद्योगहरुलाई आवश्यक सीप सिकाइ जनशक्ति तयार गर्ने काममा निजी क्षेत्रका उद्योगीहरुको संस्थागत रुपमा प्रायोजन गर्ने तालीम कार्यक्रमको आधारमा आर्थिक सहयोग उपलव्ध गराउन रकमको व्यवस्था गरेकोछु ।

१२३ देशको जनसंख्याको वृद्धिदर आर्थिक वृद्धि दर भन्दा उच्च रहेको छ । यी दुई वृद्धि दर वीच सामाञ्जयस्यता स्थापित गर्न नसके यसबाट देशमा खासगरी ग्रामीण क्षेत्रमा विद्यमान कुपोषण, उच्च शिशु मृत्यू दर, तथा वेरोजगारीको समस्या अझ जटिल हुंदै गएको छ । तसर्थ आगामी वर्षहरुमा आम जनताको सानो परिवारतर्फ रुची वृद्धि गर्ने, महिला शिक्षा, मातृ शिशु स्वास्थ्य तथा सीप विकास कार्यक्रमहरु संचालन गरिने छ । परिवार नियोजनको साधन देशको कुनाकाप्चामा सरल र सुलभ ढंगबाट उपलव्ध गराइने व्यवस्था मिलाइने छ । यो कार्यलाई सुचारु रुपले संचालन गर्न सामाजिक संस्थाहरुको सक्रियता र संलग्नतामा विकास गरिनेछ । हालै जनसंख्या तथा वातावरण सम्बन्धी एक छुट्टै मन्त्रालय पनि खडा भएकोले जनसंख्या गरिवी निवारण, वातावरण सम्बन्धी कार्यक्रम एकिकृत रुपमा संचालन गर्न अरु सजिलो हुनेछ भन्ने विश्वास लिइएको छ ।

१२४ आर्थिक वर्ष २०५०।५१ को यथार्थ आय व्यय, आर्थिक वर्ष २०५१।५२ को संशोधित आय व्ययको अनुमान र आर्थिक वर्ष २०५२।५३ को अनुमानित आय व्यय अनुसूचिहरुमा उल्लेख गरेको छु ।

१२५ माथि मैले प्रस्तुत गरेको साधारण र विकास गरी कुल खर्च रु.५१ अर्व ६४ करोड ७८ लाख ५ हजार वेहोर्न राजस्वको वर्तमान स्रोतबाट रु.३० अर्व ५० लाख र वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रु.५ अर्व ५५ करोड ९७ लाख २६ हजार र ऋण सहायताबाट रु.१२ अर्व २८ करोड ३० लाख ७९ हजार व्यहोरिने भै रु.३ अर्व ८० करोड न्यून रहेको छ ।

### च. राजश्व प्रशासनलाई सुदृढ, सक्षम, सरल र पारदर्शी बनाई आन्तरिक साधनको परिचालन बढाउने

**सभामुख महोदय,**

१२६ अव म राजस्व सम्बन्धी प्रस्तावहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२७ विश्व अर्थ व्यबस्था आर्थिक उदारीकरणतर्फ उन्मूख हुंदै गएको पृष्ठभूमिमा राजस्व नीतिलाई अन्तराष्ट्रिय प्रणालीसंग मिलान गर्दै समग्र आर्थिक स्थायित्व, दिगो आर्थिक वृद्धि तथा वित्तीय सन्तुलनमा जोड दिइने छ । उद्योग व्यबसायको विस्तारका साथै लगानी सुरक्षा, उत्पादन एवं रोजगारीका अवसरमा वृद्धि गर्ने र सामाजिक न्याय प्रदान गर्न सक्ने दिशामा राजस्व नीति लक्षित गरिने छ । यसको लागि राजस्व नीतिमा विश्वसनियता, सुनिश्चितता एवं लचकता र कर प्रणालीमा प्रकृयागत सरलता, स्पष्टता, विस्तृतता र पारदर्शिता आवश्यक भएको छ । करको दरहरु समायोजन गर्दा उद्योग, व्यापार र व्यवसायको संरक्षण तथा मूल्यमा पर्ने प्रभावलाई समेत ध्यान दिन आवश्यक हुन्छ ।

१२८ यस परिप्रेक्ष्यमा राजस्व परिचालन सम्बन्धमा प्रस्तुत बजेटले अवलम्वन गरेको नीति तथा सिद्धान्त म यहाँ संक्षेपमा उल्लेख गर्दछु :

- क. आन्तरिक श्रोतको परिचालनमा करको दायरालाई विस्तृत गरी करको संरचनालाई दीर्घकालिन स्थिरतातर्फ उन्मुख गराउने ।
- ख. स्वेच्छाले कर तिर्ने प्रवृत्तिको विकास गर्न र सामाजिक न्याय एवं अन्तर्राष्टि्रय प्रतिस्पर्धा समेतलाई दृष्टिगत गरी करका दरहरु कम गर्दै लैजाने ।
- ग. स्थानीय निकायहरुलाई राजस्व संकलनमा सहभागी बनाई स्थानीय श्रोतको परिचालनमा प्रभावकारिता ल्याउने ।
- घ. कर प्रशासनलाई सुदृढ, स्वच्छ, पारदर्शी, सक्षम, सरल र दक्ष बनाउने ।

१२९ समग्र राजस्व व्यबस्थाको सुधार प्रकृयालाई संस्थागत गर्नको लागि यसै वर्ष एक स्थायी “राजस्व वोर्ड” गठनको प्रस्ताव गरेको छु । उक्त वोर्डले नयाँ कर पद्दतिको खोजी, तिनको कार्यान्वयनको लागि चाहिने पूर्वाधारको विकास, विद्यमान कर तथा गैर कर प्रणालीको नियमित अनुगमन तथा यसमा आवश्यक सुधार एवं समायोजन र राजस्व नीति निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु ।

१३० अब म अप्रत्यक्ष कर प्रस्तावहरु प्रस्तुत गर्न चाहन्छु ।

१३१ स्वदेशी उद्योगलाई उपयुक्त संरक्षण प्राप्त हुन सकोस र आपूर्ति व्यवस्था पनि सुदृढ हुन सकोस् भन्ने उद्देश्यले भन्सारका दरहरुमा सामान्य संशोधन गरी समायोजन र निर्धारण गरेको छु । अन्तराष्ट्रिय वस्तुहरुको हार्मोनाइज्ड सिष्टममा आधारित वर्गीकरण पद्धति अनुसार विश्व भन्सार संगठनले गरेको संशोधनलाई समाहित गर्नुपर्ने हुँदा सोही बखत भन्सारका हालका दरहरुमा व्यापक अध्ययन र विश्लेषण गरी पुनरावलोकन गरिनेछ ।

१३२ कृषि उपजमा प्रत्यक्ष प्रयोग हुने कृषि ट्याक्टरको टायर र पशुले तान्ने गाडीको टायरमा दर घटाई ५ प्रतिशत मात्र भन्सार लाग्ने व्यबस्था गरेको छु । कृषकहरुले पैठारी गरेको कृषि कार्यमा प्रयोग हुने ट्याक्टरमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिइ त्यसमा लाग्ने बिक्रीकर पुरै छुट दिएको छु । यसका अतिरिक्त कृषकले पैठारी गर्ने धान तथा गंहु चुट्ने थ्रेसर र पंखीको पैठारीमा भन्सार तथा बिक्रीकर समेत नलाग्ने व्यबस्था गरेको छु ।

१३३ यस वर्ष जुटको उत्पादनमा कमी भएकोले जूट उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ स्वदेशमै उपलब्ध हुन नसक्ने देखिएकोले यस वर्ष पैठारी गरिने कच्चा जुटमा लाग्ने भन्सार तथा विक्रीकर छुट दिएको छु ।

१३४ दालचिनी, ल्वांग, जाइफल, अलैंची र सुकुमेल आदिमा लागि आएको भन्सार दरमा केही वृद्धि गरी विक्रीकर समेत लगाउने प्रस्ताव गरेको छु ।

१३५ भन्सारको प्रकृयागत सुधार गर्ने क्रममा भन्सार मूल्यांकनलाई यथार्थपरक र सरल बनाइने छ ।

१३६ भन्सारमा मालधनीको तर्फबाट एजेण्ट भै काम गर्ने व्यक्तिहरु हालसम्म दर्ता नभएकोले राजस्व छुट भै मालधनी पत्ता नलागेमा त्यस्तो छुट असूल गर्न नसकिने तथा मालबस्तुमा कुनै कैफियत देखिएमा सो को दायित्व निर्क्योल गरी कारवाही गर्न बिविधाजनक स्थिति सिर्जना हुने हुंदा सो को निराकरणको लागि भन्सार ऐन एवं नियमावलीले व्यबस्था गरे बमोजिम एजेण्ट दर्ता गर्ने व्यबस्थालाई यसै आर्थिक वर्ष देखि कार्यान्वयन गरिनेछ ।

१३७ भन्सार कार्यालयहरुको अधीनमा रहेको गोदामहरुलाई सुव्यबस्थित ढंगबाट संचालनार्थ यसै आर्थिक वर्षदेखि नेपाल पारवहन तथा गोदाम व्यबस्था कम्पनी, हवाइ कम्पनीहरु वा निजी क्षेत्रका अन्य कम्पनीहरुलाई सम्बन्धित भन्सार कार्यालयको नियन्त्रण रहने गरी क्रमशः हस्तान्तरण गर्ने प्रकृयालाई तीव्र गरिनेछ ।

१३८ त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा यात्रुहरुको सेवा र सुबिधाको लागि ग्रीन च्यानलको व्यबस्था गर्न अत्यावश्यक देखिएको हुंदा ६ महिनाभित्र आवश्यक पूर्वाधार खडा गरी लागू गरिने छ

१३९ भन्सारका दरहरु क्रमशः कम गरी यसलाई सरल, स्पष्ट र पारदर्शी बनाउने नीति अनुरुप बहुसंख्यक बस्तुहरुलाई ४ वटा दरमा वर्गिकरण गरेको छु । तर निश्चित वर्गवाट मात्र उपभोग गर्ने हल्का सवारी साधन, वियर, रक्सी, हातहतियार र खरखजना एवं चुरोट, पाइप टोबाको जस्ता विलासिताका केही बस्तुहरुका लागि भने छुट्टै ११० प्रतिशतको विशेष भन्सार महसुल दर प्रस्ताव गरेको र हल्का सवारी साधनमा लिईआएको थप महसूलको व्यबस्था खारेज गरेको छु ।

१४० अन्तःशुल्क समयमा नबुझाउँदा लाग्ने साविक देखि लागी आएको विलम्व दस्तुरलाई प्रतिदिन ०.१ प्रतिशत लिने गरी दर घटाएको छु ।

१४१ निम्नकोटीको मदिरामा हाल उत्पादन तर्फ समेत ठेक्का व्यबस्था रहेकोमा उत्पादन तर्फ औद्योगिकीकरण गरी बिक्री वितरण व्यबस्था मात्र ठेक्काबरा राजस्व उठाउने व्यबस्थाको लागि चालु वर्षमा अध्ययन  गरिने छ ।

१४२ बिक्रेतामा दर्ता भै कारोवार गर्न प्रोत्साहन दिने उद्देश्यले बिक्रीकरमा दर्ता नै नगरी आयात गरिने केही प्रमुख औद्योगिक कच्चा पदार्थहरुमा साविकमा लागि रहेको मार्कअपमा वृद्धि गरेको छु ।

१४३ त्यस्तै कम्प्रेसर, इमरजेन्सी लाइट, वाद्ययन्त्र, खेलौना आदिमा बिक्रीकरको दरमा वृद्धि गरेको छु ।

१४४ बिक्रीकरको दायरा वृद्धि गर्न सेवा उद्योगलाई पनि समेट्ने उद्देश्य अनुरुप विज्ञापन, कलर ल्याव, अटो सर्भिस, कुरियरमा साविकमा लागि रहेको बिक्रीकर व्यबस्थामा सुधार गरी लागू गरेको छु ।

१४५ अप्रत्यक्ष करका दरहरु परिवर्तन तथा प्रशासनिक सुदृढीकरणबाट थप रु ८५ करोड राजस्व परिचालन हुने अनुमान गरेको छु ।

१४६ भन्सार महसुल, अन्तःशुल्क तथा बिक्रीकरका दरहरु आजकै मितिदेखि लागू हुनेछ ।

**सभामुख महोदय,**

१४७ अब म प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव गर्दछु ।

१४८ आयकर, घरजग्गा कर र घर जग्गा वहाल करको दायरा फराकिलो पार्न कर क्षमताको सूचि (Tax Potential Index) बनाउने कार्य प्रारम्भ गरिने छ । कर छल्ने करदाताहरुलाई करको दायरा भित्र ल्याउन अभियानको रुपमा कार्यक्रम सञ्चालन गरिने छ । यसबाट प्रत्यक्ष करदाता संख्यामा कम्तीमा ५० हजार वृद्धि हुने अनुमान गरेको छु ।

१४९ मुनाफाको उद्देश्यले सञ्चालन गर्न चाहने विद्यालय, महाविद्यालयलाई सेवा उद्योगको रुपमा दर्ता गर्न आवश्यक कानून समेत सुधार गरिने कुरा माथि उल्लेख गरिसकेको छु । यस्ता विद्यालयहरुबाट समेत आयकरदाता संख्यामा वृद्धि हुने अनुमान गरेको छु ।

१५० हाल कर्पोरेट र साझेदारी फर्मको आयकर दर ३३ प्रतिशत कायम गरी व्यक्तिगत आयकरको उच्चतम दर ३० प्रतिशत मात्र कायम रहेकोमा यसबाट व्यबसायिक संगठनात्मक स्वरुपको छनौटमा करको दरवाट प्रभाव पर्ने देखिएकोले पारिश्रमिक वाहेक अन्य उद्योग, पेशा, व्यवसायबाट आर्जन गरेको आयमा ३३ प्रतिशतले कर लगाउने व्यबस्था मिलाएको छु ।

१५१ आयकर ऐनले विज्ञापन खर्च वापत बढीमा कूल आयको २ प्रतिशतसम्म खर्च मिन्हा दिई आएकोमा आजको अन्तर्राष्टित्रय प्रतिस्पर्धाको युगमा सो रकम पर्याप्त नहुने हुनाले यसै आर्थिक वर्षदेखि बिक्रीकर समेत तिर्नु पर्ने गरी रेडियो, टेलिभिजन, सिनेमाहल, पत्रपत्रिका मार्फत गरिएको विज्ञापन वापतको वास्तविक खर्च खूद आय कायम गर्दा पुरै कट्टा गर्न पाउने व्यबस्था गरेको छु ।

१५२ नेपालमा संचालित उद्योगहरुले अन्तर्राष्टित्रय प्रतिस्पर्धामा भाग लिई आफ्नो उद्योगबाट उत्पादित मालसामान नेपालमा द्विपक्षीय वा बहुपक्षीय सहयोगमा संचालन हुने आयोजनाहरुलाई परिवर्त्य विदेशी मुद्रामा विक्री गरेमा त्यस्तो बिक्री (Deemed Export) लाई निकासी गरे सरह मानी आयकर छुट दिइने छ । यसवाट स्वदेशी उद्योगहरुलाई प्रोत्साहन हुने विश्वास लिएको छु ।

१५३ बढ्दो शहरीकरणको कारणले वातावरणको प्रदूषणमा वृद्धि भएको हुंदा स्वच्छ वातावरणलाई प्रोत्साहन दिन हालसम्म डिजेलबाट चल्ने सबारी साधनको इन्जिन तरल प्रोपेन ग्यासबाट चल्ने गरी परिवर्तन गरेमा त्यस्तो सबारी साधनमा लाग्ने आयकर तीन वर्षको लागि छुट दिने व्यबस्था भएकोमा अब विद्युत वा व्याटत्रीबाट चल्ने गरी परिवर्तन गरेमा, निर्माण गरेमा वा पैठारी गरेमा समेत तीन वर्षको लागि आयकर छुट दिने व्यबस्था गरेको छु ।

१५४ पशुधनको संरक्षण तथा विकासको निमित्त काठमाण्डौं उपत्यका वाहिरका ग्रामीण क्षेत्रमा पशु चिकित्सकले निजी क्षेत्रमा खोल्ने पशु स्वास्थ्य केन्द्र तथा क्लिनिकबाट आर्जन गर्ने आम्दानीमा आय कर लाग्ने छैन ।

१५५ संपत्ति करको मूल्यांकन गर्दा हाल घर जग्गामा मात्र सीमित रहेतापनि संपत्तिकर खारेज नभएकोले दुविधा रहन गएको हुंदा घर जग्गा कर ऐन, २०१९ को व्यबस्थाबाट कर असूल गरिने गरी सम्पत्ति कर पूर्ण रुपले खारेज गरेको छु । साथै आर्थिक वर्ष २०४७।४८ देखिका वक्यौता सम्पत्ति करलाई घर जग्गा कर सरह कर तिरी फछ्यौंट गर्न सकिने विशेष व्यबस्था गरेको छु ।

१५६ संपत्ति करको मूल्यांकन गर्दा हाल घर जग्गामा मात्र सीमित रहेतापनि संपत्तिकर खारेज नभएकोले दुविधा रहन गएको हुंदा घर जग्गा कर ऐन, २०१९ को व्यबस्थाबाट कर असूल गरिने गरी सम्पत्ति कर पूर्ण रुपले खारेज गरेको छु । साथै आर्थिक वर्ष २०४७।४८ देखिका वक्यौता सम्पत्ति करलाई घर जग्गा कर सरह कर तिरी फछ्यौंट गर्न सकिने विशेष व्यबस्था गरेको छु ।

१५७ जग्गाधनी कृषकहरुलाई मालपोत तथा भूमिकर बुझाउन सजिलो होस भन्ने उद्देश्यले २०५२ माघ १ गतेदेखि सम्बन्धित गाउँ विकास समिति र नगरपालिकामा नै बुझाउन सकिने व्यबस्था समेत मिलाइएको छ । यसको लागि संलग्न हुने कर्मचारीहरुलाई तालीम दिने व्यबस्था समेत मिलाइने छ । त्यसरी मालपोत तथा भूमिकरबाट उठेको रकम मध्ये ७५ प्रतिशत सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकालाई र बांकी २५ प्रतिशत सम्बन्धित जिल्ला विकास समितिलाई उपलब्ध गराइने छ ।

१५८ यस वर्ष लागि आएको मालपोत तथा भूमिकरको दरमा १.५ (डेढ) विगाह वा २० रोपनीसम्म जग्गा हुने, ३ विगाहा वा ४० रोपनीसम्म जग्गा हुने र सो भन्दा माथि जग्गा हुने जग्गावालालाई तिर्नु पर्ने मालपोत रकममा क्रमशः ५०, २५ र १० प्रतिशत तथा शहरी क्षेत्रमा लागी आएको भूमि करमा ५ प्रतिशत छुट दिइएको छ । यस अनुसार तराईमा डेढ विगाहा अवल जग्गा हुने जग्गावालाले रु. १०।२० मालपोत तिर्नु पर्नेमा रु. ५।१० र पहाडतर्फ २० रोपनी अवल खेत हुने जग्गावालाले रु. १० मालपोत तिर्नु पर्नेमा रु. ५ मात्र तिरे पुग्ने गरी छुट दिइएको छ । आगामी वर्षहरुमा मालपोतको दर स्थानीय निकायहरुले तय गर्न सक्ने व्यबस्था मिलाइने छ ।

१५९	घर जग्गा रजिष्ट्रेशन तर्फ तीन पुस्ताभित्रका हकदारलाई दिइने वकस पत्रको लिखतमा पनि १५ प्रतिशत रजिष्ट्रेशन दस्तुर कायम गरिएकोमा सो घटाई ८ प्रतिशत र तीन पुस्ता बाहिरकालाई दिइने हालैको वकस पत्रमा अधिकतम दस्तुर ३० प्रतिशत लागीआएकोमा सो घटाई २० प्रतिशत कायम गरेको छु । साथै अरु वकस पत्र, छोड पत्र लगायत अन्य लिखतमा लाग्ने दस्तुरमा केही हेरफेर गरेको छु ।

१६०	उपर्युक्त प्रत्यक्ष करका दरहरुको परिवर्तन तथा प्रशासनिक सुधारवाट थप रु. ६७ करोड राजस्व परिचालन हुने अनुमान गरेको छु ।

१६१	चुंगीकरको व्यबस्थाले उद्योग, व्यापार तथा व्यवसायमा समेत विभिन्न समस्याहरु उत्पन्न भएकोले एकातिर चुंगीकर खारेज गर्न आवश्यक भएको तर चुंगीकरवाट नगरपालिकाहरुको आफ्नै श्रोतको करीव ८० प्रतिशत र संपूर्ण श्रोतको आधा भन्दा वढी हिस्सा रहेकोले यसको वैकल्पिक व्यबस्था गर्न आवश्यक भएको छ । नगरपालिका ऐन, २०४८ अनुसार चुंगीकर लागि आएकोले सो खारेज गर्न ऐनमा नै संशोधन गर्नुपर्ने हुँदा ऐन संशोधन गरी, नगरपालिकाहरुलाई स्थानीय विकास शुल्कबाट वैकल्पिक आयश्रोत उपलब्ध गराउने गरी यसै आर्थिक वर्षदेखि चुंगीकर खारेज गरिनेछ । यसको लागि तोकिएको मितिदेखि लागु हुने गरी पैठारीमै स्थानीय विकास शुल्क लगाउने प्रस्ताव गरेको छु ।

१६२	काठमाण्डौ उपत्यकाको लागि थप तथा भरपर्दो खानेपानीको आपूर्ति, सडक सुधार, ढल विकास, सरसफाई एवं प्रदूषण नियन्त्रण तथा पर्यावरण संरक्षणको लागि श्रोत परिचालन गर्न काठमाण्डौ उपत्यका विकास कोष खडा गरिने छ । यसको लागि "प्रदूषण गर्नेले तिर्ने" (Polluters to Pay) को सिद्धान्त अनुरुप काठमाण्डौ उपत्यकामा बिक्री हुने पेट्रोल तथा डिजेलमा नेपाल आयल निगमले श्रोतमै आफ्नो बिक्रीमूल्यमा प्रतिलिटर रु. ।५० पैसा थप गरी काठमाण्डौ उपत्यका विकास शुल्क स्वरुप लिइनेछ । यो शुल्क काठमाण्डौ उपत्यका विकास कार्यक्रम पूर्णरुपले तय भई कार्यान्वयन तहमा पुगेको अबस्थादेखि लागु हुने गरी तोकिने छ । यसबाट हुने आम्दानी र खर्चको विवरण पूर्णतया पारदर्शी हुने गरी सम्पूर्ण जनतालाई जानकारी गराइने छ ।

१६३	निजी क्षेत्रमा ट्रलिवस संचालन गर्ने उद्देश्यबाट उक्त सेवा उद्योग संचालन गरेमा औद्योगिक व्यवसाय ऐनले राष्ट्रिय प्राथमिकता उद्योगले पाए सरह अधिकतम आयकर छुट दिइने छ र यसको संचालनको लागि आवश्यक ट्रलिवस लगायत अरु उपकरण समेतको पैठारीमा औद्योगिक मेशिनरी सरह १ प्रतिशतमात्र महसुल लिई बिक्रीकर छुट दिने व्यबस्था गरिने छ ।

१६४	प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर बाहेक अन्य दरहरु यथावत राखेको छु । यसरी राजस्वको वर्तमान श्रोतबाट रु. ३० अर्व ५० लाख र कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. १ अर्व ६० करोड थप राजश्व उठ्ने अनुमान गरेकोछु ।

१६५	माथि पेश गरिएको व्यय विवरण अनुसार रु. ३ अर्व ८० करोडको न्यून पूर्ति गर्न कर परिवर्तन तथा प्रशासनिक सुधारबाट रु. १ अर्व ६० करोड परिचालित हुने भई बांकी रु. २ अर्व २० करोड खूद न्यून हुन जाने छ । उक्त न्यून रकम मध्ये बैंकिंग क्षेत्रबाट रु. ७५ करोड तथा गैर बैंकिंग क्षेत्रबाट रु. १ अर्व ४५ करोड आन्तरिक ऋण उठाई पूर्ति गरिने छ ।

**सभामुख महोदय,**

१६६	अव म प्रस्तुत बजेटले अवलम्वन गरेको नीति तथा कर सुधारबाट चालु आर्थिक वर्षमा हासिल गरिने प्रमुख आर्थिक लक्ष्यहरुको अनुमान प्रक्षेपित गर्दछु ।

१६७	चालु आर्थिक वर्षमा कूल गार्हस्थ उत्पादन (उत्पादन मूल्यमा) ६.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०५१।५२ मा राजश्व संकलन कुल गार्हस्थ उत्पादनको अनुपातमा ११.७ प्रतिशत भएकोमा चालु आर्थिक वर्षमा यो अनुपात १३.२ प्रतिशत पुग्ने अनुमान छ । चालु आर्थिक वर्ष सरकारी वित्तीय घाटा कुल गार्हस्थ उत्पादनको अनुपातमा ६.० प्रतिशत र कुल आन्तरिक ऋण परिचालन ०.९ प्रतिशत रही खूद आन्तरिक ऋण परिचालन ०.५ प्रतिशत मात्र कायम रहने अनुमान छ । प्रस्तुत बजेटमा श्री ५ को सरकारले बैकिङ्ग क्षेत्रबाट लिने खूद कर्जा शून्य रहन जाने हुंदा निजी क्षेत्रको आर्थिक कृयाकलाप विस्तार गर्न आवश्यक कर्जाको उपलब्धतामा वृद्धि हुन जाने छ भने यसबाट मुद्रा प्रदाय र मूल्य स्फितिमाथि नियन्त्रण गर्न सघाउ पुग्ने विश्वास गरिएको छ । यसरी चालु आर्थिक वर्षको अन्त्यमा मूल्य स्फिति वृद्धि दर ७ प्रतिशत र मुद्रा प्रदाय वृद्धि दर १२ प्रतिशत मात्र रहने अनुमान गरेको छु । प्रस्तूत बजेटले अवलम्वन गरेको सुधारहरुबाट प्रमुख आर्थिक परिसूचकहरुको स्थिति सकारात्मक हुने विश्वास लिएको छु ।

**सम्माननीय सभामुख महोदय,**

१६८	जनचाहना र आवश्यकतातर्फ परिलक्षित प्रस्तुत बजेटले नीतिगत स्पष्टता, संस्थागत क्षमताको विकास, विकास खर्च र साधनको उचित व्यबस्थापन र मौद्रिक सन्तुलनमा बिशेष ध्यान दिएको छ । यस बजेटलाई मैले आर्थिक उदारीकरण प्रकृया पुनः क्रियाशिल गरी बहुसंख्यक ग्रामीण जनता लाभान्वित हुने किसिमले व्यापकता प्रदान गर्ने, विकेन्द्रीकरणको सिद्धान्त

अनुरुप गाउँको अधिकार गाउँलाई नै प्रदान गरी ग्रामीण विकासलाई संस्थागत गर्ने, असहाय तथा उपेक्षित जनसमुदायका लागि आर्थिक एवं सामाजिक सुरक्षा प्रणालीको व्यवस्था गर्ने दिशातर्फ एक महत्वपूर्ण कडीको रुपमा लिएको छु । यसले संयुक्त सरकारको दिगो आर्थिक विकास र गरिवी निवारणप्रतिको प्रतिवद्धता जाहेर गर्दछ । हाम्रो आफ्नो तुलनात्मक लाभको आधारमा केही चुनिएका क्षेत्रहरुमा प्रतिस्पर्धात्मक क्षमता विकास गरी विश्व अर्थ व्यबस्थासंग आवद्ध हुने प्रतिवद्धता पनि यस बजेटले देखाएको छ । यसका प्रस्तावहरुको कार्यान्वयनबाट देशमा आर्थिक स्थिरता कायम हुने, उत्पादन, लगानी, निकासी र रोजगारीको वृद्धिको उत्साहप्रद वातावरण तयार हुने र मुलुकको राजनैतिक स्थायित्व एवं प्रजातान्त्रिक मूल्य र मान्यताको संरक्षणमा गहकिलो योगदान पुग्ने विश्वास लिएको छु । यस साझा अभियानमा देशका सम्पूर्ण राजनैतिक शक्तिहरुको सकृय सहभागिता र सहयोग प्राप्त भएमा बजेटले प्रतिपादित गरेको विकास दर्शन, लक्ष्य, नीति र कार्यक्रमलाई भविष्यमा एउटा स्पष्ट दिशाबोध दिन सघाउ पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

१६९ बजेटमा अवलम्वन गरिने नीतिगत सुधार कार्यक्रमहरुबाट विश्वव्यापीकरणको परिप्रेक्ष्यमा नेपालको अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय आर्थिक संरचनामा आवद्ध तथा प्रतिस्पर्धात्मक गराउन आवश्यक खुलापन तथा उदारपन आउने, मुलुकमा बजार पद्धतिको विकास हुन गई लगानीको निमित्त उपयुक्त वातावरण सिर्जना हुने र मुलुकको विकराल गरीवी निवारण गर्न सघाउ पुग्ने मैले विश्वास लिएको छु ।

१७० संयुक्त सरकारको गठन संगसंगै उद्यम तथा व्यवस्थापन क्षेत्रमा देखिएको उत्साह र आत्म विश्वासलाई प्रस्तुत बजेटले लिएको नीति तथा कार्यक्रमले थप वल प्रदान गर्ने र निजी क्षेत्रको सहभागितामा उत्साहप्रद वृद्धि हुनुको साथै सरकारी क्षेत्रको खर्चमा पनि प्रभावकारिता आउने मैले आशा लिएको छु ।

१७१ यो वर्ष हाम्रो निमित्त अति महत्वपूर्ण वर्ष हो । हामी सबै नेपाली **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव**को ५० औं वर्ष पुगेको सुअवसरमा स्वर्ण शुभ जन्मोत्सव मनाइरहेका छौं । यस सुअवसरमा राष्ट्रको आर्थिक विकासका लागि स्पष्ट नीतिगत आधारहरु निर्माण गरी दिगो आर्थिक विकासको यात्रामा देशले महत्वपूर्ण खुट्किला पार गर्नेछ भन्ने कुरामा विश्वास लिएको छु ।

१७२ प्रस्तुत बजेट तर्जूमा गर्ने कार्यमा सघाउ पुर्याउने माननीय सांसदहरु, वुद्धिजीवी, उद्योगपति, व्यापारी, पत्रकार मित्रहरु तथा विभिन्न पेशाका संघ, संगठनका प्रतिनिधिहरुले दिनु भएको सुझाव र सल्लाहको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु । सम्पूर्ण नेपालीहरु तथा माननीय सांसदहरुको सहयोग र समर्थनले बजेटलाई अपेक्षित सफलता हासिल गर्न मद्दत पुग्ने मैले विश्वास लिएको छु ।

१७३ नेपालको विकास प्रयासमा सहयोग पुर्याउँदै आएका सबै मित्र राष्ट्र तथा दातृ संस्थाहरुलाई पनि म यस अवसरमा धन्यवाद दिन चाहन्छु ।

Effu :- !

अनुसूची १

## आय व्ययको विवरण

रु. हजारमा

| विवरण | आ.ब. ०५०।५१ को यथार्थ | आ.ब. ०५१।५२ को संशोधित अनुमान | आ.ब. ०५२।५३ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | ३१३३४९८० | ४१४९४६३२ | ५२८९४५६४ |
| साधारण तर्फ | १२४०९२३३ | १९३९२६८७ | २२३४२८४० |
| विकास तर्फ | १८९२५७४७ | २२१०१९४५ | ३०५५१७२४ |
| खर्च व्यहोर्ने श्रोतहरु | २१९७४४५५ | २८५६४६०२ | ३७१९३३०६ |
| राजश्व | १९५८०७९३ | २४७०४४४९ | ३१७८२८५१ |
| राजश्वको वर्तमान श्रोतबाट | - | - | ३०६८२८५१ |
| कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | - | - | ११००००० |
| बैदेशिक सहायता (अनुदान) | २३९३६६२ | ३८६०१५३ | ५४१०४५५ |
| द्विपक्षीय | १७५८२३९ | ३१८७२३० | ४५४१५३० |
| बहुपक्षीय | ६३५४२३ | ६७२९२३ | ८६८९२५ |
| बचत (+) न्यून (−) | -९३६०५२५ | -१२९३००३० | -१५७०१२५८ |
| न्यून पूर्ति गर्ने श्रोतहरु | | | |
| विदेशी सहायता (ऋण) | ९१६३६३४ | ११०८०१८३ | १३४०१२५८ |
| द्विपक्षीय | १५३८१७४ | २९३०१३ | १०९६७०० |
| बहुपक्षीय | ७६२५४६० | १०७८७१७० | १२३०४५५८ |
| आन्तरिक ऋण | १८२०००० | १८५०००० | २३००००० |
| बैकिङ्ग क्षेत्र | १०००००० | १२७०००० | १३००००० |
| गैर बैकिङ्ग क्षेत्र | ८२०००० | ५८०००० | १०००००० |
| नगद मौज्दातमा परिवर्तन (− बचत) | -१६२३१०९ | -१५३ | - |

राजश्व अनुमान
आर्थिक बर्ष २०५२/५३

अनुसूची २
रु.हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१.० | बैदेशिक ब्यापारमा आधारित वस्तुगत कर | ८२२०००० | २४०००० | ८४६०००० |
| १.१.१.१० | पैठारीबाट | ६८९७५०० | ३४०००० | ७२३७५०० |
| १.१.१.२० | समिकारक महसुल | ४५००० | ० | ४५००० |
| १.१.१.३० | भारतीय अन्तःशुल्क फिर्ता | ९३०००० | ० | ९३०००० |
| १.१.१.४० | निकासी महसुल | ५०००० | ० | ५०००० |
| १.१.१.५० | निकासी सेवा शुल्क | २८७५०० | -१००००० | १८७५०० |
| १.१.१.६० | भन्सारको अन्य आय | १०००० | ० | १०००० |
| १.१.२.० | वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत | ११५५५००० | ३२०००० | ११८७५००० |
| १.१.२.१० | विक्री कर | ८७००००० | १३०००० | ८८३०००० |
| १.१.२.११ | उत्पादन | २२४०००० | १०००० | २२५०००० |
| १.१.२.१२ | पैठारी | ५६५०००० | ७०००० | ५७२०००० |
| १.१.२.१३ | विक्री वितरण | २००००० | ० | २००००० |
| १.१.२.१४ | सेवा | ६१०००० | ५०००० | ६६०००० |
| १.१.२.२० | अन्तःशुल्क | १६५०००० | १६०००० | १८१०००० |
| १.१.२.२१ | चुरोट | ७९०००० | ४०००० | ८३०००० |
| १.१.२.२२ | विडी | २०००० | ० | २०००० |
| १.१.२.२३ | उच्चकोटीको मदिरा | २७०००० | ४०००० | ३१०००० |
| १.१.२.२४ | निम्न कोटीको मदिरा | १६०००० | ० | १६०००० |
| १.१.२.२५ | वियर | ३१०००० | ४०००० | ३५०००० |
| १.१.२.२६ | अन्य औद्योगिक उत्पादन | १००००० | ४०००० | १४०००० |
| १.१.२.३० | ठेक्का कर | ४८०००० | ० | ४८०००० |
| १.१.२.४० | मनोरञ्जन कर | ७५००० | ३०००० | १०५००० |
| १.१.२.५० | सवारी साधन कर | १००००० | ० | १००००० |
| १.१.२.६० | होटेल कर | २५०००० | ० | २५०००० |
| १.१.२.७० | हवाइ उडान कर | ३००००० | ० | ३००००० |
| १.१.२.७१ | आन्तरिक हवाई उडान कर | ३०००० | ० | |
| १.१.२.७२ | वाह्य हवाई उडान कर | २७०००० | ० | |
| | अप्रत्यक्ष कर जम्मा | १९७७५००० | ५६०००० | २०३३५००० |
| १.१.३.० | आयकर | ३७००००० | ३००००० | ४०००००० |
| १.१.३.१० | संस्थागत आय | १७५५००० | १५५००० | १९१०००० |
| १.१.३.११ | सरकारी प्रतिष्ठानहरु | ६००००० | ० | ६००००० |
| १.१.३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | ४५०००० | ० | ४५०००० |
| १.१.३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ७०५००० | १५५००० | ८६०००० |
| १.१.३.२० | व्यक्तिगत आय कर | १७१०००० | १४५००० | १८५५००० |
| १.१.३.२१ | पारिश्रमिक | २०५००० | -५००० | २००००० |
| १.१.३.२२ | उद्योग, व्यापा, पेशा तथा व्यवसाय | १५०५००० | १५०००० | १६५५००० |
| १.१.३.३० | घर जग्गा बहाल कर | १०५००० | ० | १०५००० |
| १.१.३.४० | ब्याज कर | १३०००० | ० | १३०००० |
| १.१.४.०० | घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर | ९३५००० | १७०००० | ११०५००० |
| १.१.४.१० | मालपोत | ४५००० | ० | ४५००० |
| १.१.४.२० | भूमिकर | ५००० | ० | ५००० |
| १.१.४.३० | घर जग्गा रजिष्ट्रेशन | ८५०००० | १०५००० | ९५५००० |
| १.१.४.४० | घर जग्गा कर | ३५००० | ६५००० | १००००० |
| | प्रत्यक्ष कर | ४६३५००० | ४७०००० | ५१०५००० |
| | कर राजश्व जम्मा | २४४१०००० | १०३०००० | २५४४०००० |
| १.१.५.०० | दस्तुर तथा शुल्क | ८५०००० | ० | ८५०००० |
| १.१.५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ५०००० | ० | ५०००० |
| १.१.५.२० | एजेन्सी रजिष्ट्रशन दस्तुर | १००० | ० | १००० |
| १.१.५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ४००० | ० | ४००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.५.४० | सवारी इजाजत दस्तुर | ७०००० | ० | ७०००० |
| १.१.५.५० | निकासी पैठारी इजाजत दस्तुर | १५००० | ० | १५००० |
| १.१.५.६० | परीक्षा दस्तुर | २०००० | ० | २०००० |
| १.१.५.७० | पासपोर्ट दस्तुर | ३००००० | ० | ३००००० |
| १.१.५.८० | पर्यटन शुल्क | ३५०००० | ० | ३५०००० |
